के हुनुपर्छ हाम्रो जलविद्युत विकासको रणनीति ?


# मूल्याङ्कन

मूल्य रु. १५।-
(भारतमा भा.रु. १२।-)

पूर्णाङ्क ४९
साउन-भदौ, २०५४



माओवादी "जनयुद्ध" बारे माओवादी समर्थकलाई जवाफ !



३० वर्षपछि चेको अस्थिपञ्जर फेला पऱ्यो !



ल्याटिन अमेरिकामा चे ग्वेभारा लहर !

मध्य पश्चिमको महत्वपूर्ण राजनीतिक केन्द्रबिन्दु नेपालगञ्जको

# नेपालगञ्ज नगरपालिकामा

ने.क.पा. (एमाले) लाई ऐतिहासिक विजय प्रदान गर्नु हुने
नगरवासीहरूमा हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।



**प्रमुख**
**धवलशम्शेर राणा**



**उपप्रमुख**
**समसुद्दीन सिद्दिकी**

---

न्याय, स्वतन्त्रता र समानताको पक्षपाती तथा
स्थानीय विकासमा प्रतिबद्ध ने.क.पा. (एमाले)लाई

# महेन्द्रनगर नगरपालिकामा

अभूतपूर्व विजय प्रदान गर्नु हुने
सम्पूर्ण महेन्द्रनगर नगरवासीहरूमा
हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

**प्रमुख**
**सूर्यबहादुर कुँवर**

**उपप्रमुख**
**ईश्वरी खरेल**

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १५, पूर्णाङ्क ४९
२०५४, साउन-भदौ



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९,
फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं




**३० वर्षपछि क. चेको अस्थिपञ्जर फेला पर्‍यो !**

## ल्याटिन अमेरिकामा चे ग्वेभारा लहर !

क. चेको नाममा हालै ल्याटिन अमेरिकामा उर्लिएको लोकप्रियताको लहरको चित्रणसहित !

*अस्थिपंजरको खोजी र प्राप्तिको अन्तरंग कथा !!* ६

## के हुनुपर्छ हाम्रो जलविद्युत विकासको समग्र योजना र रणनीति ?

इन्जिनियर विकास पाण्डे र जलस्रोतविद्हरु दीपक ज्ञवाली एवं अजय दीक्षितका बीच सम्पन्न अन्तर्क्रियाको अन्तिम रिपोर्ट ! २६

माओवादी 'जनयुद्ध' बारे मूल्यांकनमा प्रकाशित समीक्षाबारे

## प्रतिक्रियामाथिको, प्रतिक्रिया

मूल्यांकनको अंक ४७ मा क. रवीन्द्र श्रेष्ठले 'जनयुद्ध'को पक्षमा व्यक्त गर्नु भएका विचारहरूलाई श्याम श्रेष्ठको जवाफ ! १८


**हाम्रो मूल्याङ्कन** ४
खबरदार ! नेपाललाई फेरि पञ्चायती राज्य -आतंक र राज्यहिंसातिर धकेलिँदैछ ?!

**आवरण कथा**
३० वर्षपछि क. चेको अस्थिपञ्जर फेला पर्‍यो ! ६

**घटना र प्रवृत्ति**
प्रस्तावित कालो ऐन के भन्छ ? ५
२०४२ सालको कालो ऐन के भन्छ ? ५
हिमताल के हो ? च्छो रोल्पा हिमतालको यथार्थ कस्तो छ ? -गणेश खत्री ११
क. तुल्सीलाल अमात्यको निधन ३६
महाश्वेतादेवी पुनः पुरस्कृत ३६

**अन्तर्क्रिया**
के हो महाकालीको विकल्प ? (अन्तिम भाग) २६

**विश्व कम्युनिष्ट आन्दोलन**
नर्वे र युरोपमा कसरी बढ्दैछ कम्युनिष्ट आन्दोलन ? १३
मंगोलियामा पूँजीवादीहरूको नराम्रो हार १५

**जीवनको झाँकी**
जर्मन कम्युनिष्ट नेता थेलमानको जीवनको झाँकी २२

**नीति/संस्कृति**
के अध्ययन भन्न नपाई अध्ययनवाद नै बुझिन्छ ? -चन्द्रदेव नेपाली ३१

**अर्थतन्त्र**
नेपाललाई इथियोपिया र सोमालिया त बनाउँदैन यो बजेटले ? ३२

**आँखीझ्याल**
नग्नताको संस्कृति र कहालीलाग्दो दृश्य -राजेन्द्रप्रसाद अधिकारी १६

**अचेल**
क. नरबहादुर कर्माचार्यसँग कुराकानी २४

**प्रेरक प्रसंग**
लेनिनको त्यो मुस्कान २१

**साहित्य**
बागी र देउता
खगेन्द्र संग्रौलाको कथा ३४
अस्थिपञ्जर नं. २
राजकुमार के.सी.को कविता ९

**विचारमञ्च**
स्थानीय निकायहरूमा निर्वाचित वाम जनप्रतिनिधिहरूको काम र कार्यशैली कार्यशैली अरूको भन्दा भिन्न कसरी हुन सक्छ ? ४१

**पाठकको कुरो** ४२



आवरणमा: **क. चे ग्वेभारा इन्सेटमा: हालै फेला परेको क. चे ग्वेभाराको अस्थिपञ्जर** (फोटो: **टाइम**)
आवरण सज्जा: **माइक्रोचिप्स**/कलाकारहरू: **लक्ष्मण भूजेल, जि.डि. साह, यति आर्ट, पुतलीसडक**
कम्प्युटर सेटिङ्: **सहदेव खाकी,** *माइक्रोचिप्स कम्प्युटर सर्भिस,* **पुतलीसडक, सम्पर्क फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार**

# खबरदार ! नेपाललाई फेरि पञ्चायती राज्य आतंक र राज्यहिंसातिर धकेलिंदैछ ?!

एमालेको बहुमत रहेको र राप्रपाको प्रधानमन्त्रीत्व रहेको बर्तमान गठबन्धन सरकारले देशमा फेरि धमाधम पञ्चायतकालीन काला ऐनहरूको ओइरो लगाउन थालेको छ ।

जनआन्दोलनलाई दवाउन भनी आन्दोलनको पूर्वसन्ध्यामा ल्याइएको पञ्चायतकालीन सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई अहिले फेरि क्रियाशील पारिएको छ । यो ऐनअनुसार, नेपालको सार्वभौम नागरिकलाई सरकारको एउटा नोकरशाहले सनक चढेको भरमा कुनै पनि ठाउँमा तीन महिनासम्म नजरबन्द राख्न सक्छ, एक महिनासम्म कुनै ठाउँ नछोड्ने आदेश दिन सक्छ, तुरून्तै कुनै पनि ठाउँ छोड्न आदेश दिन सक्छ, कुनै पनि ठाउँमा प्रवेश गर्नमा रोक लगाउन सक्छ । र, नोकरशाहको यो आदेशविरूद्ध कुनै पनि अदालतमा मुद्दा लाग्दैन ।

अझ, त्योभन्दा पनि धेरै र खतरनाक कुरो प्रस्तावित आतंकवादविरोधी विधेयकले ल्याउन खोजेको छ, जसलाई यही साउनको दोस्रो हप्तामा मन्त्रीपरिषद्ले पास गरेको बुझिएको छ र अब संसदमा अनुमोदनको लागि यो पेश गरिँदैछ । यो विधेयक संसदबाट पास भयो भने प्रशासन, प्रहरी र सेनाले शंका लागेको भरमा कुनै पनि नागरिकलाई बिना वारेण्ट पक्राउ गर्न सक्नेछ, बिना सूचना कुनै पनि ठाउँमा कुनै पनि बेला खानतलासी लिन सक्नेछ, त्यसमा बाधा विरोध गरियो भने बल प्रयोग गर्न सक्नेछ । र, यतिसम्म कि, 'आतंककारी भाग्न लाग्यो' भनेर गोली समेत ठोक्न सक्नेछ ।

यो ऐन बन्यो भने- नेपालमा सिडियो, पुलिस र सेनाको भयावह राज्य आतंक र मनपरीतन्त्र कायम हुनेछ, पञ्चायतकालमा जस्तै । कसैको पनि जीवन सुरक्षित हुने छैन । शंकाको भरमा कसैलाई पनि गिरफ्तार गर्ने र 'भाग्न लाग्यो' भनेर गोली ठोक्ने अधिकार पुलिस र सेनालाई भएपछि नागरिकहरूको जीवन भनेको जतिखेर मनलाग्यो, उतिखेर मार्न हुने झिंगा माकुरोको जीवनसरह हुनेछ । देशमा यसले राज्य हिंसाको बाढी नै ल्याउने छ । र, घोषणा नगरिकन शान्तिपूर्वक र चूपचाप नेपाल पञ्चायती तानाशाहीतिर फर्कनेछ । नेपाली जनताले तीस तीस वर्षसम्म लडेर र धेरै रगतको मूल्य चुकाएर ल्याएको बहुदलीय प्रजातान्त्रिक संविधान कागजको खोस्टोमा परिणत हुनेछ । किनकि, परिवर्तित स्थितिमा निर्वाचित संसद र सरकार सर्वशक्तिमान बाँकी रहने छैनन्, सर्वशक्तिमान हुनेछ- मिलिटरी र प्रहरीयन्त्र, जसमाथि अहिले पनि दरबारकै प्रभाव-पकड बाँकी छ ।

देशमा बहुदलीय व्यवस्था रहँदा रहँदै पनि प्रतिक्रियावादीहरूका निम्ति घुमाउरो पाराले दरवारको हालीमुहाली कायम गर्ने सर्वश्रेष्ठ बाटो यही हो । त्यसैले दरवारले राप्रपा र सैनिक संयन्त्रमार्फत् दवाब दिएर देउवा सरकारकै पालामा देउवाको कुर्सी मोहलाई साधन बनाएर यो विधेयक संसदमा ल्याउन खोजेको थियो । तर त्यतिखेर एमालेको चर्को विरोधको कारणले यो दुष्प्रयत्न सफल हुन सकेन । अहिले दरवारले साधन बनाउन खोजेको छ- एमालेकै कुर्सीमोहलाई । एमालेसमेतकै हातबाट यो ऐन ल्याउन सकियो भने, यसको विरोध गर्ने सशक्त र ठूलो शक्ति मैदानमा बाँकी रहनेछैन, ?सानालाई त जर्बजस्ती किचुकाच पार्न सकिहालिन्छ- यही हिसाबकिताब गरेर दरवार यतिखेर एमालेका नेता बामदेव गौतमकै गृह मन्त्रालयमार्फत् यो विधेयक चलाखीपूर्वक संसदमा पेश गर्ने तयारी गर्दैछ ।

> एमाले केन्द्रीय समितिले सख्त रोक लगाउँथ्यो भने बामदेव एक्लैले यस्तो ऐन ल्याउने साहस गर्थे ? क्याबिनेटका अरु एमाले सदस्यहरुले मान्थे ?

यस्तो देखिन्छ, सिर्फ बामदेवहरूको कुर्सी मोहले मात्र यो प्रक्रिया अघि बढेको छैन । एमालेभित्र नेतृत्वमा एउटा तप्का छ, जो बामदेवपक्षले पहिले ठूलोभन्दा ठूलो र धेरैभन्दा धेरै गल्ती नै गरोस्, ऊ सकेसम्म बेसी र सकेसम्म छिटो बदनाम नै होस्, अनि 'देखाउँला' भन्ने मनसाय राख्छ । पार्टीभित्रको कुर्सी द्वन्द र कुर्सी स्वार्थबाट यो मनसाय पैदा भइरहेको प्रतीत हुन्छ । त्यसैले, एमालेका केही नेताहरू एकातिर यतिखेरै आफ्ना पत्रपत्रिकामार्फत् यो विधेयकको धुँवाधार विरोध पनि गराइरहेका देखिन्छन्, अर्कोतिर, यतिखेरै पार्टीको स्थायी समितिले नै यस्तो ऐन ल्याउने सहमति पनि गृहमन्त्रालयलाई प्रदान गरेको बुझिन्छ । अन्यथा, एमाले केन्द्रीय समितिले यस्तो कालो ऐन ल्याउन सख्त रोक लगाउँथ्यो भने बामदेव एक्लैले पार्टीको आदेश विपरीत यस्तो ऐन ल्याउने साहस गर्थे ? उनले साहस गरेपनि क्याबिनेटका अरू एमाले सदस्यहरूले मान्थे ?

अर्कोतिर, आफूलाई प्रजातन्त्रको पहरेदार दावी गर्ने नेपाली कांग्रेस कुर्सीकै स्वार्थले यो कालो ऐनलाई झटपट स्वागत गर्न फूलामाला लिएर बसेको देखिएको छ । एमालेजस्तै उसको विश्लेषण पनि यस्तो देखिन्छ मानौं, अबको नेपालको शासक भनेको कांग्रेस मात्रै हुनेछ, अरू हुनेछैन । त्यसैले, यो ऐन त बनोस्, बस्, अरूलाई लट्ठीको भरले अरू सबैलाई तह लाउने र आफू निष्कण्टक चक्रवर्ती राज्य गर्ने अवसर आउनेछ !

कुर्सी स्वार्थले मान्छेलाई र पूरै एउटा दललाई समेत कतिसम्म अन्धो र मूर्ख बनाउँदो रहेछ, त्यसको ज्वलन्त उदाहरण अहिलेको नेपाल भइरहेको छ ।

हामीलाई लाग्छ- यो विधेयक ऐन बन्यो भने सिंगै देश अघोषित रूपमा २०१७ सालपछिको अँध्यारो दिनतिर धकेलिनेछ । यसबाट राप्रपाबाहेक सबै पार्टीहरूलाई चर्को असर पर्नेछ, तर सबैभन्दा बेसी असर पर्नेछ- एमाले र कांग्रेसलाई । किनकि, उनीहरूको संगठन नै सबैभन्दा ठूलो छ र देशभरि फैलिएको छ । माओवादीमाथि दमन गर्ने बाटो खुला गर्न भनेर यो विधेयक ल्याउने जमर्को गरिएको छ । माओवादी त कुनै पनि बेला मर्न-मार्न तयार भएर जनयुद्ध सञ्चालन गर्दैछ । राज्यदमन उसले अहिले नै चर्को रूपमा व्यहोर्दैछ । त्यसैले यसले सबैभन्दा धेरै थप फरक पार्नेछ- खुला रूपमा राजनीति गर्नेहरूलाई । यो ऐन कांग्रेसको खुमबहादुरको हातमा पर्‍यो भने, उसले एमाले र अन्य सबै वामपन्थी सिध्याउने अभियान कानूनतः सञ्चालन गर्ने छ कि छैन ? यो ऐन राप्रपाका सूर्यबहादुरहरूको हातमा पर्‍यो भने थुप्रै सिन्धुली काण्ड, पिस्कर काण्ड र छिन्ताङ काण्ड जन्माउने छ कि छैन ? थुप्रै रत्नकुमारहरू, रजनहरू, क्या. यज्ञबहादुरहरू, रामलक्ष्मण र सरोज कोइरालाहरू फेरि पनि बन्दूकको शिकार हुने छन् कि छैनन् ?

के एमाले र कांग्रेस नेतृत्वले यो ऐनले ल्याउने भावी कोतपर्व र भण्डारखाल पर्व जस्तो भयंकर प्रतिफल राम्ररी सोचेको छ ? हामी जरूरी ठान्दछौं- उनीहरूले यो बारेमा तुरून्तै र गम्भीरतापूर्वक सोचून् । अन्यथा, उनीहरूकै चरम कुर्सी-स्वार्थले जन्माएको अन्धता र मूर्खताले देश जंगबहादुरको युगतिर धकेलिनेछ, जहाँ सिंहासनमा निरंकुश सत्ता मात्रै हुनेछ, विरोध गर्ने प्रतिपक्ष कोही बाँकी रहने छैनन् ।

देश यी दुई ठूला पार्टीहरूको मात्र होइन, देश अरू पार्टीहरूको पनि हो र देश मूलतः जनताको हो । यो ऐन व्यवहारमा आयो भने, सिंगै जनता उत्पीडित हुनेछन् र देश सिंगै यस्तो स्थान बन्नेछ- जहाँ जनतासित कर्तव्य मात्रै हुनेछ, अधिकार बाँकी रहनेछैन । त्यसैले, चाहे जुनसुकै पार्टीमा रहेका वा नरहेका किन नहुन्, देशका सम्पूर्ण प्रजातन्त्रप्रेमी जनता एकढिक्का भएर यी काला कानूनहरूलाई व्यवहारमा आउनबाट रोक्नु परेको छ । हामीले भन्नु परेको छ- खबरदार ! नेपाली जनता सुतेका छैनन् । जसले यस्ता काला कानूनहरू ल्याउने जमर्को गर्छ, ती सबैलाई त्यसरी नै थान्को लाइनेछन्, जसरी पञ्चायतलाई २०४६ सालमा थान्को लगाइएको थियो । ◉

# हाल प्रस्तावित कालो ऐन के भन्छ ?

## आतंककारी र विध्वंसात्मक अपराध भन्नाले अहिलेको विधेयकमा के के बुझिन्छ ?

(२) (क) आतंकवादी तथा विध्वंसात्मक अपराध भन्नाले देहाय बमोजिम कार्य भन्ने सम्झनु पर्छ

(१) नेपाल अधिराज्य वा त्यसको कुनै भागको सुरक्षा, शान्ति र व्यवस्था वा शासन व्यवस्थामा खलल वा आघात पार्ने उद्देश्यले कुनै प्रकारको हातहतियार, बम वा विस्फोटक पदार्थ प्रयोग गरी कुनै स्थानको सम्पत्ति तोडफोड गर्ने वा त्यस्तो स्थानमा मानिसको जिउज्यान जाने, अंगभंग हुने वा चोटपटक लागी घाइते तुल्याउने कार्य वा आगो लगाउने वा अन्य कुनै प्रकारले शारीरिक वा मानसिक क्षति पुर्‍याउने कार्य वा सार्वजनिक उपभोगको वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जिउ ज्यान जाने वा अंगभंग हुने वा अन्य क्षति पुर्‍याउने वा माथि उल्लेखित कुनै कार्य गरी त्यस्तो कार्यद्वारा सर्वसाधारणलाई वा आवातजावात गर्ने वा भेला हुने व्यक्तिलाई आतंकित तुल्याउने वा त्यस्तै अन्य कुनै कार्य गर्ने, वा

(२) उपखण्ड (१) बमोजिमको उद्देश्यको निमित्त सो उपखण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै उपकरण वा पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जिउज्यान लिने, अंगभंग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारीको साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतंकित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधनसहित वा साधनरहित अपहरण गर्ने वा त्यस्तो कार्यको षड्यन्त्र वा उद्योग गर्ने वा दुरुत्साहन दिने वा त्यस्तो कार्यद्वारा आतंकित तुल्याउने, वा

(३) उपखण्ड (१) र (२) बमोजिमको उद्देश्यले कुनै प्रकारको हातहतियार वा बम वा विस्फोटक पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, राख्ने, ओसारपसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिँड्ने वा जडान गर्ने वा त्यस्तो कार्यमा सघाउ पुर्‍याउने, वा

(४) माथिका उपखण्डहरूसँग सम्बद्ध अन्य कुनै प्रकारले व्यक्ति वा सम्पत्तिलाई क्षति पुर्‍याउने नियतले सार्वजनिक जनजीवनमा भय वा त्रासको आतंक फैलिने गरी गरिएको अन्य कुनै पनि कार्य ......... ।

### आतंकवादी तथा विध्वंसात्मक अपराध रोक्ने विशेष अधिकार

(४) आतंकवादी तथा विध्वंसात्मक अपराध रोक्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त गर्ने अधिकारीले देहायको कुनै वा सबै काम गर्ने आदेश दिन सक्नेछः-

(क) आतंकवादी तथा विध्वंसात्मक अपराध कार्यमा संलग्न भएको छ भनी शंका लागेका व्यक्तिलाई यथासम्भव चाँडो पूर्जी दिई पक्राउ गर्ने,

(ख) अवैध हातहतियार, खरखजाना, बम, विष्फोटक पदार्थ राखेको छ वा त्यस्तो कुरा वा आतंकवादीसँग सम्बन्धित कुनै शंकास्पद व्यक्ति लुकी छिपेको छ भन्ने लागेमा जुनसुकै व्यक्तिको घर, पसल, गोदाम, यातायातको साधन वा अन्य कुनै स्थानमा सूचनाबिना जुनसुकै समयमा खानतलासी लिने,

(ग) खण्ड (क) वा (ख) बमोजिम पक्राउ गर्दा, खानतलासी लिँदा वा अन्य कुनै कारवाही गर्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्ने,

(घ) आतंकवादी तथा विध्वसात्मक अपराध र त्यस्तो कार्य रोक्ने प्रयोजनको लागि कुनै पनि स्थान वा बाटोघाटोमा कसैको जीउ वा निजको साथमा रहेको सामान वा निजले प्रयोग गरेको साधन, स्थल वा चढेको कुनै प्रकारको सवारी साधनको खानतलासी लिने ।

(ङ) आतंकवादी तथा विध्वंसात्मक अपराध गरिरहेको वा गर्ने व्यक्ति भागी उम्की जाने वा पक्रन नसकिने अवस्था देखेमा आवश्यकताअनुसार बलप्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(च) आतंकवादी तथा विध्वसात्मक अपराध गर्ने व्यक्तिले जबर्जस्ती कब्जा गरिरहेको वा बन्धक बनाइराखेको स्थान वा सवारी साधन वा बायुयान वा पानीजहाज वा अन्य कुनै यातायातको साधनबाट त्यहाँ रहेको मानिसलाई छुटाउन निजहरूको जीउ ज्यानमा पर्न सक्ने क्षति, जोखिम वा आतंक हटाउन वा अन्य नोक्सानीबाट बचाउन जो चाहिने बल प्रयोग गर्ने ...... ।

❑ (साभारः *जनएकता साप्ताहिक*)

## तुलना गरौं

# विध्वंसात्मक अपराधबारे २०४२ सालको ऐन के भन्छ ?

(२) (क) 'विध्वंशात्मक अपराध' भन्नाले देहायबमोजिमको कुनै कार्य सम्झनु पर्दछः

(१) नेपाल अधिराज्य वा त्यसको कुनै भागको सुरक्षा, शान्ति र व्यवस्था वा शासन व्यवस्थामा खलल वा आघात पार्ने उद्देश्यले कुनै प्रकारको हातहतियार, बम वा विस्फोटक पदार्थ प्रयोग गरी कुनै स्थानको सम्पत्ति तोडफोड गर्ने वा त्यस्तो स्थानमा मानिसको जिउज्यान जाने, अंगभंग हुने वा चोटपटक लागी घाइते तुल्याउने कार्य वा आगो लगाउने वा अन्य कुनै प्रकारले क्षति पुर्‍याउने वा सार्वजनिक उपभोगको वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जिउ ज्यान जाने वा अगभंग हुने वा अन्य क्षति पुर्‍याउने वा माथि उल्लेखित कुनै कार्य गरी त्यस्तो कार्यद्वारा जनसाधारणलाई वा आवातजावात गर्ने वा भेला हुने व्यक्तिलाई आतंकित तुल्याउने वा त्यस्तै अन्य कुनै कार्य गर्ने, वा

(२) उपखण्ड (१) बमोजिमको उद्देश्यको निमित्त सो उपखण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जिउज्यान लिने, अंगभंग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारीको साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतंकित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधनसहित वा साधनरहित अपहरण गर्ने वा त्यस्तो कार्यको षड्यन्त्र वा उद्योग गर्ने वा दुरुत्साहन दिने वा त्यस्तो कार्यद्वारा आतंकित तुल्याउने, वा

(३) उपखण्ड (१) र (२) बमोजिमको उद्देश्यले कुनै प्रकारको हातहतियार वा बम वा विस्फोटक पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, राख्ने, ओसारपसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिँड्ने वा जडान गर्ने वा त्यस्तो कार्यमा सघाउ पुर्‍याउने ।

(४) माथिका उपखण्डहरूसँग सम्बद्ध अन्य कुनै प्रकारले व्यक्ति वा सम्पत्तिलाई क्षति पुर्‍याउने नियतले सार्वजनिक जनजीवनमा भय वा त्रासको आतंक फैलिने गरी गरिएका अन्य कुनै कार्य ।

### विध्वंसात्मक अपराध रोक्न विशेष अधिकार

(५) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्र र तोकिएको अधिकारीले आफूलाई तोकिएको क्षेत्रभित्र विध्वंसात्मक अपराध रोक्न देहायको कुनै वा सबै काम गर्न आदेश दिन सक्नेछः-

(१) विध्वंसात्मक अपराध गरिरहेका वा गर्ने व्यक्ति भागी उम्की जाने वा पक्रन नसकिने अवस्था देखेमा गोली हान्ने,

(२) विध्वंसात्मक अपराध गर्ने व्यक्तिले जबरजस्ती कब्जा गरिराखेको वा बन्धक बनाइराखेको स्थान वा सवारी साधन वा हवाइजहाजबाट त्यहाँ रहेका मानिसलाई छुटाउन वा निजहरूको जिउज्यानमा पर्न सक्ने क्षति, जोखिम वा आतंक हटाउन वा अन्य नोक्सानीबाट बचाउन जो चाहिने आवश्यक बल प्रयोग गर्ने, हात हतियार प्रयोग गर्ने वा गोली हान्ने,

(३) विध्वंसात्मक अपराधको कार्यमा संलग्न भएको छ भनी शंका लागेको व्यक्तिलाई पक्राउ पूर्जीबिना तुरून्त पक्राउ गर्ने र बाटोको म्यादबाहेक तीन दिनभित्र पक्राउ पूर्जी दिने,

(४) अवैध हातहतियार, खरखजाना, बम वा विस्फोटक पदार्थ राखेको छ वा त्यस्तो कुरासँग सम्बन्धित कुनै शंकास्पद व्यक्ति लुकी छिपेको छ भन्ने शंका लागेमा जुनसुकै व्यक्तिको घर, पसल, गोदाम, यातायातको साधन वा अन्य कुनै स्थानमा पूर्व सूचनाबिना जुनसुकै समयमा खानतलासी लिने,

(५) खण्ड (३) वा (४) बमोजिम पक्राउ गर्दा, खानतलासी लिँदा वा अन्य कुनै कारवाही गर्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्ने,


(६) विध्वंसात्मक अपराध र त्यस्तो कार्य रोक्ने प्रयोजनको लागि कुनै पनि स्थान वा बाटोघाटोमा कसैको जिउ वा निजको साथमा रहेको सामान वा निजले प्रयोग गरेको साधन, स्थान वा चढेको कुनै प्रकारको सवारी साधनको खानतलासी लिने ।

◆ *विध्वंसात्मक अपराध (विशेष नियन्त्रण तथा सजाय) ऐन, २०४२ बाट उद्धृत*

# ३० वर्षपछि क. चेको अस्थिपञ्जर फेला पर्‍यो !



## क. चे ग्वेभाराको लाशको खोजीसम्बन्धी अन्तरंग कथा



◆ राजेन्द्र महर्जन

*• गत असार महिनामा ल्याटिन अमेरिकाको मात्रै होइन, विश्वभरिकै एउटा रहस्य ल्याटिन अमेरिकी क्रान्तिका नायक क. अर्नेष्टो चे ग्वेभाराको लाशसम्बन्धी रहस्य अत्यन्त सुखद् ढंगले उद्घाटित भयो ! अमेरिकी साम्राज्यवाद र त्यसको कठपुतली बोलिभियाली शासकहरूद्वारा दबाइएको क. चे ग्वेभाराको क्रान्तिकारी जीवनको अन्तिम दिनसम्बन्धी इतिहासको पाना सबैका सामु पल्टियो !!*

*अमेरिकी सहयोगमा बोलिभियाली हत्याराहरूद्वारा निर्ममतापूर्वक हत्या गरिएका क. चे ग्वेभाराको लाश यतिञ्जेल कहाँ लुकाइएको थियो भन्ने कुरा विश्वभरिकै लागि रहस्यको विषय भइरहेको थियो । हिजोसम्म ती हत्याराहरूले क. चे ग्वेभाराको लाश लुकाएर क. चेको हत्या सँगसँगै ल्याटिन अमेरिकी क्रान्तिको मृत्यु भएको सपना देख्दै चैनसँग सुत्न चाहेका थिए ।*

*तर, अन्ततः तीस तीस वर्षसम्म हत्याराहरूद्वारा लुकाइएको क. चे ग्वेभाराको लाशसम्बन्धी रहस्य उद्घाटन भएको छ । र, क. चे ग्वेभाराको निर्मम हत्या गरेर उनको लाशलाई गोप्य रूपमा गाड्ने हत्याराहरूको भण्डाफोर भएको छ । विश्वमाथि हैकम चलाउन खोज्ने अमेरिकी साम्राज्यवादका विरुद्ध 'दुई-तीन-चारवटा भियतनामहरू' निर्माण गर्दै ल्याटिन अमेरिकामा महादेशीय क्रान्तिको उद्घोष गर्ने क. चेको भर्खरै फेला परेको अस्थिपञ्जरले फेरि एक पटक अमेरिकाको घाँटी समातेको छ ।*

*अर्जेन्टिनाको माटोमा हुर्केको, ग्वाटेमालाको उथलपुथलबाट क्रान्तिको पाठ सिकेका, क्यूबाको सफल क्रान्तिको नेतृत्व गर्ने, जायर (कंगो) मा क्रान्तिको बीउ छर्ने र बोलिभियाको भूमिमा क्रान्तिका लागि लड्दा लड्दै प्राण आहुति गर्ने महान् अन्तर्राष्ट्रिय क्रान्तिकारी डा. चे ग्वेभाराको अस्थिपञ्जर (कंकाल) तीस वर्षपछि फेला परेको अवसरमा विश्वभरि खुशी र उमंग छाएको छ । ल्याटिन अमेरिकामा त त्यसपछि चे ग्वेभाराको लहर नै उठेको छ ।*

*यस सुवर्ण अवसरमा यहाँ हामी क. चे ग्वेभाराको लाशको खोजीसम्बन्धी अन्तरंग कथा प्रस्तुत गर्दैछौं । यसका साथै, त्यस खोजीले ल्याटिन अमेरिकामा ल्याएको क. चे ग्वेभारा लहरको पनि हामी लेखाजोखा गर्नेछौं । साथमा प्रस्तुत छ- क. चे ग्वेभाभाराको क्रान्तिकारी जीवनको अन्तिम दिनको एक झाँकी !*

*-मूल्यांकन*

### यसरी पत्ता लाग्यो क. चे को अस्थिपञ्जर !

संसारमा सबैभन्दा बेसी सैनिक विद्रोह हुने देश बोलिभिया ।

असार १४, २०५४ ।

बोलिभियाको दुर्गम शहर भ्यालेग्राण्डेको धूलाम्य हवाईपट्टीको छेउमा मानिसहरूको निकै भीडभाड थियो । त्यहाँ अनौठो हलचल थियो । त्यस दिन दुईवर्ष देखि क. चे र उनका सहकर्मी क्रान्तिकारीहरूको अस्थिपञ्जरको खोजीमा लागिपरेका क्यूबा र अर्जेन्टिनाका वैज्ञानिकहरू तथा बोलिभियाका कामदारहरूले सात सातवटा अस्थिपञ्जरहरू एकैचोटी एक ठाउँमा फेला पारे ।

आफूले खोजेको कुरा फेला परेको यस्तो खुशीको बेलामा पनि क्यूबा र अर्जेन्टिनाका वैज्ञानिकहरू भने अत्यन्त गम्भीर मुद्रामा थिए । एउटा गहिरो खाडलमा भेटिएका सात सात वटा धूलाम्य अस्थिपञ्जरहरूमध्ये एउटा त पक्कै पनि क. चे ग्वेभाराको हुनुपर्ने कुरामा विश्वस्त वैज्ञानिकहरू अस्थिपञ्जर नं. २ लाई गम्भीर रूपले नियाली रहेका थिए । त्यो अस्थिपञ्जर माटोमा घोप्टो परेको थियो । र, अस्थिपञ्जरको खप्परलाई हरियो जैतुन रंगको थोत्रो सैनिक ज्याकेटले छोपिएको थियो । त्यो थोत्रो ज्याकेट अमेरिकी र बोलिभियाली शासकहरूद्वारा अन्तिम पटक गिरफ्तार गरिंदा लिइएका फोटोहरूमा के. चेले लगाइराखेको ज्याकेटसँग मिल्दोजुल्दो थियो ।

अस्थिपञ्जर नं. २ मा दुवै हातका हड्डीहरू पनि नभएको देखेपछि ती वैज्ञानिकहरूलाई सम्झना भयो- घाइते अवस्थामा गिरफ्तार गरिएका क. चेको निर्मम हत्या भएपछि उनका दुबै हातहरू काटिएका थिए ।

क. चेले लगाएको जस्तो ज्याकेट र दुवै हातका हड्डीहरू नभएको अस्थिपञ्जर फेला परेको तथ्यमा पूरै विश्वस्त भए । त्यसैले अस्थिपञ्जर नं. १ बाट हरियो थोत्रो ज्याकेट हटाउनुभन्दा अगाडि क्यूबाली वैज्ञानिकले आफ्नो देशका क्रान्तिका एक महान नायक के. चेको सम्मानमा श्रद्धापूर्वक शिर निहुर्‍याए । क. चेको कंकालप्रति क्यूबाली वैज्ञानिकको यो हार्दिक सम्मान देखेर क. चेको अस्थिपञ्जर हेर्न त्यहाँ जम्मा भइरहेका स्थानीय जनता, पत्रकारहरू, कामदारहरू र अन्य वैज्ञानिकहरू बीच गहिरो मौनता छायो !

जब उक्त क्यूबाली वैज्ञानिकले अस्थिपञ्जर नं. २ बाट ज्याकेट पूरै हटाए, तब कैयौं क्यूबाली वैज्ञानिकहरू सुँक्क सुँक्क रून थाले । दुईजना क्यूबाली वैज्ञानिकहरू त अंकमाल गरेर धुरूधुरू नै रोए, आफ्ना क्रान्तिकारी नायकको अस्थिपञ्जर हेर्दै ।

अर्जेन्टिनाका वैज्ञानिक प्याट्रिसिया बर्नार्डीका अनुसार, त्यसबेला क्यूबालीहरू

मात्रै होइनन्, सबैजना भावविव्हल भएका थिए ।

क्यूबा र अर्जेन्टिनाका वैज्ञानिकहरू, बोलिभियाका जनता र पत्रकारहरू भावविव्हल हुनुका पछाडि पौराणिक कथाका नायक जस्तै भएका क. चे ग्वेभाराको संघर्षपूर्ण क्रान्तिकारी जीवन र बलिदानीपूर्ण मृत्युले काम गरेको थियो । त्यसमाथि, निर्ममतापूर्वक हत्या गरिएका क. चेको लाश कहाँ लुकाइएको थियो भन्ने कुरो तीस तीस वर्षसम्म पनि रहस्यको गर्भमै राखिएको तथ्यले पनि भूमिका खेलेको थियो । यस्तो स्थितिमा क. चेको अस्थिपञ्जर भेटिंदा र त्यो आफ्नै आँखाले देख्दा कस्को मन पत्थर झैं नपग्लीकन रहन सक्थ्यो र ?

## क. चेको संघर्षमय जीवन

अर्जेन्टिनामा जन्मी क्यूबामा क्रान्ति गरी बोलिभियामा लड्दा लड्दै मारिएका क. चे आज विश्व क्रान्तिका एक लोकप्रिय नायकका रूपमा विख्यात छन् । ल्याटिन अमेरिकामा र विश्वभरिनै विशेष रूपले प्रख्यात क. चे आज विश्वका क्रान्तिकारी युवा शक्तिबीच प्रेरणादायी क्रान्तिकारी व्यक्तित्वका रूपमा चर्चित छन् ।

आजभन्दा ६९ वर्ष अगाडि सन् १९२८ जुन १४ मा मध्यमवर्गीय परिवारमा जन्मेका क. चे बाल्यावस्थामा निकै कमजोर शरीर भएका व्यक्तिका रूपमा परिचित थिए । जिऊ फुकीढल भएपनि कुशाग्र बुद्धि र दृढ संकल्पशक्ति भएका क. चेको स्वभाव पढन्ते र घुमन्ते खालको थियो । आफ्नो उमेरभन्दा पाको र बौद्धिक देखिने क. चेले किशोर अवस्थामै मार्क्सदेखि फ्रायडसम्म पढिसकेको देख्दा सबै अचम्म मान्थे । स्वतन्त्रता र समानताप्रेमी परिवारमा हुर्केका क. चेले ब्यूनस आयर्स विश्वविद्यालयमा औषधि विज्ञान पढ्दासम्म पनि उनले राजनीति गरेको देखिंदैन, तर सामाजिक सुधार आन्दोलनहरूमा मात्र भाग लिएको देखिन्छ ।

रोगीहरूको सेवा गर्ने लक्ष्य लिएर औषधि विज्ञान पढेका क. चे उत्तरी अर्जेन्टिनाका गरीब बस्तीहरूदेखि लिएर चिली, पेरू, कोलम्बिया, भेनेजुयलाका मजदूर बस्तीहरू र त्यहाँका जनसंघर्षहरूको प्रत्यक्ष अनुभूति बटुलेपछि विस्तारै शारीरिक रोगहरूको खोजबीनबाट सामाजिक रोगहरूको निराकरण गर्नेतर्फ ढल्किन थाले । डाक्टरको डिग्री लिएको लगत्तै पछि बोलिभियाको पूँजीवादी क्रान्तिका उथलपुथलहरूदेखि ग्वाटेमालाको सुधारवादी सरकारलाई सी.आई.ए.को नीति निर्देशनमा अपदस्थ गरिएको यथार्थ देखेभोगेपछि उनले सामाजिक क्रान्तिको जरूरत महसूस गर्न थाले ।

## क्यूबाली क्रान्तिका नायक

जीवनमा पहिलो पटक ग्वाटेमालमा क्रान्तिकारी भएर निस्केका क. चे लेनिनका रचनाहरूको अध्ययन र मेक्सिकोमा क. क्यास्ट्रोहरूसँगको सरसंगतपछि क्यूबाली क्रान्तिको तयारीमा जुटे । स्पेनको गृहयुद्ध लडेका क्याप्टेन अल्बर्टो बायोको आफ्नै अनुभवमा आधारित युद्ध-कौशल र माओ त्से तुङ्गद्वारा प्रतिपादित छापामार युद्धको प्रशिक्षण प्राप्त गरेपछि क. चे क्यूबाली क्रान्तिको शुरू तयारीको चरणमा डाक्टरको रूपमा सामेल भएका थिए । तर आफ्नो शूरवीरता, लडाकुपना र युद्धकुशलताले गर्दा छिट्टै नै उनी क्यूबाली क्रान्तिका एक प्रमुख कमाण्डर बने । क्यूबाली सशस्त्र क्रान्तिलाई सियरा माइस्त्राका पहाडहरूबाट सान्ता क्लारा र हवानासम्म विस्तार गर्ने दौरानमा छापामार नेता क. चे अन्ततः क्यूबाली क्रान्तिका दोस्रा नायक र छापामार संघर्षका प्रणेताका रूपमा विकसित भए ।

क. चेले क्यूबाली क्रान्तिलाई मार्क्सवादी दिशा दिन महत्वपूर्ण भूमिका खेलेका थिए । क्रान्तिकारी भूमिसुधार लागू गर्ने, अर्थतन्त्रलाई समाजवादी दिशा दिने काममा नेतृत्वदायी भूमिका निर्वाह गर्ने व्यक्ति क. चे नै थिए । अमेरिकी साम्राज्यवादद्वारा निर्देशित क्यूबाली प्रतिक्रान्तिकारीहरूद्वारा क्यूबामाथि आक्रमण हुँदा पिनार डेल रियो प्रान्तबाट लडाईको नेतृत्व गर्ने वीर योद्धा क. चे नै थिए । प्रत्येक क्यूबाली जनतालाई सांस्कृतिक रूपले फेर्ने अभियानको पनि उनले नै नेतृत्व गरेका थिए । उनले प्रत्येक क्यूबाली जनतालाई न्याय, समानता र स्वतन्त्रताको लागि सहासपूर्वक लड्ने, लोभ लालच र भयबाट मुक्त नयाँ समाजवादी मानिसमा फेर्नका लागि सांस्कृतिक अभियान चलाएका थिए । भौतिक सुख सुविधा र लोभ देखाएर उत्पादन बढाउने सोभियतसंघको कार्यशैलीबाट समाजवादी मानिस निर्माण हुन नसक्ने देखेर उनले यो अभियान चलाएका थिए । यो अभियानले गर्दा उनलाई जीवनको पछिल्लो भागमा माओ त्से तुङ्गसँग नजिक्याएको विश्लेषण गर्नेहरू पनि थुप्रै छन् ।

वास्तवमा, उनी क्यूबाली क्रान्तिका प्रवक्ता थिए । यही प्रवक्ताको भूमिका निर्वाह गर्ने क्रममा चीन, सोभियतसंघदेखि संयुक्त राष्ट्रसंघमा समेत गई उनले क्यूबाली क्रान्तिको महत्व दर्शाउने र विभिन्न राष्ट्रसँग क्यूबाको सम्बन्ध विस्तार गर्ने काम गरेका थिए ।

सं.रा.सं.मा उनले भियतनामदेखि कंगो र क्यूबा आदि देशमाथि अमेरिकाले चलाइरहेको साम्राज्यवादी थिचोमिचो र उत्पीडनको कडा विरोध गरे । उता अल्जियर्समा अफ्रो एशियाली सोलिडेरिटी संगठनको सम्मेलनमा उनले सोभियतसंघको साम्राज्यवादीहरूसँग, उत्पीडक र शोषकहरूसँग पनि सहअस्तित्व कायम गरेर जाने नीति, ब्याजको आशामा वैदेशिक सहयोग दिने नीतिका विरूद्ध बोल्दै सोभियतसंघको

**'गोली हान्, कायर ! तँ एउटा मान्छेलाई मार्दैछस् !'**

**आफ्ना बन्दी सैनिकहरूलाई अत्यन्त मानवीय व्यवहार गरेर रिहा गर्ने कम्युनिष्ट नेता चेलाई बन्दी र घाइते अवस्थामा निर्ममतापूर्वक मारियो र उनको लाश बेपत्ता पारियो**



# ल्याटिन अमेरिकामा चे ग्वेभारा लहर !

गैरसमाजवादी र संशोधनवादी नीतिको पनि आलोचना गरे । सोभियत संघ र चीनबीच भएको सैद्धान्तिक विवादले शत्रुतापूर्ण रूप लिएकोमा उनी निकै खिन्न थिए ।

## दुई-तीन-चारवटा भियतनामहरु

यसैबीच, साम्राज्यवाद-पूँजीवादविरोधी क्रान्तिलाई जारी राख्नुपर्ने तथ्य महसूस गरी उनले अफ्रिका, एशिया र ल्याटिन अमेरिकी देशका क्रान्तिकारीहरूको तीन महादेशीय अधिवेशन (Tricontinental Congress) क्यूबामा संगठित गर्ने तयारी गरे । भियतनामी जनताको अमेरिकी साम्राज्यवादविरोधी संघर्षबाट अति नै प्रभावित क. चे भियतनामी जनतालाई साथ दिनु भनेको एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा अरू थुप्रै भियतनामहरू निर्माण गर्नु हो भन्ने निष्कर्षमा पुगे । भियतनामलाई अमेरिकी साम्राज्यवादको चिहान भन्ने क. चेले यही कुरा अरूलाई पनि महसूस गराउन तीन महादेशको अधिवेशनको आयोजना गरेका थिए । यसै आयोजनाको क्रममा सम्बन्ध गाँसिएका अफ्रिकी, एशियाली र ल्याटिन अमेरिकी क्रान्तिकारीहरूको अन्तर्राष्ट्रिय संगठन अफ्रो-एशियन ल्याटिन अमेरिकन सोलिडेरिटी अर्गनाइजेशनको निर्माण गरी हवानामा त्यसको हेडक्वार्टर राख्न उनी सफल भए ।

साम्राज्यवादविरोधी संघर्षलाई टेवा पुऱ्याउने उद्देश्यले उनी क्यूबाली उद्योग मन्त्रीको र सैनिक कमाण्डरको पद एवं सम्पूर्ण सरकारी सुविधा त्यागेर, घर परिवार छाडेर १९६५ तिर अफ्रिकातिर लागे । धेरै महिना अगाडिदेखिको सर्भे र सम्बन्धपछि अफ्रिकाको कंगो (जायर) पुगेका क. चेले आफ्ना १०० जना क्यूबाली छापामारहरूका साथ कंगोका मुक्तिदाता प्याट्रिश लुमुम्बासमर्थक छापामारहरूलाई प्रशिक्षण दिने र कंगोको मुक्तिका लागि घच्घच्याउने प्रयत्न गरे । अमेरिकी साम्राज्यवादको प्रत्यक्ष हस्तक्षेपबाट मुक्त गर्न उनले लरेन्ट काबिलाजस्ता छापामार नेतालाई संघर्षका लागि उत्प्रेरित गर्ने काममा काफी धेरै प्रयास गर्दा पनि उनी सफल भएनन् । सूरा र सुन्दरीको पछि लाग्ने र पेरिसमा बसेर वक्तव्यवाजी गर्ने लरेन्ट काबिलादेखि वाक्कदिक्क भएर नौं महिनापछि क. चे आफ्नो अभियान बीचैमा छाडेर क्यूबा आए । र, उनले कंगोलाई दिइआएको हात हतियारको सहयोग र छापामार प्रशिक्षण सम्पूर्ण रूपमा बन्द गरे ।

यसभन्दा अगाडि नै क. चेले आफ्नै नीति निर्देशनमा १९६३ देखि नै ल्याटिन अमेरिकी देशहरूमा छापामार अभियान विस्तार गर्ने प्रयास थालिसकेका थिए । क. चेको सल्लाह र प्रशिक्षण प्राप्त मासेट्टी नामक अर्जेन्टिनावासीले ३० जनाको छापामार दस्ता लिएर अर्जेन्टिनामा छापामार संघर्ष शुरू गरेका थिए । अर्जेन्टिनामा मुक्तिको सदाशयताका साथ शुरू भएको यो छापामार संघर्ष अर्जेन्टिनाको उत्तरी जंगलबाट धेरै अगाडि बढ्न सकेन । अन्ततः १० महिनासम्मको निरर्थक संघर्षपछि अर्जेन्टिनाको सैनिक शक्तिद्वारा नराम्ररी बढारिएको मासेट्टीको छापामार दल पछि छिन्नभिन्न भयो । आफ्नो भावी महादेशीय क्रान्तिको अभियानलाई बाटो बनाउने काम मासेट्टीको छापामार दलबाट होला कि भन्ने क. चेलाई ठूलो आशा थियो तर त्यो आशा कहिल्यै पूरा भएन ।

> साम्राज्यवादीहरुको पञ्जाबाट मुक्त गरेपछि ल्याटिन अमेरिकालाई समाजवादीकरण गर्ने लक्ष्यसहित बोलिभियाको जंगल पसेका क. चेले बोलिभियालाई ल्याटिन अमेरिकी महादेशको क्रान्तिको केन्द्रका रुपमा विकास गर्ने सोच बनाएका थिए ।



*क्यूबा छाडेपछि नयाँ भेषभूषा र रंगरुपमा क. चे ग्वेभारा*

तर पनि क. चेले क्यूबालाई ल्याटिन अमेरिकी महादेशीय क्रान्तिको अखडा बनाउने सपनालाई कहिले पनि बेवारिसे छाडेको देखिएन । उनकै प्रयासस्वरूप, क्यूबामा ल्याटिन अमेरिकी क्रान्तिकारीहरूलाई छापामार संघर्षको प्रशिक्षण दिने, राजनीतिक प्रशिक्षण दिने र आआफ्नो देशमा हातहतियार, अन्य सैनिक सरसामान र संचार उपकरणहरूसहित पठाउने काम जारी राखियो ।

## बोलिभियाबाट महादेशीय क्रान्ति

यसैबीच क. चेले कंगोबाट गोप्य रूपमा क्यूबा फर्केर आएपछि ल्याटिन अमेरिकाको मध्यभागमा रहेको र ब्राजिल, पेरू, चिली, अर्जेन्टिना र पारागुवे जस्ता देशहरूसँग सीमा सम्बन्ध रहेको देश बोलिभियाबाट महादेशीय क्रान्ति थालनी गर्ने निधो गरे । त्यसका लागि उनले चिली, अर्जेन्टिना र पारागुवेसँग नजिक रहेको बोलिभियाली पहाडी क्षेत्रको नानकाउजु नदी वरपर विशाल जग्गा किन्ने, तानियालाई बोलिभिया पठाएर क्रान्तिकारीहरूसँग सम्पर्क गर्ने र गोप्य सरकारी रहस्यहरू बुझ्ने काम १९६३ देखि नै शुरू गरिसकेका थिए । क. क्यास्त्रोमार्फत् बोलिभियाली कम्युनिष्ट पार्टीका नेता मारियो मोन्जेसँग महादेशीय क्रान्तिका लागि बोलभियालाई केन्द्र बनाई छापामार संघर्ष चलाउन र कम्युनिष्ट पार्टीको सरसहयोग प्राप्त गर्नका लागि सकारात्मक कुराकानी पनि चलाइसकेका थिए । यी सम्पूर्ण तयारी पूरा भएपछि अर्जेन्टिना र कंगोमा असफल भएका क. चे आफ्ना ५० जना सहकर्मीहरूका साथ नोभेम्बर १९६६ मा बोलिभिया पसे । उनको दृढ विश्वास थियो- क्यूबा, बोलिभिया, अर्जेन्टिना र पेरूका ती क्रान्तिकारीहरूको छापामार संघर्ष भोलि ज्वालामुखी झैं फुट्ने छ र सिमोन बोलिभारले जस्तै ल्याटिन अमेरिकालाई साम्राज्यवादीहरूको पञ्जाबाट मुक्त गर्नेछ । मुक्तिपछि ल्याटिन अमेरिकालाई समाजवादीकरण गर्ने लक्ष्यसहित बोलिभियाको जंगल पसेका क. चेले यसरी बोलिभियालाई ल्याटिन अमेरिकी महादेशको क्रान्तिको केन्द्रका रूपमा विकास गर्ने सोच बनाएका थिए । यहाँबाट छापामार संघर्षको प्रशिक्षण दिंदै दुई तीन चार वटा 'भियतनामहरू'को रूपमा विकसित गरी अमेरिकी साम्राज्यवादको चिहान खन्ने परिकल्पना उनको थियो । यही क्रान्तिकारी सपनासहितको सन्देश उनले अप्रिल १९६७ मा हवानामा भएको 'तीनवटा महादेशको ऐक्यबद्धता संगठन' को सम्मेलनमा पठाएर यस संसारका अभागी, दुःखी गरीब जनताको लागि सदा सर्वदा लडिरहने घोषणा गरे ।

केही महिनाको आन्तरिक तयारीपछि क. चेको नेतृत्वमा संचालित छापामारहरूले सरकारी सैनिकहरूमाथि आक्रमण गर्न थाले । त्यति सानो छापामार समूहले जुलाई ६, १९६७ मा सुमाइपाता शहरमाथि आक्रमण गरेर पूरै शहर र त्यहाँका सैनिक अड्डाहरू कब्जा गऱ्यो । त्यसैबीच, २० हजारभन्दा वेशी सशस्त्र मजदूरहरूले कारखानाहरूमाथि कब्जा जमाउँदै हड्ताल गरेपछि बोलिभियाको बेरियन्तोस् सरकार दमनमा उत्रियो । मजदूरहरूको सशस्त्र हड्तालमाथि सैनिक दमन गर्न सफल भएपछि हदै उत्साहित भएको सरकारले क. चेले बोलिभियाली छापामार संघर्षको नेतृत्व गरिरहेको थाहा पाएर छापामारहरूमाथि पनि दमनात्मक कारवाही चलाउन थाल्यो ।

क. चे बोलिभियाली जंगलमा भएको थाहा पाएपछि अमेरिकी साम्राज्यवादले राजधानी ला पाजस्थित अमेरिकी दूतावास, सी.आई.ए., पानामा नहरस्थित अमेरिक सैनिक शक्तिको दक्षिणी कमाण्ड आदिलाई परिचालन गऱ्यो । उसले आफ्नो कठपुतली सरकार बेरियन्तोस सरकारलाई नीति निर्देशन दिने, बोलिभियाली सैनिकहरूलाई छापामार युद्धविरोधी प्रशिक्षण दिने, संचार उपकरणहरू र अत्याधुनिक हातहतियारहरू सहयोग दिनुका साथै बोलिभियामा सी.आई.ए. र अमेरिकी सैनिक विशेषज्ञहरूको ओइरो लगायो ।

अमेरिकी साम्राज्यवादको प्रत्यक्ष नीति निर्देशनमा बोलिभियाली सैनिकहरूले क. चेको छापामार दस्तालाई चारैतिरबाट घेर्न थाल्यो । अझ, यस संघर्षमा क. चे र क्यूबाली कमरेडहरूको प्रत्यक्ष संलग्नता देखेपछि 'क्यूबालीहरूले बोलिभियालाई उपनिवेश बनाउन, त्यहाँका जनतालाई दास बनाउन सैनिक हस्तक्षेप गरेको' दुश्प्रचार घुइघुईंती गरे । यसबाट प्रभावित बोलिभियाको शहर र गाउँमा रहेका क्रान्तिकारीहरूसँग समेत सम्बन्ध टुटिसकेको स्थितिमा यस दुश्प्रचारलाई छापामारहरूले चिनैं सकेनन् । यही दुश्प्रचारको घेरोभित्र परेका किसानहरूले छापामार युद्धभरि नै क. चेको छापामार दस्तालाई पटक्कै सहयोग गरेनन् । उल्टो, सरकारी सेनालाई छापामारहरूको सुराकी दिएर ठूलो मद्दत गरे । किसानहरूले छापामारहरूलाई असहयोग गर्नुका पछाडि अर्को कारण पनि थियो- त्यो के भने, १९५२ मा भएको पूँजीवादी क्रान्तिको क्रममा भएको भूमिसुधारले गर्दा आफूले जोतेको जग्गा आफ्नो नाममा पाएका किसानहरूको



**अमेरिकी साम्राज्यवादको प्रत्यक्ष नीति निर्देशनमा बोलिभियाली सैनिकहरुले क. चेको छापामार दस्तालाई चारैतिरबाट घेर्न थाल्यो**

चेलाई पक्राउ गर्ने क्याप्टेन गेरी प्रादोको नेतृत्वमा रहेको बोलिभियाली सैनिक दस्ता

अगाडि क. चेका छापामारहरूले 'जसको जोत, उसको पोत'को नारा दिएका थिए। यो नाराले त्यहाँका किसानलाई पटक्कै छोएन। तर क. चेसित अर्को मन छुने नारा पनि थिएन।

त्यसमाथि पनि पहिले सहयोग र समर्थनको बचन दिने बोलिभियाली कम्युनिष्ट पार्टीले सहयोग फिर्ता लिएपछि छापामारहरू सहयोगबाट बञ्चित भए। हातहतियार, कार्यकर्ताहरू र रसदका मुहानहरू बन्द भए। कैयौं छापामारहरू युद्ध छाडेर भागे। भगुवाहरूले सैनिकहरूलाई समेत क. चे र छापमारहरूको अड्डा, संख्या, स्वास्थ्यस्थिति समेत बताए। सैनिक आक्रमणहरुमा छापामारहरू पराजित हुँदै जाने क्रममै रियो ग्राण्डे क्षेत्रमा अप्रत्याशित रूपमा भएको सैनिक आक्रमणले गर्दा जोक्वीनको नेतृत्वमा संचालित छापामार समूह क. चेको डफ्फाबाट अलग्गिन पुग्यो। जोक्वीनको समूहलाई एकजना रोजाज नामक किसानले फँसाए। त्यसपछि त्यो समूहलाई येसो नदीमा क्याप्टेन मारियो भर्गासको नेतृत्वमा रहेका प्रतिक्रियावादी सैनिकहरूले सखापै पारे।

१९६७ को सेप्टेम्बरसम्म पुग्दा क. चेको समूहका धेरैजसो कमरेडहरू घाइते र बिरामी भइसकेका थिए। तापनि ला हिग्वेरा जस्ता गाउँहरू कब्जा गर्दै, त्यो समूह बढी सुरक्षित र अन्य कमरेडहरूसँग बढी सम्पर्क हुने ठाउँहरूको खोजीमा लागिपऱ्यो। भोक-प्यासले लखतरान भएका, बिरामी र घाइते छापामारहरूको समूह किसानहरू र सैनिकहरूबाट बच्दै अक्टोबर ७ मा क्वेब्रादा डे यूरो नामक खोंचमा पुग्यो। त्यसदिन एक किसान महिलाले उनीहरूलाई देखिहालिन्। उनलाई ५० पेसो दिएर मुख बन्द गर्न लगाउने प्रयास गरियो।

भोलिपल्ट अक्टोबर ८ तारिख, आइतबारको दिन त्यही महिलाको सूचनाअनुसार, एक हूल किसानहरू सरकारी पुरस्कार पाउने लोभले छापामारहरूको खोजीमा राति नै त्यही खोंचसम्म आइपुगे। उनीहरूले छापामारहरूको आवाज सुनेपछि तुरुन्तै सैनिकहरूलाई खबर गरिहाले। किसानहरूको खोजीबाट सतर्क भएका छापामारहरूले आफूलाई सैनिक आक्रमणबाट सुरक्षित राख्नका लागि अनेकौं कोशिस गरे। तर उनीहरूले ठूलठूला नांगा पहाडहरू र सीमित मात्रामा रहेको जंगलले भरिएको खोंचमा आफू फँसिसकेको पाए। यो दृश्य देखेर क. चेले खतराजनक स्थिति महसूस गरिहाले। र, ठीक ८.३० बजे दुई समूहमा विभाजित छापामारहरूलाई विभिन्न पोजिशनमा बसी सैनिकहरूमाथि प्रत्याक्रमण गर्न निर्देशन दिए। छापामारहरूलाई चारैतिरबाट घेर्दै आइरहेका क्याप्टेन गेरी प्रादो सालोमनको नेतृत्वमा संचालित सैनिकहरूले दिउँसो १.३० बाट राइफल, मेशिनगन र ग्रेनेडले आक्रमण गरे। क. चेसहितका १७ जनाको छापामार समूहले सैनिकहरूको घेराबन्दी र आक्रमणलाई चिरेर भाग्नका लागि काफी प्रयत्न गरे। क. चेका साथ रहेका समूहका अधिकांश छापामारहरू त्यहाँ मारिए, चेलाई पनि खुट्टामा गोली लाग्यो। उनको राइफल पनि सैनिकहरूको गोलीले कतै हुत्याइदियो। त्यतिखेरै पिस्तोलको गोली पनि सकियो।

**राष्ट्रपति जनरल रेने बेरियन्तोस, सि.आई.ए. को केन्द्र र बोलिभियाली-अमेरिकी सैनिक प्रमुखहरूको छलफल पछि क. चेलाई मार्ने निर्णय गरियो**

यसरी निशस्त्र र घाइते भएपछि क. चेले पछि हट्ने निणय गरेर उनी क. विल्लीको सहाराले नजिकको कुनामा लुक्न गए। क. चिनो पनि उनीहरूकै पछिपछि लाग्न खोज्दा उनको चश्मा खस्यो, जसले गर्दा उनी चश्मा खोज्नमै व्यस्त भए। तर केही क्षणपछि त्यहाँ पनि ग्रेनेड र गोलाबारी शुरू भयो र सैनिकहरूले घाऊ सफा गरिरहेका क. चे लगायत क. विली र क. चिनोलाई गिरफ्तार गरे। तर क. पोम्बो र क. उर्बानो भने त्यहाँबाट भाग्न सफल भए।

क. चे लगायत ती दुबै कमरेडहरूलाई पाता कसेर हिंडाउँदै गेरी प्रादो सालोमनका सैनिकहरूले दुई कि.मी. पर रहेको ला हिग्वेरा गाउँमा रातिसम्ममा पुऱ्याए। र, उनीहरूलाई कडा पहराकाबीच त्यहाँ रहेको सानो स्कूलमा लगेर बन्दी बनाए। स्कूलको हिलाम्य कोठामा उनीहरूलाई छुट्टाछुट्टै रातभरि थुनियो। सैनिकहरू क. चेलाई गिरफ्तार गर्न सफल भएको खुशियालीमा पीउन र नाच्न थाले। क. चेलाई गिरफ्तार गर्नासाथ यूरोखोंचमा क्रियाशील सैनिकहरूका कमाण्डर क्याप्टेन गेरी प्रादो सालोमनले डिभिजन कमाण्डर कर्णेल जेन्तेनोलाई कोड भाषामा खुशीको खबर दिए 500 Causado अर्थात् चेलाई बन्दी बनाइयो!


यो खबर पाएपछि अक्टोबर ९, सोमबार बिहान ६.३० बजे नै हेलिकोप्टर चढेर कर्णेल एन्ड्रेज सेल्नीच, गुप्तचर विभागका मेजर मिग्वेल अयोरोआ, कर्णेल जेन्तेनो र सेनाध्यक्ष जनरल ओभाण्डोका साथ सि.आई.ए. एजेन्ट फेलिक्स रोड्रिग्वेज त्यहाँ पुगे। त्यहाँ क्याप्टेन गेरी प्रादो र क्याप्टेन मारियो भर्गास पहिलेदेखि नै तैनाथ थिए।

सबै सैनिक अधिकारीहरू र सि.आई.ए. एजेन्टहरूले क. चेका बारेमा आवश्यक जाँचबुझ गर्ने, उनका डायरीहरू, सरसामानहरू र फोटोहरू लिने र क. चेसँग कुराकानी गर्ने काम गरे। त्यसपछि दिउँसै ला पाजमा रहेका राष्ट्रपति जनरल रेने बेरियन्तोस, सि.आई.ए. को केन्द्र र बोलिभियाली-अमेरिकी सैनिक प्रमुखहरूको छलफल पछि क. चेलाई मार्ने निर्णय गरियो।

अमेरिकी सेनाद्वारा हत्या गर्ने प्रशिक्षण पाएको बोलिभियाली सैनिकले टमी गनले करीब १.३० बजे क. विली र क. चिनोलाई कैयौं गोली बर्साएर माऱ्यो। त्यसपछि सेकेण्ड लेफ्टिनेन्ट मारियो तेरानले रक्सी खाएर क. चेको कोठामा गएर क. चेलाई गोली हान्ने धेरै प्रयास गऱ्यो तर उसको हात नराम्ररी काँप्यो। उसमा गोली हान्ने आँट नै आएन। क. चेका हत्यारालाई पछि भेट्ने क्याप्टेन मारियो भर्गासका अनुसार, क. चेले सिंहझैं गर्जेर तेरानलाई भने - **'गोली हान्, कायर ! तैं एउटा मान्छेलाई मार्दैछस् !'**

क. चेको यो अन्तिम बाक्य पूरा हुनासाथ साहस बटुलेर तेरानले आधा दर्जनभन्दा बेसी गोली बर्साएर क. चेको निर्मम हत्या गऱ्यो। आफ्ना बन्दी सैनिकहरूलाई अत्यन्त मानवीय व्यवहार गरेर रिहा गर्ने कम्युनिष्ट नेता चेलाई बन्दी र घाइते अवस्थामा निर्ममतापूर्वक मारियो।

त्यसपछि जेन्तेनोको हेलिकोप्टरमा बाँधेर त्यही दिन साँझसम्ममा सैनिक अड्डा रहेको ठाउँका भ्यालेग्राण्डेको अस्पतालमा पुऱ्याइयो। त्यहाँ क. चेको लाशलाई सफा गरेर स्थानीय जनतालाई तर्साउनका लागि सार्वजनिक रूपमा प्रदर्शन गरियो। फोटो पत्रकार र पत्रकारहरूले मृत क. चेको फोटो लिए, र उनको आँखा खोलिएको लाशको



बोलिभियाली सैनिकहरुद्वारा बन्दी बनाइएका क. चे ग्वेभाराको अन्तिम फोटो

*फोटोको विश्वभरि प्रचार गर्यो,* तांकि चेको भयावह मृत्यु देखेर क्रान्तिकारीहरू डराउन् !

२४ घण्टासम्मको सार्वजनिक प्रदर्शनपछि अटोबर १०, मंगलबारका दिन राति नै सैनिकहरूले प्रदर्शनी रोके। अस्पताललाई कब्जा गरिरहेका सैनिकहरूले अमेरिका र बोलिभियाको सरकारको आदेशअनुसार, क. चेको लाशलाई बेपत्ता पार्ने कोशिश गरे। त्यसैबीच, अस्पतालका डाक्टरहरूमार्फत् क. चेको मैनको डेथ मास्क बनाउने र उनका दुबै हात सुरक्षित राख्ने काम गरियो। सि.आई.ए. का लागि काम गर्ने अर्जेन्टिनावासी गुप्तचरले उनको हात काटेको थियो। त्यो अर्जेन्टिनावासी गुप्तचरले अर्जेन्टिनामा रहेको क. चेको औंठाको छापसंग उक्त हातको औंठाको छाप मिल्छ कि मिल्दैन भन्ने कुरा हेर्नका लागि लागि हात काटेको बताइन्छ। यसका पछाडि क. चेको हत्याको सबुत प्रमाण सुरक्षित राख्ने र त्यसलाई अमेरिका र विश्वसामु प्रमाणस्वरूप प्रस्तुत गर्ने मानसिकता लुकिरहेको थियो।

हत्याराहरू क. चेबाट कति भयभीत थिए भने, उनको लाश गाडिएको ठाउँ भोलि क्रान्तिकारीहरूको तीर्थस्थल होला भनेर उनीहरूले क. चेको लाशका बारेमा अनेकौं भ्रम फिँजाए। राष्ट्रपति जनरल बेरियन्तोस र सेनाध्यक्ष ओभाण्डोले बोलिभियाको एउटा अज्ञात ठाउँमा क. चेको लाश गाडिएको छ भनेर बयान दिए। केही सैनिक अधिकारीहरूले त्यो लाश जलाइएको र खरानीहरू गाडिएको सूचना प्रसार गरे। केहीले पानामा नदीस्थित अमेरिकी सैनिक अखाडामा सि.आई.ए.ले लगेर राखेको प्रचार पनि गरे। तर जे होस्, क. चेको लाशको अत्तोपत्तो भएन।

## क. चेको लाशको खोजी

अमेरिकी र बोलिभियाली शासकहरूले क. चेको लाशलाई जसरी लुकाएका थिए, त्यसरी उनको डायरी, बन्दूक, कलम, दुईवटा हात, डेथ मास्क आदि पनि लुकाएर राख्न खोजेका थिए। तर ती सबैजसो बस्तुहरू चोरी हुँदै क्यूबामा जाने क्रमलाई भने ती शासकहरूले पटक्कै रोक्न सकेनन्।

क. चेको छापामार आन्दोलनमाथि भएको दमनकालमा बोलिभियाको गृहमन्त्री भइरहेका अन्तोनियो आर्ग्वेदासले शुरूमा क. चेका दुबै हातहरू र डेथ मास्क चोरी गरेर एकजना बोलिभियाली पत्रकारमार्फत् क्यूबा पठाए। त्यसपछि बन्दूक, कलम, लुगाफाटाहरूका साथै क. चेको प्रसिद्ध डायरी- **'बोलिभियन डायरी'** को फोटोकपी पनि गोप्य रूपमा पठाउने काम उनले गरे। आफ्नो मन्त्री पद र जीउज्यानसमेत हत्केलामा राखेर यी सबै अमूल्य वस्तुहरू क्यूबा पठाउने आर्ग्वेदासले पनि अन्ततः देश छाडेर क्यूबामै शरण लिन पुगे। पहिलेदेखि नै सि.आई.ए. का गुप्तचरका रूपमा कार्यरत रहेका आर्ग्वेदासले पछि गएर साम्राज्यवादको विरोधमा समेत काम गरे।

अहिले क. चेका हातहरू, डेथ मास्क, कलम, बन्दूकहरू क्यूबामा सुरक्षापूर्वक राखिएका छन्। उता, क. चेको 'बोलिभियन डायरी' को मूलकपी बोलिभियाकै सेन्ट्रल बैंकको भुँईभित्रको गोदाममा सुरक्षापूर्वक राखिएको छ।

क्यूबाली सरकार र क्यूबामा बसोबासा गरिरहेका क. चेको परिवारले क. चेको लाशको खोजी गर्ने कार्यलाई यो २५-३० वर्ष अवधिभरि जारी राखेका थिए। तर क. चेको लाशको बारेमा सामान्य सुराकसम्म नपाएको स्थितिमा यो खोजी अपूरै रहेको थियो।

## हत्याराहरुले मुख खोले

विगत २८-२८ वर्षदेखि रहस्यको गर्भमै लुकाइराखिएको क. चेको लाशसम्बन्धी रहस्य तब खुल्यो, जब उनको गिरफ्तारी, हत्या र लाश लुकाउने कार्यमा संलग्न बोलिभियाली जनरल मारियो भर्गासले आफ्नो पापमोचन गर्ने मनशायले आफ्नो मुख खोले।

२८ वर्ष पछाडि क. चेको हत्यामा संलग्न रिटायर्ड बोलिभियाली सैनिक जनरल मारियो भर्गासले ठूलो आँटका साथ भनेका छन्- **'चेलाई अत्यन्त गोप्य रुपमा गाडिएको बेलाको म प्रत्यक्षदर्शी हुँ र चेसम्बन्धी लाशको रहस्य म अब खोल्छु।'**

**'धेरै समय बितिसकेको छ र अब विश्वले यो कुरा थाहा पाउनु पर्छ'**, भन्दै क. चेको छापमार आन्दोलनका विरूद्ध संचालित सरकारी सैनिक अभियानमा संलग्न क्याप्टेन मारियो भर्गासले क. चेको जीवनी लेखक जोन ली एण्डर्सनलाई अन्तर्वार्ता दिने क्रममा क. चेको लाश सम्बन्धी रहस्य खोलेका थिए। सान्ता क्रुज शहरको बाहिरी भागमा, पर्खालहरूले पूरै घेरिएको आफ्नो घरको बगैंचामा जोन ली एण्डर्सनलाई अन्तर्वार्ता दिँदै उनले १९९५ को नोभेम्बरमा भने- **'चेको लाश भ्यालेग्राण्डेको सामूहिक चिहानमा गाडिएको थियो। भ्यालेग्राण्डेको हवाईपट्टीभित्र उनको लाशलाई लुकाइको थियो।'**

त्यसबेला क. चेको छापामार संघर्षविरूद्ध बोलिभियाको आठौं सैनिक डिभिजनका क्याप्टेन भई भ्यालेग्राण्डेमा क्रियाशील रहेका ३० वर्षीय मारियो भर्गासका अनुसार, क. चेको लाश गाडिएको बेला केवल तीनजना मात्र प्रत्यक्षदर्शीहरू थिए। उनका अनुसार, अर्का प्रत्यक्षदर्शी मेजर गाइडो फ्लोरेसको मृत्यु भइसकेको छ भने अर्का एकजना तिकोना थरको व्यक्ति अहिले पनि बाँचिरहेको छ।


भर्गास सम्झँदै भन्छन्- **'११ अक्टोबर १९६७ को रात, म र मेरा सहकर्मी सैनिक अधिकारी मेजर गाइडो फ्लोरेसलाई माथिबाट तिकोनालाई साथ लिएर चेको लाश गाड्ने आदेश आयो। मध्यरातमा तिकोनाले चे लगायतका ७ जना छापामारहरुको लाश फोहोर फ्याँक्ने ट्रकमा राखेर भ्यालेग्राण्डेको हवाईपट्टीमा ल्यायो। त्यसपछि उसले एउटा ट्र्याक्टर ल्यायो। ट्र्याक्टरले सामूहिक चिहान खनेपछि उसले त्यो फोहोर फ्याँक्ने ट्रकबाट फोहोर खसालेजस्तै लाशहरु चिहानमा खसाल्यो। पछि लाशहरु माथिबाट छोपछाप गरियो र ट्र्याक्टर ल्याएर फेरि त्यो समूहिक चिहानलाई सम्म पारियो।'**

यो रहस्योद्घाटन बोलिभियाको स्थानीय दैनिक La Razon र The New York Times मा प्रकाशित भएपछि यसले विश्वमै तहल्का मच्चायो। त्यसमाथि क. चेको छापामार समूहसँग प्रत्यक्ष मुठभेड गर्ने र उनलाई जिउँदै


बाँकी ३७ पेजमा



**● क्यूबामा राजकीय सम्मानका साथ सुरक्षित राखिएका क. चे ग्वेभाराको हात, कलम र बन्दूक**



**बोलिभियाका गृहमन्त्री अन्तोनियो आर्ग्वेदासले आफ्नो मन्त्री पद र जीउज्यानसमेत हत्केलामा राखेर क. चेका दुवै हातहरु र डेथ मास्क चोरी गरेर एकजना बोलिभियाली पत्रकारमार्फत् क्यूबा पठाए। त्यसपछि बन्दूक, कलम, लुगाफाटाहरुका साथै क. चेको प्रसिद्ध डायरी 'बोलिभियन डायरी' को फोटोकपी पनि गोप्य रुपमा पठाउने काम उनले गरे।**



# च्छो रोल्पा हिमतालको यथार्थ कस्तो छ ?

◆ गणेश खत्री

**ताल क्षेत्रको स्थलगत रिपोर्ट**

## हिमताल के हो ?

एउटा ढुङ्गेधाराको कल्पना गरौं । भित्तोबाट जति पानी रसाउँछ, उति नै मात्रामा ढुङ्गेधाराको मुखबाट पानी खस्छ । मानौं, छेउको भित्तोबाट पानी भरिएर आएर ढुङ्गेधाराको मुख बन्द भयो, त्यसले पानी थुन्यो र बढी भएको पानी डिलबाट बाहिरियो । यस्तो भएमा त्यहाँ सानो पोखरी जस्तो बन्छ । त्यसमा पानीको चाप थेग्न सकेन भने डिल फुट्छ, बाँध फुटे झैं ।


हिमताल योभन्दा थोरै भिन्न प्राकृतिक कारणले बन्छ । एकातिर मात्र मुख भएका खोंचहरूमा हिम टाकुराबाट हिउँका ढिस्काहरू झर्दा खोंचको मुख थुनिएर नाउ आकार बन्न पुग्छ । र, हिउँ पग्लेर आएको पानी त्यहीं जम्मा हुन्छ । यसैलाई हिमताल भनिन्छ । यसमा जति पानीको मात्रा बढ्छ, चारैतिर चाप पैदा हुन्छ । पानीले निकास नपाउञ्जेलसम्म यो रीत चलिरहन्छ । यसले तालको आयतन बढाउँछ । उता वरिपरिको जुन भाग (प्राकृतिक बाँध) ले चापलाई धान्न सक्दैन, त्यो फुट्छ र तालको पानी ह्वात्तै बाहिरिन्छ । यसैलाई हिमताल विस्फोटन हुनु भनिन्छ ।

### च्छो रोल्पा

च्छो रोल्पा नेपालको सबैभन्दा ठूलो हिमताल हो । करिब ३२ वर्ष अगाडि जन्मेको यसको नेपाली नाम फुटेको ताल हो । यो समुद्री सतहदेखि ४५६१ मिटरको उचाइमा पर्छ । रोल्वालिङ्ग हिमश्रृंखलाबाट पग्लेर आएको हिउँ यहीं जम्मा हुन्छ । कहिलेकाहीं त घरभन्दा ठूला हिउँका ढिस्का पनि तालमा झर्दछन् । त्यसले समुद्रको ज्वारभाटा झैं छाल ल्याउँछ । यस्ता छालहरूले तालको बाँधलाई क्षति पुऱ्याउँछन् । कुनै कुनै हिमताल विस्फोटनको कारण त छालहरू नै भएका पनि छन् ।

**च्छो रोल्पाको पश्चिमी बाँधमा देखिने करिब २० मिटर अग्लो ढुङ्गोले बाँधको काम गरेको छ र त्यसको तालपट्टिको भागमा ओढार पर्न थालेको देखिन्छ । त्यहाँ जान कठीन छ । ताल फुटेर निस्केको पानीको जंघार तर्नुपर्छ । शाही सेनाका एक दुईजना जवानहरु बाहेक अन्य कुनै अनुसन्धानकर्ताहरु पनि त्यो पानी तरेर जान सकेका छैनन् रे !**

*फुट्ने अनुमान गरिएको तालको भाग फोटोमा पारिपट्टि देखिन्छ*



नेपालमा जम्मा २१ वटा हिमतालहरू फुटिसकेका छन् । पछिल्लो पल्ट सन् १९९१ मा दूधकुण्ड हिमताल फुट्यो । यो च्छो रोल्पादेखि करिब २० हात टाढा पश्चिममा पर्थ्यो । दुवै काललाई एउटा थुम्कोले छुट्याएको थियो । ३ किलोमिटर लम्बाई, सालाखाला आधा किलोमिटर चौडाई र १३० मिटर गहिरो च्छो रोल्पाको तुलनामा दूधकुण्ड अति सानो देखिन्छ । **'बढीमा २० मिटर गहिरो, ३० मिटर लम्बाई, र उति नै चौडाई थियो होला यसको'**- नजिकैको ना गाउँका नुर्बु शेर्पा लख काट्छन् । 'तर ठूलो बिगार गऱ्यो, आलुबारी धेरै लग्यो', उनले थपे ।

च्छो रोल्पाको पश्चिमी बाँधमा करिब २० मिटर अग्लो ढुङ्गो देखिन्छ । त्यही ढुङ्गोले बाँधको काम गरेको छ र त्यसको ताल पट्टिको भागमा ओढार पर्न थालेको देखिन्छ । त्यहाँ जान कठीन छ । ताल फुटेर निस्केको पानीको जंघार तर्नुपर्छ । शाही सेनाका एक दुईजना जवानहरू बाहेक अन्य कुनै अनुसन्धानकर्ताहरू पनि त्यो पानी तरेर जान सकेका छैनन् रे ! **'म पनि बल्लबल्ल गाको । साँच्चै नै ठूलो ओडार रहेछ । हिउँमाथि ढुङ्गा अडेको प्रष्ट देखिन्छ'**- कप्तान सानुकाजी थापाले बताए ।

विज्ञहरूले त्यही भाग फुट्ने अनुमान गरेका छन् । हिउँ पग्लेपछि ढुङ्गो गुल्टेला कि ! मुख्य त्रास यसैमा छ । करीब १६० मिटर अग्लो प्राकृतिक बाँध कमलो र गेरूवा माटोले बनेको हुँदा सबै फुट्न सक्ने विचार विशेषज्ञहरूको छ । यसैकारणले गर्दा अहिले बगिरहेको पानीको मुख कोट्याउन नमिल्ने अर्काथरि विद्वानको विचार छ ।

### साइरन र साइफनको कुरा

बास्तवमा जसरी सरकारी सञ्चारमाध्यमबाट च्छो रोल्पामा साइरन र साइफनहरूको प्रयोग भइरहेको छ भन्ने ठूलो प्रचार भैरहेछ, व्यवहार भने एकदमै छलकपटयुक्त देखिन्छ ।

साइफन भनेको पाइप हो । ड्रमबाट सानो पाइपले तेल निकालेको जस्तै तालभित्र पाइप छिराएर बाँधबाट पानी निकालिएको छ र त्यसैलाई साइफन भनिएको छ । सत्य के हो भने- च्छो

रोल्पाको पानीको सतह घटाउन पाइप लगाइएको होइन, जनतालाई राहत अनुभव गराउन मात्र त्यसो गरिएको हो । मान्छेले तर्न नसक्ने मात्रामा तालको मुखबाट पानी निस्किरहेको छ । यस्तोमा ४ इन्चका दुईचार वटा पाइप जोडेर पानी फाल्दा कत्तिको असर पर्ला, सहजै सोच्न सकिन्छ ।


साइफन भनेर लगिएका पाइपहरू प्रयोग भैसकेका ढलका पाइप हुन् । साइफनको निश्चित लम्बाई हुँदैन । जहाँ पुऱ्याउँदा पानी आउँछ, पाइप जोड्ने काम छोड्नु पर्छ । च्छोरोल्पामा १० फिट लामा पाइपहरू पुऱ्याइएका छन् । कुनै कुनैमा त १५ वटासम्म जोडिएका छन् । र, यो काम खानेपानी तथा ढल निकास विभागले गरिरहेको छ ।

च्छो रोल्पा फुट्यो भने यो फुटेपछि करिब ३०० मिटर तल आएर तामाकोशीमा मिसिन्छ । अहिले तामाकोशीमा आएको सबैभन्दा बढी पानी सोही तालकै हो ।

तामाकोशी किनारमा गाउँ र बजारहरू धेरै छन् । दोलखा बजारको फेदीमा रहेको रातामाटेदेखि च्छो रोल्पादेखि ३ किलोमिटर दूरीमा मात्र रहेको ना गाउँबीचमा २ हजार भन्दा ज्यादा घरहरू नदी किनारमा छन् । त्यस्तै खेतीयोग्य जमीन (बेंसीहरू) पनि त्यहीं छन् ।

अहिले गोबर खोला, जगत, सिंगटी जस्ता ठूला बजारहरू बन्द भएका छन् । साँझ पर्नासाथ मान्छे पाइदैनन् । केही भूस्याहा कुकुरहरू भुकिरहेका हुन्छन् ।

**सरकारले विदेशीहरूसँग लाखौं रूपैयाँमा भूउपग्रही टेलिफोन प्रणाली किनेको छ । तर त्यहाँबाट चार घण्टा कोशिस गर्दा पनि काठमाडौंमा सम्पर्क हुँदैन ।**



ताल फुट्दा क्षति पुग्न जाने स्थानमा सरकारले साइरन लगाएको भनेर जति काठमाडौंमा प्रचार भएको पाइन्छ, ती क्षेत्रहरूमा पुगेपछि सत्यता पाइदैन । यो देख्दा सरकारी सञ्चार माध्यमका समाचार श्रोतप्रति घृणा जाग्छ । प्रभाव पर्नसक्ने कुनैपनि स्थानमा साइरनको व्यवस्था छैन । यहाँसम्म कि तालदेखि ३ किलोमिटर दूरीकै ना गाउँका बासिन्दाले ताल फुटेको कुनै जानकारी पाउन सक्तैनन् ।

सरकारले विदेशीहरूसँग लाखौं रूपैयाँमा भूउपग्रही टेलिफोन प्रणाली किनेको छ । तर त्यो विचित्रको छ । त्यहाँबाट चार घण्टा कोशिस गर्दा पनि काठमाडौंमा सम्पर्क हुँदैन । अहिले उक्त टेलिफोन बन्द गरी सेनाको आकाशवाणी प्रणालीलाई काममा ल्याइएको छ ।

## सधैं खतरा

च्छोरोल्पा यो साल नफुटे पनि अर्को कुनै साल फुट्न सक्छ । हिमताल विज्ञहरूका अनुसार, यस्ता तालहरू जाडो-गर्मी सधैं खतरापूर्ण रहन्छन् । जाडो याममा तालको माथिल्लो सतह जम्छ । पानी जम्दा आयतन बढ्छ र बाँधलाई घचेट्छ अर्थात् बढी चाप दिन्छ । त्यस्तै, गर्मीमा प्रशस्त हिउँ पग्लन्छ । यसबाट पनि ठूलो खतरा हुन्छ । तालमा पानीको मात्रा बढेपछि स्वतः बाँधमा चाप पर्छ ।

यस्तो सम्भावित अनिष्टलाई टार्न सरकारले उपर्युक्त कदम चाल्नुपर्ने हो । त्यस्तो पाइदैन । धारा जत्रो पानी खसालेर **'साइफन जोडियो, पानीको सतह घट्दैछ'** भनेर प्रचार गरी सम्बन्धित निकाय रमाइरहेछ ।

हुन त ताल बचाउन सक्ने निकै उपायहरू भएको विशेषज्ञहरू बताउँछन् । ठूलो पाइपबाट पानी ल्याई डाइनामोबाट विद्युत निकाली उत्पादित विद्युतबाट पुनः पानी फाल्न सकिने तर्क अघि सार्नेहरू पनि प्रशस्त छन् । यो उपयोगी पनि देखिन्छ । यस प्रविधिबाट १२ महिना नै पानी फाल्न सकिन्छ ।

अहिलेकै पाइप जोडाइ प्रविधि भने साह्रै खेलाँची प्रकारको छ । कात्तिकदेखि पानी जम्ने हुँदा पाइपभित्रको पानी जम्न सक्छ । जमेपछि पानी पाइपबाट बग्ने कुरै हुँदैन ।

च्छो रोल्पा हिमतालको सन्दर्भमा सरकारले तत्काल गर्छु भनेका कामहरूमा साँच्चै ती काम गर्ने गम्भीरता अंगाल्नु जरूरी छ । यसबाहेक, यसको दीर्घकालीन समाधान निकाल्नु पनि जरूरी छ । ◆


मूल्यांकन मासिकको सहकर्मी

नव युवा

◆ के तपाईंले पढ्ने गर्नु भएको छ ?

❑ के तपाईले आफ्ना छोराछोरीहरु, भाइबहिनीहरुको निम्ति किनेर घर लगिदिने गर्नु भएको छ ?

युवा पुस्ताको निम्ति स्वस्थ र सार्थक पाठ्य सामग्री




हाम्रा हरेक अंक तपाई निम्न सामग्रीहरुले भरपूर पाउनु हुनेछ !

- ◆ विज्ञान/प्रविधिका आश्चर्यजनक आविष्कारहरु
- ◆ प्रकृतिका अनेकौं रहस्यहरुको रहस्योद्घाटन
- ◆ नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानबर्द्धक जानकारीहरु
- ◆ संसारका र नेपालका महत्त्वपूर्ण मानिसका जीवनीहरु
- ◆ आई. क्यू. बढाउन मद्दत गर्ने सामग्रीहरु
- ◆ वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने रचनाहरु
- ◆ इतिहासका रोचक र प्रेरक प्रसंगहरु
- ◆ खेलकूद, फिल्म, रंगमञ्चका ताजा गतिविधिहरु र तिनीहरुको ज्ञानबर्द्धक समीक्षा
- ◆ सामान्य ज्ञानहरु
- ◆ विभिन्न विषयमा पाठकहरुको सक्रिय सहभागितामूलक सामग्रीहरु
- ◆ मुक्तक, कविता र कथाहरु आदि ।

हरेक अंक विशेष अंक

# कसरी बढ्दैछ नर्वेमा र यूरोपमा कम्युनिष्ट आन्दोलन ?

## नर्वेको कम्युनिष्ट पार्टी AKP का नेतासँगको अन्तर्वार्ता



**मध्य रातमा घाम झुल्कने यूरोपेली देश नर्वेमा पनि कम्युनिष्ट पार्टी छ ? यो कुरा हामीमध्ये धेरैको जिज्ञासा हो । नर्वेको Workers' Communist Party (AKP) का अन्तर्राष्ट्रिय सचिव तथा केन्द्रीय समितिका सदस्य क. अर्नजोत अस्कको यो जीवन्त अन्तर्वार्ताले त्यो जिज्ञासालाई मेट्ने प्रयत्न गरेको छ । यो अन्तर्वार्ता उहाँ गत वर्ष २७ नोभेम्बरदेखि १३ डिसेम्बरसम्म भारत भ्रमणका लागि आउँदा भाकपा (माले) लिबरेशन समूहको मुखपत्र 'समकालीन लोकयुद्ध' पत्रिकाले लिएको थियो । हामीले त्यही पत्रिकाको १६ जनवरी १९९७ मा प्रकाशित अंकबाट यो अन्तर्वार्ता नेपालीमा अनुवाद गरेका छौं र यहाँ प्रस्तुत गरेका छौं ।**

**स्मरणीय छ, १९७० को दशकमा नर्वेमा वर्कर्स कम्युनिष्ट पार्टी (एकेपी) को स्थापना भएको थियो । यी पार्टीमा मार्क्सवाद-लेनिनवाद र माओ विचारधारामा विश्वास राख्ने विभिन्न धारका व्यक्तित्वहरु सामेल भएका थिए । यो पार्टीको मजदूर र आम जनसमुदायमा राम्रो प्रभाव छ । नर्वेको संसदमा १ जना र काउन्टी सभाहरुमा ४० जना यस पार्टीका सदस्यहरु चुनिएका छन् । यस पार्टीको नेतृत्वकारी निकायहरुमा ५० प्रतिशत महिलाहरु र आधी संख्या मजदूर फाँटबाट आएका सदस्यहरु छन् ।**

**-मूल्याङ्कन**

**अचेल कम्युनिष्टहरुको अन्तर्राष्ट्रिय भेटघाट, जमघट र सेमिनारहरु भइरहेका छन् । यसबारे यहाँको प्रतिक्रिया के छ ?**

-हालका वर्षहरूमा आफ्ना अनुभवहरू आदानप्रदान गर्नका लागि कम्युनिष्टहरू र क्रान्तिकारीहरू बीच एकआपसमा भेटघाट गर्ने, जमघट गर्ने राम्रो क्रियाशीलता देखिनथालेको छ । यस्ता जमघटहरूमा तिनीहरूले निकै नै लचिलोपना पनि देखाइरहेका छन् । परिस्थितिले हरेक कम्युनिष्ट पार्टीलाई आफ्नो विगतका अनुभवहरूको प्रकाशमा आफ्ना लाइनहरू राम्ररी जाँच्नका लागि र आफ्ना रणनीतिहरू विकसित गर्नका लागि बाध्य पारिरहेको छ ।

हाम्रो पार्टीले पहिलेदेखि नै अन्य थुप्रै पार्टीहरूसँग व्यापक रूपमा सम्पर्क राख्दै आइरहेको छ । गत दुईतीन वर्षभित्र यो सम्पर्क अरू बेसी बढेको छ । द्विपक्षीय र बहुपक्षीय सम्पर्कहरूमा भएको यो बृद्धि निश्चित रूपमा एउटा सकारात्मक प्रवृत्ति हो । फेरि पनि अनेक प्रश्नहरूमा हामीहरूबीच असहमतिहरू छन्, हाम्रा विचारहरू भिन्न छन् र अगाडि बढ्ने रणनीति पनि स्पष्ट छैन । जमघटको मामिलामा यूरोपमा र हाम्रो देशमा पनि क्रान्तिकारीहरूबीच एक प्रकारको नयाँ जोश र जाँगर देखापरिरहेको छ, विशेष गरी युवाहरूबीच यो प्रवृत्ति प्रखर रूपमा देखापरिरहेको छ ।

माओलाई मान्ने पृष्ठभूमि भएका संगठनहरूले ती संगठनहरूसँग पनि भेटघाट गरिरहेका छन्, जुन संगठनहरू पहिले मस्को लाइन, अल्बानियाली समूह वा क्यूबाली समूहका रूपमा चर्चित थिए । यस परिस्थितिमा कुनै नयाँ अन्तर्राष्ट्रिय कम्युनिष्ट संगठन बनाउन हामी हतारिहाल्नु हुँदैन । बरू हरेक पार्टीले एक अर्कोबाट सिक्ने र खास खास क्षेत्रमा एकले अर्कालाई समर्थन गर्ने काम थालिहाल्नु पर्दछ । यस्तो काम गर्दै जाने क्रममा आफ्नो पार्टीगत स्वतन्त्रतालाई यथावत राखीछाड्नु पर्दछ र कुनै 'ठूलो दाजु'माथि निर्भर नभइकन आआफ्नो देशमा क्रान्तिका लागि रणनीति बनाउनु पर्दछ ।

**तपाईं आफ्नो पार्टी AKP को विकासक्रमको बारेमा संक्षेपमा केही बताउनु हुन्छ कि ?**

-१९८० को दशकमा एकेपीको संगठनात्मक शक्तिमाथि ठूलो धक्का लागेको थियो । १९८९ र १९९० को उथलपुथलमा हाम्रा धेरैजसो कमरेडहरू दिग्भ्रमित भएर हामीबाट अलग्गिए । तर यसका बावजूद पनि नर्वेमा हाम्रो राजनीतिक प्रभाव १९७० पछि लगातार बढ्दै आइरहेको छ । ट्रेड यूनियनहरूमा हाम्रो वर्ग संघर्षको लाइन बिस्तारै मजबूत हुँदै आएको छ । चुनावहरूमा हाम्रो जनसमर्थन बढेको छ । महिला आन्दोलनका लागि हाम्रो दिशाले व्यापक स्वीकृति प्राप्त गरेको छ । विगतका केही वर्षहरूमा हाम्रो पार्टी राजनीतिक र वैचारिक रूपले सुदृढ भएको छ । अवसरवादी प्रवृत्तिहरू कमजोर हुँदै गइरहेका छन् । केही वर्ष अगाडि जुन जुन कमरेडहरूले पार्टी छाडेर गएका थिए, उनीहरू फेरि पार्टीभित्र फर्केर आएका छन् ।

**यूरोपमा चलिरहेको कम्युनिष्ट आन्दोलनको वर्तमान स्थितिको बारेमा केही बताउनुस् त ।**

-सोभियतसंघको विध्वंशपछि संगठन र आन्दोलनलाई नयाँ ढंगले जगैदेखि उत्थान गर्ने प्रयासहरू भइरहेका छन् । तथाकथित माओवादी परम्पराअनुसार चल्ने पार्टीहरू अब छैनन् नै भने पनि हुन्छ । उनीहरूको कुनै सामाजिक जनाधार छैन । फेरि पनि हामी त्यस्ता केही शक्तिहरूलाई नजीक ल्याउने काममा सफल भइरहेका छौं, जुन शक्तिहरू सोभियत-विध्वंशको धक्का सम्हालेर अगाडि बढिरहेका छन् र जन-आन्दोलनहरूलाई कम या बढी मात्रामा प्रभावित गरिरहेका छन् । हामीलाई लाग्दछ- यूरोपमा कम्युनिष्ट आन्दोलनको कुनै नयाँ उभार ल्याउनका लागि यूरोपको पूँजीपति वर्गका नवउदारवादी नीतिहरूका विरुद्ध सक्रिय हुनु जरूरी छ, किनकि समस्त यूरोपको जनसमुदायको जीवन स्तर र जनवादी अधिकाररूहरूमाथि गंभीर रूपले हमला भइरहेको छ र जनताले त्यसका विरूद्ध आफ्ना प्रतिक्रियाहरू व्यक्त गरिरहेका छन् ।

यदि कम्युनिष्टहरूले यो संघर्षमा पहलकदमी लिएनन् भने दक्षिणपन्थी शक्तिहरू, यहाँसम्म कि फासीवादी आन्दोलनहरूलाई समेत यसबाट फाइदा पुग्न जान्छ । हामीलाई के लाग्दछ भने- यूरोपको वस्तुगत परिस्थितिले क्रान्तिकारी राजनीतिको सामुन्ने अग्रगामी नयाँ कदमहरू चाल्नका लागि जोडदार माग गरिरहेको छ ।

**करीब एक वर्ष अगाडि फ्रान्सको मजदूर आन्दोलनमा एलाँ जुप्पे सरकार र उसको नव उदारवादी नीतिहरुका विरुद्ध सार्वजनिक क्षेत्रका मजदूरहरुका साथै निजी क्षेत्रका मजदूरहरु, बुद्धिजीवीहरु र विद्यार्थीहरुको जुझारु एकता कायम भएको थियो । तर संगठन र विचारधाराको क्षेत्रमा के कुराको कमी भएर हो, आन्दोलन उच्च स्तरसम्म पुग्न पाएन । यसबाट सर्वहाराको पार्टीले के पाठ सिक्नु पर्छ ?**

-यो एउटा महत्वपूर्ण कुरा हो, किनकि सुधारवादी नेतामा अहिले पनि संघर्षलाई पथभ्रष्ट गर्ने क्षमता छ । हामीमा संघर्षको परिप्रेक्ष्यलाई व्यापक बनाउनको लागि राजनीतिक नाराहरूलाई अझ माथि उठाउने तागतको अभाव छ । तर अहिले यो पनि भन्न सकिँदैन कि, कुनै पश्चिमी यूरोपीय देशमा क्रान्तिकारी परिस्थिति मौजूद छ । तर सक्रिय कम्युनिष्ट पार्टीहरूले राजनैतिक चेतनाको स्तर माथि उठाउन र कम्युनिष्टहरूलाई भर्ना गर्नको लागि यी संघर्षहरूको उपयोग गर्न सक्छन् । हामीले अहिले यूरोपमा वर्ग-संघर्षको शुरूवात मात्र भएको देखेका छौं । आउँदा वर्षहरूमा अन्तरविरोधहरू अझ तीव्र बन्नेछन् । राष्ट्रियताको प्रश्न पनि धेरै मात्रामा अगाडि आइरहेको छ र साम्राज्यवादीहरूका बीच आपसी प्रतिद्वन्द्विता पनि बढिरहेको छ । ठूला यूरोपीय राज्यहरू आपसमा मिलेर यूरोपीय संघ बनाउन कोशिस गरिरहेका छन् । तर त्यस संघको अधिपति को हुन्छ, अझै पनि सुल्झेको छैन ।

**यूरोपको मजदूर वर्गले नयाँ उदारवादी हमला र विश्वव्यापकीरण अभियानको साथसाथै कल्याणकारी राज्यको बिदाइमा कस्तो प्रतिक्रिया देखाइरहेको छ ?**

-जर्मनी, फ्रान्स, स्पेन र ग्रीसमा

मुख्यतः यी सबै कारणले कल्याणकारी राज्यको क्षय हुँदै गएपछि, ट्रेड युनियन र जनवादी अधिकार हनन हुँदै गएपछि, त्यसको प्रतिवाद भइरहेको छ। यद्यपि, भारत जस्तो तेस्रो मुलुकका देशहरूको दाँजोमा पश्चिम यूरोपेली देशहरूमा आम जीवनस्तर धेरै माथि छ। तैपनि अधिकांश वस्तीको जीवनस्तर गिर्दै आइरहेको छ। खास गरेर युवा पिँढीका बेरोजगार व्यक्तिहरूलाई ,साथसाथै बेल्जियम, इटली, ब्रिटेन आदि देशहरूभित्रका कैयन कैयन अंचलहरूलाई पाखातिर धकेलिँदैछ।

**सामाजिक जनवादी पार्टीहरूभित्र यो सामाजिक अन्तरविरोध कसरी अभिव्यक्ति भइरहेको छ ?**

यूरोपका विभिन्न देशहरू, जस्तो नर्वे र स्वीडेनमा, सामाजिक जनवादी पार्टीहरू नै अब पूँजीवादीहरूका नीतिहरू लागू गर्ने अन्तिम हतियार भएका छन्। किनकि, अहिलेसम्म पनि मजदूरहरूबीच उनीहरूको प्रभाव यथावत छ। यदि बुर्जुवा पार्टीहरू स्वयंले सामाजिक कल्याण योजनाहरूमा कटौती गरे भने त अझै जोडदार प्रतिवाद हुनेछ। सामाजिक जनवादी नेतृत्वको पनि बढी भाग बुर्जुवा वर्गको अंग बनिसकेको छ। उनीहरूको पनि ठूला ठूला कम्पनीहरूमा शेयर छ, कुनै नेताहरू त ठूला उद्यमीहरूका बोर्डहरूमा पनि सामेल भएका छन्। वास्तवमा, अहिले नर्वेको सबभन्दा प्रभावाली पूँजीवादी नेता त सामाजिक जनवादीहरूको पंक्तिबाट नै आइरहेका छन्।

**के यसले सामाजिक जनवादीहरुको बीच फाटो वा ध्रुवीकरण पैदा भएको छैन ?**

अँ, भएको छ। जस्तो कि, नर्वेमा सामाजिक जनवादी सत्तारूढ पार्टीभित्र विरोध बढिरहेको छ। तर यो विरोधले अझै पनि क्रान्तिकारी चरित्र अप्नाउन सकेको छैन। उनीहरू अझै यो भ्रममा छन् कि, सुधारवादी वर्ग-सहयोगको नीतिले नै पुरानो सुनौलो दिन फर्कन सक्छ। तर यूरोपमा कहीं पनि अब यो कुरा सम्भव छैन। वास्तवमा क्रान्तिकारीहरूको लागि पनि यो एउटा ठूलो चुनौती भएको छ। त्यसैले हामीले अब यस्तो कार्यनीति लिनुपर्ने हुन्छ, जसले यस विरोधलाई, कमसेकम त्यसको केही भागलाई, अधिक जुझारू दिशातिर मोड्न सकियोस्। तर यस्तो गर्नका लागि क्रान्तिकारी शक्तिहरू आफै नै मजबूत हुनु पर्दछ। तपाई यो भ्रममा नरहनुस् कि बाहिरको दवाब बिना नै यी वामपन्थी सामाजिक जनवादी पक्षभित्रका विरोधी पक्षहरूले क्रान्तिकारी बाटो पहिल्याउनेछन्।

**यूरोपका सोभियत समर्थक पार्टीहरुमाथि सोभियतसंघको पतनबाट के असर परेको छ ?**

पूर्वी यूरोपका विभिन्न पार्टीहरू एक किसिमको समाजवादी पार्टी बन्न पुगेका छन्। पहिलेका कम्युनिष्ट पार्टीहरू टुटेका छन्। सोभियतसंघको पतन हुनुभन्दा ठीक पहिला इटली, फ्रान्स तथा ग्रीसका परम्परागत कम्युनिष्ट पार्टीहरूभित्रका विपक्षी समूहहरू त्यसबाट बाहिर निक्ले र उनीहरूले आआफ्नो संगठन बनाए। यी समूहहरू सामान्यतया सोभियत संसोधनवादका विरोधी थिए। तर माओलाई ग्रहण गर्ने, त्यस समयको पहिचान गर्ने र सोभियतसंघलाई समाजवादी भन्न सकिने र नसकिने मामलामा भने उनीहरूमा मतभेद नै रहेको छ। सोभियतसंघको कम्युनिष्ट पार्टीको पतनको सँगसँगै उसमाथि निर्भर विभिन्न पार्टीहरू पनि नष्ट भएर गए। फ्रान्स, स्पेन र ग्रीसका पार्टीहरूले भने आफ्नो शक्ति बचाए किनकि, उनीहरूसँग केही स्वतन्त्र शक्ति पनि विद्यमान थियो।

**सोभियतसंघको कम्युनिष्ट पार्टीको पतनको सँगसँगै उसमाथि निर्भर विभिन्न पार्टीहरु पनि नष्ट भएर गए। फ्रान्स, स्पेन र ग्रीसका पार्टीहरुले भने आफ्नो शक्ति बचाए, किनकि ......**

**यस मोडमा यूरो-कम्युनिज्मवाला पार्टीहरु कहाँ गए ?**

यूरोकम्युनिज्मको वकालत गर्ने अधिकांश पार्टीहरू सामाजिक जनवादी पार्टी बन्न पुगे र उनीहरूले आफ्नो पार्टीको नाम बदले। फ्रान्स र स्पेनका पार्टीहरूले भने आफ्नो पार्टीहरूको नाम कम्युनिष्ट पार्टी नै राखे तर उनीहरूले अधिकाधिक मात्रामा सामाजिक जनवादी चरित्र नै अपनाएर गइरहेका छन्।

**यूरोपबाट पूँजी निर्यातमा आइरहेको तीव्रताले यूरोपीय देशहरुको उत्पादन सम्बन्धमा के प्रभाव पारिरहेको छ ?**

हामीले यूरोपभित्र पनि ठूलो पूँजीवादी लगानी देखिरहेका छौं। वास्तवमा तीन चौथाई प्रत्यक्ष विदेशी लगानी साम्राज्यवादी केन्द्रहरूकै बीच भइरहेको छ। यसले काउत्स्कीलाई लेनिनले गरेको त्यो टिप्पणीलाई नै सही भनेर देखाएको छ कि, साम्राज्यवादले उपनिवेशहरूको शोषण मात्र गर्दैन, उनीहरू बीच औद्योगिक केन्द्रहरूमाथि प्रभुत्व कायम गर्नको लागि पनि तीव्र होडबाजी गर्छ।

तर हामीले संसारको यस भागमा उच्च प्रविधिसहितको लगानीको प्रधानता देखेका छौं। अर्थात्, अधिकतम नाफा दिने खालका क्षेत्रहरूमा लगानीको साथसाथै उच्चस्तरको स्वचालित प्रविधिको प्रयोग। यसले गर्दा यूरोपमा पनि सीमान्तीकरण र ध्रुवीकरण पैदा भइरहेको छ। नर्वेमा यस्तो हुनाले हाम्रो राष्ट्रिय साधनहरूको तीव्र दोहन भइरहेको छ, जसको मूल्य हाम्रो नयाँ पिँढीले चुकाउनु पर्नेछ। आज पनि देशको ठूलो क्षेत्रमा जीवन-स्थितिहरू बिग्रँदै गइरहेका छन्।

तेस्रो विश्वका नाफादायक क्षेत्रहरूमा पूँजीको तीव्र निर्याततले गर्दा पनि वास्तवमा यही प्रवृत्तिलाई बलियो पारेको छ। सत्तरीको दशकसम्म औपनिवेशिक शोषणको प्रकृतिभन्दा अलग्गै, पूँजीवादीहरूमा मजदूरहरूलाई किन्न पैसा खर्च गर्ने जुन प्रवृत्ति थियो, अब त्यो रहेन। यो सुधारवादी नीति अब उनीहरूको एजेण्डाबाट हराइ-सकेको छ।

**विश्वव्यापीकरणको परिस्थितिमा राष्ट्रिय सम्प्रभुताको लागि संघर्षको स्थिति कस्तो छ, खास गरेर यूरोपीय संघका देशहरुमा र नर्वे जस्तो देशमा ?**

-मेरो विचारमा आउँदा वर्षहरूमा सर्वहारा र शोषित जनसमुदायको लागि राष्ट्रिय सम्प्रभुताको रक्षा अझै महत्वपूर्ण मुद्दा बन्न जानेछ। विश्वव्यापी स्तरमा र यूरोपमै पनि तीव्र हुँदै गइरहेको औपनिवेशीकरण तथा साम्राज्यवादी राज्यहरू आफै बीच तीव्र हुँदै गइरहेको प्रतिद्वन्द्विता यसैको कारण हो। साना साना साम्राज्यवादी राज्यहरूका पूँजीपति वर्ग 'दलाल' बन्दै गएको तपाई देख्न सक्नु हुन्छ। उनीहरू अतिरिक्त नाफा कमाउने विश्वव्यापी होडमा ठूलो साम्राज्यवादी पूँजीको पुच्छर समातिराख्न चाहन्छन्। यसबाट जनताको राष्ट्रिय तथा जनवादी अधिकारको हनन हुनेछ। यदि सर्वहारा तथा कामदार जनसमुदायको नेतृत्वमा राष्ट्रिय उत्पीडिनका विरूद्ध संघर्ष चलाइयो भने, त्यो समाजवादी क्रान्तिको हिस्सा बन्न जानेछ। पूँजीवादको सीमाविहीन लूटको बाटोमा राष्ट्रिय सम्प्रभुत्ता बाधक बनेको छ। त्यहीं नै अन्धराष्ट्रवादको प्रयोग गरेर ठूला ठूला शक्तिहरूले जनतालाई फुटाउँछन्, उनीहरूमाथि प्रभुत्व जमाउँछन् र उनीहरूलाई आफ्नो साम्राज्यवादी योजनामा फँसाउँछन्।

यूरोपीय संघको पूरै योजनालाई जर्मन पूँजीपति वर्गले चौथो साम्राज्य बनाउने साधन सम्झिरहेको छ। हिटलरले धेरै नै अतिवादी तरिकाबाट जुन कुरा प्राप्त गर्न सकेन, त्यो कुरालाई उनीहरू अहिले आर्थिक तरिकाले प्राप्त गर्न चाहिरहेका छन्। एकातिर, अहिलेसम्म यस नीतिले जनताको नै घाँटी अँचेटिरहेछ। अर्कोतिर, यसले एक दिन ठूला शक्तिहरूको बीचको एकतालाई पनि तोड्ने छ। यदि हामीले यस नीतिका विरूद्ध संयुक्त मोर्चा बनाउन सकेनौं भने, यूरोप एउटा डरलाग्दो परिस्थितिमा फँस्न जानेछ। नर्वेमा हामीले यस्तै एउटा प्रगतिशील संयुक्त मोर्चा चलाएकोले नै हामीहरू यूरोपीय संघबाट बाहिर रहन सक्यौं। संघको भित्र मास्ट्रिच सन्धिका विरूद्ध हड्ताल र प्रतिरोधहरू हुनु पनि एउटा सकारात्मक प्रवृत्तिको परिचय हो। प्रतिद्वन्द्वी साम्राज्यवादी राज्यहरूको बीचमा उब्जेको यो होडबाट उत्पन्न हुने विनाशमा यूरोप फँस्नु अगाडि नै यस संघपरियोजनालाई लोकप्रिय जन-गोलबन्दीको माध्यमबाट निर्णायक तरिकाले रोक्नुपर्ने हुन्छ।

**राष्ट्र-राज्यहरुको अन्त तथा इतिहासको अन्त जस्ता घोषणाहरुमा तपाईको के प्रतिक्रिया छ ?**

मलाई आशा छ- आउँदा दशकहरूमा पनि राष्ट्रराज्यले इतिहासमा महत्वपूर्ण भूमिका निभाउनेछ। राष्ट्र-राज्यहरूको संख्या बढ्नेछ। पूँजीपतिहरू, जसले यी राज्यहरू जन्माए, आज उनीहरूले आफ्नो शोषणको बाटोमा यसलाई बाधा सम्झे तापनि राष्ट्र-राज्यको महत्वपूर्ण भूमिका हुनेछ। कामदार जनसमुदायको लागि त अन्तर्राष्ट्रवाद नै सबभन्दा राम्रो मार्गनिर्देशक सिद्धान्त हो। तर आजको युगमा यसका साथसाथै साम्राज्यवादी लूटका विरूद्ध स्वतन्त्र र समान राष्ट्र-राज्यहरूको रक्षाको प्रश्न पनि जोडिएको छ। साम्राज्यवादी हैकमविरूद्धको यो एउटा हतियार हो।

हामीलाई लाग्छ, समाजवाद अथवा पूँजीवाद हमेशाको लागि नै खत्तम हुन्छ भन्ने प्रचार गलत हो। यो कुरा पूँजीवादको वर्तमान स्वरूपबाटै खुलस्त हुन्छ। नर्वेमा पनि अहिले नै हामीहरू अरू यूरोपीय देशहरूमा जस्तै खुला रूपमा समाजवादी क्रान्तिलाई उठाउन सक्ने स्थितिमा छैनौं। तर बढीभन्दा बढी मानिसहरू पूँजीवाद विरोधी आन्दोलन अथवा वर्तमान वास्तविक पूँजीवादको विरूद्ध भएको जुझारू संघर्षमा सामेल भइरहेका छन्। यो कुरा कम्युनिष्टहरूको लागि पासा पल्टिने तथा फेरि हमला गर्न सकिने स्थितिमा आउनको लागि एउटा अनुकूल स्थिति हो। यताका वर्षहरूमा हामीले युवाहरूको बीच यो परिवर्तन देखिरहेका छौं। युवाहरू क्रान्तिकारी विकल्प खोजिरहेका छन्। हाम्रो युवा संगठन बढीभन्दा बढी प्रभावशाली हुँदै गइरहेको छ। ◆

# मंगोलियामा पूँजीवादीहरुको नराम्रो हार

## के मंगोलियामा कम्युनिष्ट राष्ट्रपति चुनावमा जितेका हुन् ?



पूँजीवादी स्वेमाद्वारा कम्युनिष्ट भनी प्रचारित मंगोलियन पिपुल्स रिभोल्यूशनरी पार्टीका नेता नचाग्यान बागाबान्दी गत जेठको पहिलो हप्ता मंगोलियामा भएको राष्ट्रपति पदको चुनावमा विजयी भएका छन् । ६१ प्रतिशतभन्दा बेसी मत ल्याउन सफल नचाग्यान बागाबान्दीले प्रजातान्त्रिक नेताको खोल ओढेर शासन गरिरहेका दक्षिणपन्थी राष्ट्रपति पुन्सालमागियान ओचिर्बाटलाई नराम्ररी पछारेका छन् ।

पराजित राष्ट्रपति ओचिर्बाट दक्षिणपन्थी पार्टीहरू **नेशनल डेमोक्रेटिक पार्टी** र **सोशल डेमोक्रेटिक पार्टी**को संयुक्त मोर्चा प्रजातान्त्रिक यूनियनका नेता हुन् । पाँच वर्ष अगाडि भएको राष्ट्रपति पदको चुनावमा अत्यधिक बुहमत ल्याएर विजयी भएका ओचिर्बाट पाँचै वर्षमा यति धेरै गन्हाए कि, मंगोलियाका जनताबाट उनले ३० प्रतिशतभन्दा बेसी भोट पाएनन् ।

सोभियतसंघपछि, संसारको दोस्रो समाजवादी क्रान्ति भएको मुलुकका रूपमा चर्चित देश मंगोलिया १९२१ देखि १९९० को दशकको शुरूसम्म कम्युनिष्ट पार्टीद्वारा शासित देश हो । सोभियत संघको पुच्छर देशको रूपमा चर्चित भएको यस देशका कम्युनिष्ट शासकहरूको सोभियत संघको

> **नग्न पूँजीवादी प्रजातन्त्रप्रतिको जन आक्रोशकै परिणामस्वरुप मंगोलियन पिपुल्स रिभोल्यूशनरी पार्टीका युवा नेता नचाग्यान बागाबान्दीले राष्ट्रपति पदमा अत्यधिक मत लिएको देखिन्छ । ओचिर्बाटको पराजयले गर्दा अब सन् २००० सम्ममा मंगोलियालाई सम्पूर्ण रुपले खुला बजार अर्थतन्त्रतिर धकेलेर पूँजीवादीकरणको अभियान पूरा गर्ने पूँजीवादीहरुको सपनामा ब्रेक लागेको छ ।**

अन्ध-नक्कल गर्ने बानी, सत्ता शक्तिप्रतिको मोह र जनप्रतिबद्धताको अभावले गर्दा सोभियतसंघको विध्वंशसँगै त्यहाँको तथाकतिथ समाजवाद पनि ढल्यो । १९९० देखि विपक्षी पार्टीहरूले पनि राजनीति गर्ने अधिकार प्राप्त गरेपछि पूँजीपति वर्ग राजनीतिक रूपमा संगठित भएर मैदानमा देखापऱ्यो । साम्राज्यवादी पूँजीवादी शक्ति समर्थक शक्तिहरू- **नेशनल डेमोक्रेटिक पार्टी** र **सोशल डेमोक्रेटिक पार्टी**को मुकुण्डो लगाएर प्रकट भए भने राष्ट्रिय पूँजीपति वर्ग मंगोलियन पिपुल्स रिभोल्यूशनरी पार्टीमार्फत् देखापऱ्यो ।

यी सबै शक्तिहरूको लडाईको अखडाको रूपमा विकसित मंगोलियाको राजनीतिमा १९९० को जुलाई महिनामा भएको आम चुनावमा तथाकथित कम्युनिष्टहरूले नै संसदीय चुनावमा विजय प्राप्त गरे । तिनै कम्युनिष्टहरूको शासन कालमा सन् १९९२ मा सामाजवादी संविधानलाई खारेज गरी पूँजीवादीकरणको शुरूवात गर्ने, खुला-बजार अर्थतन्त्रलाई प्रवेश गर्ने कार्य थालिएको थियो । पूँजीवादीकरणको यो अन्धदौडको अभियानलाई जुन १९९३ मा राष्ट्रपति पदमा विजयी भएका पुन्सालमागियान ओचिर्बाटले तीब्रता दिएको देखिन्छ । उनलाई देश र जनतालाई डुबाउने शर्तमा पनि मंगोलियामा लागु गरिएको खुला-बजार अर्थतन्त्रका डिजाइनर पनि भनिन्छ । उनको यही खुला-बजार अर्थतन्त्रले गर्दा देशमा डरलाग्दो ढ ले बेरोजगारी, मह ी र गरीबी देखापऱ्यो । पूर्वी यूरोपका देशहरूमा जस्तै पूँजीवादी राष्ट्रपति ओचिर्बाटले समाजवादका बचेखुचेका अवशेषहरूलाई ध्वंश गर्न थालेपछि नग्न पूँजीवादी प्रजातन्त्रको तीतो अनुभव गर्न विवश मंगोलियन जनताले असन्तुष्टि, आक्रोश र विद्रोहहरू सार्वजनिक रूपमा प्रकट गर्न थाले ।

यही नग्न पूँजीवादी प्रजातन्त्रप्रतिको जन आक्रोशकै परिणामस्वरूप **मंगोलियन पिपुल्स रिभोल्यूशनरी पार्टी**का युवा नेता नचाग्यान बागाबान्दीले राष्ट्रपति पदमा अत्यधिक मत लिएको देखिन्छ । ओचिर्बाटको पराजयले गर्दा अब सन् २००० सम्ममा मंगोलियालाई सम्पूर्ण रूपले खुला बजार अर्थतन्त्रतिर धकेलेर पूँजीवादीकरणको अभियान पूरा गर्ने पूँजीवादीहरूको सपनामा ब्रेक लागेको छ । नवनिर्वाचित राष्ट्रपति बागाबान्दीले निजीकरणको यात्रालाई अलिकति ढिलो पार्ने र पूँजीवादीकरणलाई अलिकति मत्थर पार्ने बचन दिँदै आइरहेका छन् ।

जितेको पार्टीको सम्पूर्ण कार्यक्रम हेर्दा यो पार्टी सारमा सुधारवादी-जनवादी देखिन्छ । पूँजीवादीकरणको प्रक्रियालाई छिटो गर्ने कि ढिलो गर्ने भन्ने विषयमा अब राष्ट्रपति बागाबान्दी र दक्षिणपन्थी सरकारका प्रधानमन्त्री पुनत्साग्लिन जसरायबीच केही हदसम्म टक्कर हुने सम्भावना छ । राष्ट्रपति बागाबान्दी आफ्नो बचनप्रति प्रतिबद्ध भएमा उनले प्रधानमन्त्री जसरायका उदारवादी नीति र कार्यक्रमहरूमाथि राष्ट्रपतिको अधिकार प्रयोग गरी पटक पटक हस्तक्षेप गर्नुपर्ने

### राष्ट्रपति बागाबान्दी

स्थिति आउन सक्छ । खुला-बजार अर्थतन्त्र समर्थक भनी दावी गर्ने तथाकथित कम्युनिष्ट पार्टी मंगोलियन पिपुल्स रिभोल्यूशनरी पार्टीका नेताले नै यसरी पूँजीवादीकरणको केही हदसम्म विरोधमा उभिने आँट गरेमा त्यसलाई सकारात्मक नै मान्नुपर्ने देखिन्छ, तर यो आँट कतै जनताको आक्रोशलाई केही समयको लागि मत्थर पार्ने नयाँ ढोंग त होइन ? यो प्रश्न पनि चारैतिर उठिरहेको छ ।

अन्तमा, बागाबान्दी र उनको पार्टीलाई कम्युनिष्ट भनी प्रचार गर्ने सबैको ध्यानाकर्षण गर्दै **मंगोलियन पिपुल्स रिभोल्यूशनरी पार्टी**का महासचिव इनकायार र बागाबान्दीको चुनावका व्यवस्थापक बेयरका भनाइहरू यहाँ उद्धृत गर्न चाहन्छुः-

**हाम्रो पार्टीले बजार अर्थतन्त्रलाई स्वीकार गर्दछ ।**


-महासचिव इनकायार

**म कम्युनिष्ट होइन, हाम्रो राष्ट्रपति बागाबान्दी पनि कम्युनिष्ट होइनन् । अब मंगोलियामा कोही कम्युनिष्ट छैनन् ।**

-चुनाव व्यवस्थापक बेयर

❑ राजेन्द्र महर्जन

महावली हनुमानको वरदान !
सुन्दर र सुरक्षित छानाको पहिचान !!



हनुमान छाप कर्कट (जस्ता) पाता
टिकाउपनाको अर्को नाम
सुन्दर स्टील्स प्रा. लि.
विरगञ्ज फोन : ०५१-२१८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),
काठमाडौं फोन : २७०७३०, २७०४५६,
फ्याक्स : ९७७-१२७०९७३

# नग्नताको संस्कृति र कहालीलाग्दो दृश्य

◆ राजेन्द्रप्रसाद अधिकारी

## क्यानडा बसाइको एक संस्मरण

> 'आफ्ना छोरी वा बहिनीलाई नंग्याएर हामी मनोरञ्जन गर्न सक्दैनौं । तर, यिनीहरूलाई मतलब छैन । पैसाको लागि जे पनि गर्छन् यिनीहरू ।'

के नग्नता पनि विकासको सूचक हुन सक्छ ? के नग्नताले स्वतन्त्रताको प्रतिनिधित्व गर्न सक्छ ? के नग्नता मानिसको जीवनको अभिन्न अंग बन्न सक्दछ ? के नग्नतासँगै मानिसले गर्वको शीर ठाडो पारेर सभ्यपनाको छाती चौडा पार्न सक्छ ?

हालै जब मैलै विकसित पूँजीवादी राष्ट्रमध्ये एउटा देश क्यानाडाको शहर क्यालगरीमा अप्रत्याशित रूपमा नग्नता देख्न पुगें, तब म आश्चर्यचकित मात्र नभएर एकछिन स्तब्ध बन्न पुगें ।

विकासको चरमचुलीमा मस्त रहेको देश क्यानाडाको यो शहर, जहाँ दिनभन्दा रात उज्यालिएको हुन्छ र हरेरात दीपावलीको रातझैं जगमगाएको हुन्छ । जहाँ सडकमा मानिस हैन, गाडीहरू दगुरिरहेका हुन्छन्, सफा छ र सुन्दर छ क्यालगरी शहर । तर, यही शहर सम्पन्नताको विशाल छातीभित्र नग्नता पस्केर सस्तो मनोरञ्जन बाँडिरहेको छ । म एक अविकसित एवं गरीब देशको मानिस । मलाई यहाँको नग्नताको अप्रत्याशित देखाइले स्तब्ध पारेको छ । मलाई विकसित पूँजीवादी देशको नग्नताको संस्कृति देख्दा कहाली लागेको छ ।

११ जनवरी १९९७ को दिन भारतीय मूलका फिजीका नागरिक सुधाकरणले, म र मेरो एकजना साथीलाई उनको घर देखाउन लैजान चाहे । उनी बीस वर्षदेखि क्यालगरी शहर आएर क्यानाडाकै नागरिक भएर बसिरहेका छन् । उनीसँग मेरो साथीको भेट भ्यानकुभरदेखि क्यालगरीसम्म हवाइजहाजमा आउँदा एकघण्टाको उडानको क्रममा भएको थियो । दिनको २:३० बजेतिर उनी हामी बसेको क्वीन्स अपार्टमेन्टमा हामीलाई लिन आए । उनको गाडीमा हामी बस्यौं र त्यो दिनको बाँकी समय हामीले सुधाकरणको हातमा सुम्पियौं । उनीसँग हामीले हिन्दीमा कुरा गर्दै फिजीका भारतीयहरूका बारेमा जानकारी लियौं र उनलाई हामीले भारत र नेपालका बारेमा आफूले थाहा पाएजति जानकारी दियौं ।

कुरै कुराको क्रममा उनले सोधे- नेपाल भारतको यौटा राज्य हो कि क्यानडा जस्तै स्वतन्त्र देश हो ?

हामीले उनलाई स्पष्ट पार्‍यौं- नेपाल भारतसँग सिमाना जोडिएको एक छुट्टै स्वतन्त्र राष्ट्र हो । यसपछि उनले हामीलाई क्यालगरीका हेर्नुपर्ने केही ठाउँहरूको बारेमा सोधे । हामीले उनले सोधेका धेरैजसो ठाउँहरू हेरिसकेको बतायौं ।

त्यसपछि उनले हामीलाई क्यालगरीमा रहेको मन्दिरको बारेमा बताए र एकपटक त्यो मन्दिर देखाउन चाहे । हाम्रो अर्को साथीले त्यो मन्दिर हेरेका थिएनन् । त्यसैले, यो प्रस्ताव उनको लागि मन्दिर हेर्ने मौकाको रूपमा रह्यो । हामीले उनको प्रस्तावमा सहमति जनायौं । तर, मन्दिर साँझ ६ बजेदेखि ८ बजेसम्म मात्र खुल्ने भएकोले हामीलाई त्यहाँको मन्दिर देखाउने सुधाकरणको चाहना पूरा हुन सकेन ।

हामी गाडीमा कुराकानी गर्दै अगाडि बढ्दै थियौं । सुधाकरणले एकाएक गाडी रोके । उनी गाडीबाट ओर्लिए र हाम्रो ढोका खोल्दै हामीलाई पनि गाडीबाट ओराले । हिउँदको, त्यो पनि जनवरीको महिनाको क्यालगरी, बाहिरको तापक्रम ज्यादै चिसो थियो- लगभग माइनस बीस डिग्री सेल्सियसको तापक्रम थियो होला त्यो बेला । र, समय लगभग साँझको चार बजेको थियो । जाडोको कारण हामीले आफ्नो जोउ खुम्चायौं र ज्याकेटको कलरमाथि उठाएर घाँटी अलि खुम्चाएर कान छोप्ने कोशिश गर्‍यौं । सुधाकरणले यतिबेला हामीसँग भने- घर जानुभन्दा अगाडि अलिकति वियर खाएर जाउँ ।

सुधाकरणको वियर खाने प्रस्तावलाई हामीले अस्वीकार गर्न सक्ने स्थिति पनि थिएन र अस्वीकारै गर्नुपर्ने कारण पनि केही थिएन । सुधाकरण अघि लागे । हामीले उनलाई पछ्यायौं ! मूल ढोकाबाट पस्ने ठाउँमा एउटा बाक्लो कागजमा यसभित्र प्रवेश गर्न परिचयपत्र वा सवारी चालक अनुमति पत्र देखाउनु अनिवार्य छ भन्ने लेखेर झुण्ड्याइएको थियो । तर, ढोकामा त्यस्तो परिचयपत्र जाँच गर्ने कोही थिएन । हामी खुरू खुरू भित्र पस्यौं ।

यौटा ठूलो हल थियो, त्यहाँ स्नुकर खेल्ने बोर्डहरू राखिएका थिए । त्यहाँ कोही पनि थिएन । हल खाली थियो । सुधाकरण एकछिन त्यहीं रोकिए । हामी पनि उनीसँगै रोकियौं ।

क्यालगरी आएको झण्डै पाँच महिनाको समयसम्म हामी त्यसरी रेष्टुराँ वा बारमा पसेका थिएनौं । हामीलाई त्यहाँको होटेल, रेष्टुराँ, बार वा पबको बारेमा विशेष ज्ञान थिएन । त्यसैले, सुधाकरणले गति लिए हामीले पनि गति लिनु पर्‍यो, र उनी अडिए हामी पनि अडिनु पर्‍यो । नयाँ ठाउँ, नयाँ वातावरण, र त्यसमा पनि अविकसित एवं गरीब देशबाट विकसित एवं सम्पन्न देशमा आएका हामीहरूमा संकोच रहनु पनि अस्वभाविक थिएन । फलतः हाम्रो स्थिति सुधाकरणको पिछलग्गु बन्नुभन्दा बढी केही थिएन ।

जब सुधाकरणले हलबाट देब्रेतिरको ढोकातर्फ आफ्नो खुट्टा बढाए, हामी पनि उनीसँगै त्यतैतिर फर्कियौं । त्यो ढोकाको भित्रपट्टि पनि ठूलो हल रहेछ । त्यो हलमा हामीले पच्चीस तीसजना मानिसहरू बसिरहेका देख्यौं । त्यो हलमा पनि स्नुकरका बोर्डहरू थिए र केही मानिसहरू स्नुकर खेलिरहेका पनि थिए । यतिबेलासम्म पनि हामीलाई थाहा थिएन कि- हामी संगरमाथाको शीरबाट ओर्लिएर यति टाढाको देशमा नग्नता हेर्न आइरहेका छौं ।


जब हामी ढोकाबाट भित्र पस्यौं- म एकैपटक झसंग भएँ । म किंकर्तव्यविमूढझैं भएँ । शरीरमा एकैपटक चिसो रगत संचार भएझैं चिसो भएर आयो । जुन ढोकाबाट हामी भित्र पसेका थियौं, त्यसको बायाँपट्टि जमीनबाट माथि उठाएर मञ्च बनाइएको रहेछ र त्यो मञ्चमाथि भर्खरकी केटी सर्वाङ्ग नांगो भएर आफ्नो 'पीप शो' नामक खेला देखाइरहेकी थिई । हातमा वियरका गिलास समातेका दर्शकहरू त्यो दृश्य हेरिरहेका थिए र बेलाबेलामा सिठ्ठी र ताली बजाइरहेका थिए ।

सुधाकरण यतिबेलासम्म यौटा टेबुलको अगिल्तिर गएर बसिसकेका थिए । हामीले त उनलाई पछ्याउनु नै थियो । त्यही टेबुलमा गएर हामी पनि बस्यौं । बेयरा (केटी) आएर हाम्रो अगाडि उभिई । सुधाकरणले एक जग बियर र तीनवटा गिलास मगाए । एकैछिनमा बियर र गिलासहरू आइपुग्यो । सुधाकरणले बीस डलरको नोट झिकेर दिए । वेयराले त्यहीं उभिएरै दश डलरको नोट फिर्ता टेबुलमा राखिदिई र फेरि केही चानचुन सेन्ट निकाल्न खोजिरहेकी थिई तर सुधाकरणले भैगो भने । बाँकी पैसा अर्थात् पचास सेन्ट बेयरा केटीलाई टिप्स दिएको रहेछ । एक जग वियरको जम्मा नौ डलर पचास सेन्ट रहेछ ! कति सस्तो छ खानेकुराहरू यो देशमा । त्यस्तो वारमा जम्मा साँढे नौ डलरमा एक जग बियर पाइन्छ भने अरू खानेकुराहरू झन कति सस्तो होला, त्यसै अनुमान गर्न सकिन्छ ।

हामी बियर खान थाल्यौं । सुधाकरणले हामीलाई त्यहाँ लानुको उनको उद्देश्य स्पष्ट पार्दै भने- 'म यो ठाउँमा आठ वर्षपछि आज आउँदैछु । मैले सोचें कि, बत्तीमुनिको यो अँध्यारो तिमीहरूलाई देखाइदिउँ । त्यसैले मैले यहाँ ल्याइदिएको ।'

मञ्चमा यौटी केटी आफ्नो खेला देखाइरहेकी थिई । त्यो खेलामा कुनै नृत्य थिएन, कुनै कला थिएन । मात्र नग्नता थियो । पूर्ण नग्नता । मैले त्यसमा विकृति र बाध्यताबाहेक अरू केही देख्न सकिनँ । उक्त केटीले मञ्चमा नै रहेको यौटा शरीर ढाक्ने कपडा तानी र आफ्नो जीउमा लपेटी । आफूले अघि खेला देखाउँदा फुकालेर फालेका भित्री लुगाहरू एक एक गरेर टिपी र मञ्चमा फालिका केही खुजुरा पैसाहरू टिपी र मञ्चबाट ओर्लिई ।

'यी गोराहरूमा न लाज छ, न शरम छ । यो गोराहरूको देश हो । यिनीहरूमा जे पनि चल्छ'- सुधाकरणले आफ्नो प्रतिक्रिया व्यक्त गरे । उनले अरू पनि थपे- 'हामीहरू यस्तो गर्न सक्दैनौं । यो हाम्रो संस्कृति होइन । आफ्ना छोरी वा बहिनीलाई नंग्याएर हामी मनोरञ्जन गर्न सक्दैनौं । तर, यिनीहरूलाई मतलब



लेखक

**साँच्चै कुन चाहिँ आमाबाबु होलान्, जसले आफ्ना छोरीहरूले शरीरका सम्पूर्ण कपडाहरू पालैपालो उतारेर शरीरका अंगहरू दर्शकहरूका अगाडि निसंकोच प्रदर्शन गरून् र सुका, मोहर टिपून् भन्ने चाहना राख्केका हुन्छन् ?**

छैन । पैसाको लागि जे पनि गर्छन् यिनीहरू ।'

ताली र सिठीको आवाजले हाम्रो ध्यान फेरि एक पटक मञ्चतिर आकर्षित भयो । मञ्चमा अर्की केटी आइपुगेकी रहिछ । मञ्चमा आउँदा ऊ अग्लो हिल भएको जुत्ता र शरीर ढाक्ने लुगामा थिई । ऊ मञ्चमा आएर उफ्रन थाली । म त्यो उफ्राइमा नृत्य भन्न सकिने कला खोज्न थालें ।

कहाँ पाउनु कला त्यहाँ ! विकृति र बाध्यतामा कला भेटिने भए कलाको साधना नै किन गर्नु पर्थ्यो होला र ? एक एक गर्दै शरीरका विभिन्न अंगहरूलाई दर्शकहरूका सामु प्रदर्शन गर्नुलाई कसरी कला भन्ने ? बाध्यता वा विकृतिको जाँतोमा पिसाएर निकालेको आँसु कसरी कला बन्न सक्छ र ? म मेरो जवान छोरी वा बहिनीलाई आफ्नै हातले लुगा फुकालेर नाँगै पारेर मानिसहरूका अगाडि शरीरका अंगहरू प्रदर्शन गराउन पठाउन कसरी सक्छु र ? यही हो कला र नग्नताबीचको अन्तर ।

हामीले वियर खाउञ्जेलसम्ममा त्यहाँ चारजना नग्न सुन्दरीहरू मञ्चमा आएर उफ्रिए । सबैको उत्कृष्ट कलाको प्रदर्शन एकै प्रकारको थियो- मञ्चमा आएर उभिनु । मञ्चको यो कुनाबाट त्यो कुनासम्म पुग्नु । क्रमशः आफ्ना कपडाहरू फुकाल्दै जानु र सर्वाङ्ग नांगो हुनु । शरीरका विभिन्न अंगहरूलाई सक्दो भद्दा ढंगबाट प्रदर्शन गर्नु । सिठी र तालीको आवाजबाट प्रशंसा सुन्नु । मञ्चमा फ्याँकिएका खुजुरा पैसाहरू टिप्नु । अनि मञ्चमा रहेको कपडा तानेर शरीरमा लपेट्नु र आफूले फुकालेका कपडाहरू गुट्मुटेएर त्यहाँबाट बाहिर निस्कनु ।

क्या सुन्दर कला ! क्या उत्कृष्ट व्यक्तित्व ! क्या उन्नत मानव समाज ! क्या सभ्य देश ! हाम्रो देशमा कतिपय बुद्धिजीवीहरू स्वतन्त्रता र समानताको निरपेक्ष सुगा रटाइका साथ यिनै विकृतितर्फ उन्मुख क्रियाकलापहरूलाई सभ्यता र विकासको मापदण्ड बनाउने कोशिशमा लागिपर्नु भएको पनि देखिन्छ । म सोच्छु- विकसित देशबाट हामीले सिक्नु पर्ने कुरा के बाध्यता र विकृति नै हो त ? विकसित देशबाट हामीले सिक्नु पर्ने थुप्रै कुराहरू छन्, जस्तै- समयको सदुपयोग गर्ने, काम गर्ने बानी, कार्य प्रणाली विकास गर्ने आदि । तर यसतर्फ भने कमैको ध्यान गएको जस्तो महसूस हुन्छ । मलाई त्यहाँ बस्दाबस्दै उकुसमुकुस भएर आयो । साँझको साढे चारबजेतिर हामी त्यहाँबाट बाहिर निस्कियौं ।

मैले सोचेको पनि थिइनँ- सभ्यताको अगुवाइ गरिरहेको एक विकसित पूँजीवादी देश र त्यहाँका शासकहरूले यसरी विवशताको लाज पचाएर गर्वसाथ विकृति वा बाध्यताको आँसु हाँसेर विश्वका अविकसित एवं गरीब राष्ट्रका जनताहरूमा सपना बाँड्न सक्दोरहेछ । साँच्चै हामी सपना देखिरहेछौं । सपनामा उँघ्नु त मज्जै हुन्छ । तर कसैले साँच्चै नै सपनाको नक्कल विपनामा गरेर सपनामा चाहिँ उड्न थाल्यो भने त्यस्तो मान्छेको गति के होला ? सजिलै अनुमान गर्न सकिन्छ । आफ्नो धरातल, खासगरी, आफ्नो सीमा र क्षेत्रको बोध सबैलाई हुनुपर्छ । त्यसमाथि पनि मैले सोचेको पनि थिइनँ- प्राणीमध्ये सर्वश्रेष्ठ प्राणी मानिस, त्यसमा विकसित भनिएका मानिसहरूले स्वतन्त्रताको नाममा आफ्नो सीमा र क्षेत्रलाई बिर्सने क्रममा कति नीच स्तरले नग्नता, अश्लीलता र फोहोरी खेल खेल्न सक्दो रहेछन् !

मेरो मनमस्तिष्कलाई स्तब्ध पार्ने त्यो अश्लील दृश्यले गर्दा केही सवालहरू उठिरहेका छन्- साँच्चै कुन चाहिँ आमाबाबु होलान्, जसले दुनियाँका लोग्ने मानिसहरूका अगाडि आफ्ना छोरीहरूले शरीरका सम्पूर्ण कपडाहरू पालैपालो उतारेर शरीरका अंगहरू दर्शकहरूका अगाडि निसंकोच प्रदर्शन गरून् र सोवापत दर्शकहरूले मञ्चमा फालेका सुका, मोहर वा डबल, क्वार्टर, पचास सेन्ट वा एक डलर टिपून् भन्ने चाहना राखेका हुन्छन् ?

धिक्कार छ- नग्नताको संस्कृति बसाउनमा ऐतिहासिक योगदान गर्नु भएका महानुभावहरूलाई । धिक्कार छ आफ्नी छोरी वा बहिनीहरूलाई मञ्चमा नंग्याएर शरीरका विभिन्न भागहरूको निर्लज्जताका साथ अवलोकन गर्दै बियरको तालमा झुमेर मनोरञ्जन लिने विकसित राष्ट्रका नागरिकहरूलाई । ◉





रु. ५।- मात्र

# पुराना अंकहरूमा भारी छूट !

**मूल्यांकन र नव युवाका पुराना अंकका सीमित प्रतिहरु भारी छूटका साथ निम्न स्थानहरुमा उपलब्ध छन् :**




रु. ४।- मात्र

◆ पाठ्यसामग्री पसल
जामे मस्जिद सपिङ्ग कम्पलेक्स,
बागबजार (घण्टाघरसंगै)
काठमाडौं ।

◆ पुस्तक पत्रपत्रिका बिक्री वितरण केन्द्र
डिल्लीबजारको उकालो,
काठमाडौं ।

◆ अन्तर्क्रिया प्रकाशन
प्रा. लि.को कार्यालय
पुतलीसडक, काठमाडौं ।
फोनः ४२२७६९

◆ मूल्यांकन अंक ३९ सम्म (अंक १ बाहेक)


◆ नव युवा अंक ८ सम्म

अंक पुरानो भएपनि पुराना नहुने सामग्रीहरुका निम्ति ! तपाईको संकलनलाई पूर्णता दिनका निम्ति !!

# प्रतिक्रियामाथिको प्रतिक्रिया

◆ श्याम श्रेष्ठ ◆

**माओवादी 'जनयुद्ध'को मूल्यांकनमा प्रकाशित समीक्षाबारे**




मूल्यांकनको अंक ४७ मा 'जनयुद्धको चिरफार गरिएको मूल्यांकनको चिरफार' शीर्षकमा रवीन्द्र श्रेष्ठको एउटा ६ पेज लामो प्रतिक्रियात्मक लेख प्रकाशित भएको छ। यो लेख मूल्यांकनको अंक ४५ मा प्रकाशित माओवादी जनयुद्धको एक वर्षको समीक्षाबारे प्रकाशित सारा सामग्रीको श्री रवीन्द्र श्रेष्ठजीको प्रत्युत्तर हो।

मूल्यांकनको 'जनयुद्ध'को समीक्षाबारे कतिपय संचार माध्यमहरूमा गाली गलौज समेतको भाषामा प्रतिक्रियाहरू प्रकाशित भइरहेको वर्तमान परिप्रेक्ष्यमा रवीन्द्रजीको प्रतिक्रिया निकै शिष्ट र संयमित लागेको छ। उहाँले सभ्य र शालीन भाषामा आफ्ना असहमति र विरोधहरू आफ्नो लेखमा प्रस्तुत गर्नु भएको छ। उहाँ आफ्ना कुरा प्रष्टाप्रष्टि राख्न चुक्नु भएको पनि छैन। साथसाथै, आफ्नो प्रस्तुति सरल, तर्कपूर्ण र संचारयोग्य होस् भनेर पनि उहाँले ध्यान पुऱ्याउनु भएको छ।

यस आकर्षक शैलीका निम्ति म रवीन्द्रजीको सराहना गर्न चाहान्छु। एउटै आन्दोलनमा कुम जोडेर काम गर्दा सँगै हिँड्नेहरूबीच भिन्न विचार, असहमति र बहस विवाद हुनु स्वाभाविक छ। त्यसो हुँदैमा शत्रुतापूर्ण भावना र द्वेषपूर्ण भाषामा धारे हात लाएर गाली गर्नुपर्ने कुनै जरूरत हुँदैन। शिष्ट भाषामा संवाद हुन सक्ने ढंगबाट बहस-विवाद संचालन गर्न सम्भव छ। यसको नमूना रवीन्द्रजीले प्रस्तुत गर्नु भएको छ। यसका निम्ति रवीन्द्रजीलाई म बधाई र धन्यवाद दिन चाहन्छु। अहिले यत्र-तत्र भिन्न मत राख्नेहरूप्रति गाली नै गाली ओकेल्दै कलम चलाइरहेका अन्य कतिपय माओवादी मित्रहरूलाई रवीन्द्रजीको लेखन-शैलीबाट थोरै भएपनि सिक्न आग्रह गर्दछु।

अब हामी सिधै विषयवस्तुभित्र पसौं।

म पहिले नै प्रष्ट पार्न चाहन्छु- मेरो यस लेखमा रवीन्द्रजीले उठाउनु भएका सवालहरूबाट नै केन्द्रीत हुने मेरो मुख्य प्रयत्न हुनेछ।

## सकारात्मक पक्षको उपेक्षाबारे

रवीन्द्र श्रेष्ठजीले "जनयुद्ध" र "जनयुद्ध" का संचालकहरूको सकारात्मक पक्षको उपेक्षा गरिएको कुरा अघि सार्नु भएको छ।

उहाँको यो आलोचना तथ्यमा आधारित र न्यायपूर्ण भएन भन्ने मलाई लागेको छ। मैले आफ्नो लेखमा मैले ठम्याएका सकारात्मक पक्षहरू ठाउँ ठाउँमा प्रस्तुत गरेको छु। उदाहरणको लागि, म मेरो लेखका केही उद्धरणहरू नै यहाँ जस्तोको तस्तै सार्न चाहन्छु :

० "यो एक वर्षमा यस छापामार आन्दोलनले हासिल गरेको सबैभन्दा ठूलो सफलता के भएको छ भने- यो नेपालको राजनैतिक आन्दोलनमा एउटा स्पष्ट र अरु सबैभन्दा फरक राजनीतिक धारका रुपमा स्थापित हुन पुगेको छ।"

मूल्यांकन, अंक ४५, पृष्ठ ४, दोस्रो कोलम

० "विकट ग्रामीण इलाकाका पछौटे र उत्पीडित जात तथा जनजातिहरुमा र विपन्न वर्गहरुमा छापामार संघर्षले सबैभन्दा वेसी अड्डा जमाएको देखिएको छ।" उही, उही

० "२०४६ सालको ऐतिहासिक जनआन्दोलनका मुख्य अगुवाहरुले पाँच, छ वर्षमै त्यस जनआन्दोलनको लक्ष्य र आदर्शलाई आर्यघाटमा सेलाए। त्यसैको भुंग्रो र खरानीबाट माओवादी जनयुद्ध अहिले आगोको लप्का भएर उठेको हो।"

उही, पृष्ठ ७, चौथो कोलम

० "... यतिखेर यथास्थितिमा परिवर्तन गर्ने, जनताको क्रान्तिकारी चाहनालाई संबोधन गर्ने अर्को सक्षम र विश्वासलाग्दो क्रान्तिकारी वैकल्पिक शक्ति पनि मैदानमा देखा परिसकेको छैन। ठीक यही नेतृत्वविहीनता र निराशाको भावभूमिमा "माओवादी जनयुद्ध" देब्रे ध्रुवको विकल्प र प्रतिक्रिया भएर मैदानमा खडा भएको हो।"

उही

० "संसदीय डबलीमा जति जति राष्ट्रघातहरु भए र हुन्छन्, देश र जनताको आकांक्षामाथि बंचरो चलाउने काम भए र हुन्छन्, उति उति माओवादी 'जनयुद्ध' आशा र विकल्पको एउटा उज्यालो मुस्लो बनेर दन्कने संभावना देखिन्छ।"

उही, पृष्ठ ८, कोलम १

० "... माओवादीहरुका पछिल्ला प्रकाशनहरुमा जनआन्दोलन र जनयुद्धलाई साथसाथै जोडेर लैजाने कुरामा थोरै ध्यान जान थालेको देखिएको छ। जनताबाट हर कुनै हालतमा कसरी आफू नकट्ने? यो कुरामा थोरै भए पनि जोड दिन थालेको देखिएको छ। यो राम्रो संकेत हो।"

उही, पृष्ठ ९, कोलम १

० "दुनियाँ बदल्ने उर्जा जनताको यथास्थितिविरोधी चेत नै हो। ....माओवादी मित्रहरुको यथास्थिति बदल्ने उर्जा काफी देखिन्छ। यो निकै सकारात्मक पूर्वाधार हो।"

उही, पृष्ठ ९ र १०, कोलम ४ र १

मेरो लेखमा यत्रतत्र लेखिएका यी उद्धरणहरू आफैंले साक्षी बकिरहेछन् मैले खालि जनयुद्धको नकारात्मक पक्ष मात्र उल्लेख गरें, सकारात्मक पक्ष छुटाएँ भन्ने रवीन्द्रजीको आरोप कति आधारहीन र अन्यायपूर्ण छन्?

तीन चार पेजको सानो लेख हो मेरो। त्यति सानो लेखमा कतिवटा पृष्ठमा र कति ठाउँमा के के लेखिएपछि रवीन्द्रजीलाई मैले सकारात्मक पक्षको पनि उल्लेख गरेको महसुस हुने हो? त्यो मैले पटक्कै बुझ्न सकिनँ। हुन सक्छ मैले उल्लेख गरेका सकारात्मक पक्षहरू रवीन्द्रजीको अपेक्षाअनुरूप भएनन् होलान्। त्यसको प्रस्तुति पनि रवीन्द्रजीले सोचेअनुसार भएन होला। तर आफ्नो अपेक्षाअनुरूप नै अरूले लेख्नु पर्छ भन्ने धारणा आफैं कति जायज र न्यायसंगत



हुन्छ ? के उहाँको जे जे अपेक्षा हो, त्योअनुसार मैले लेख्नु यथार्थमा संभव कुरा हो ? हरेक मान्छेले त्यो कुरा नै लेख्छ, जो उसले ब्रम्हले देखेको हुन्छ । र, लेख्ने शैली पनि त हरेकको आफ्नै हुन्छ ।

त्यसैले, मेरो लेखमा मैले खालि 'जनयुद्ध'को नकारात्मक पक्ष मात्र देखाएँ, सकारात्मक पक्षको उपेक्षा गरें भन्ने रवीन्द्रजीको आरोपमा मैले कुनै तुक देखिनँ । रवीन्द्रजी जस्तो संयुक्त जनमोर्चाको केन्द्रीय सदस्यसमेत रहेका नेपालको क्रान्तिकारी आन्दोलनको एकजना जिम्मेवार मान्छेले लेखको यत्रतत्र लेखिएका माथिका आफैँमा सुस्पष्ट हरफहरू कसरी र किन देख्नु भएन ? मलाई आश्चर्य लागेको छ ।

वस्तुलाई जस्तो छ, त्यस्तै हेर्न खोज्नु मात्रै भौतिकवादी विश्व दृष्टिकोण हो । आफ्नो मनगढन्त धारणा वा पूर्वाग्रहका आधारमा कुनै पनि कुरालाई हेर्न खोज्नु र निष्कर्ष निकाल्नु आदर्शवादी विश्व-दृष्टिकोण हो । मेरो माग के हो भने, रवीन्द्रजी जस्तो जिम्मेवार व्यक्तिले भौतिकवादी धरातलमा उभिएर तटस्थभाव राखेर अरूको लेखाइमा भएका कुरालाई हूबहू जस्तो छ, त्यस्तै हेर्ने प्रयत्न गरिदिनु पर्छ । लेखिएको कुरालाई समेत नलेखिएको भन्ने जस्तो मनगढन्त निष्कर्ष निकालीदिनु हुँदैन । यस्तो गर्नु अभौतिकवादी हुने मात्र होइन, अन्यायपूर्ण पनि हुन्छ ।

# माओवादी 'जनयुद्ध'बारे माओवादी समर्थकलाई जवाफ !



प्रहरीद्वारा मारिएका- चोपबहादुर डाँगी, बरदान रोका, दिलमान रोका



चक्रबहादुर श्रेष्ठ, दुतबहादुर पुन, दुजबीर घर्ती

## सशस्त्र संघर्षका अनिवार्यताबारे

मैले आफ्नो लेखमा सशस्त्र संघर्षलाई "हिंसात्मक राजनीति" भन्ने शब्द प्रयोग गरेको थिएँ । रवीन्द्रजीले त्यसमा आपत्ति जनाउनु भएको छ । उहाँको भनाइ छ- "**हिंसाको राजनीति पदावली नेपालमा नकारात्मक सार लिएर प्रयोग हुने गर्दछ भने सशस्त्र संघर्षको राजनीति सकारात्मक सारसहित प्रयोग हुने गर्दछ । त्यसैले सशस्त्र संघर्षको राजनीति पदावली नै बेसी उपयुक्त हुन्छ ।**"

मैले आफ्नो लेखमा माओवादी मित्रहरूको एउटा पक्षको आलोचना गरेको थिएँ, त्यो हो- हिंसाको संख्यामा गौरव गर्ने मनोवृत्ति । यति जना मान्छे मरिसके, त्यसैले माओवादी जनयुद्ध धेरै सफल भनेर गौरवान्वित हुँदै प्रचार गर्ने मनोवृत्ति । यसैलाई लिएर मैले हिंसालाई रूचिको विषय बनाइयो, गौरवको विषय बनाइयो, यो हिंसाप्रिय मनोवृत्ति राम्रो लक्षण होइन भनेर आफ्नो विचार राखेको थिएँ । रवीन्द्रजीले आफ्नो लेखमा मेरो विचारको विरोध गर्नु भएको छ । उहाँको आरोप छ- '**मेरो यो भनाइले मालेमाको सारलाई नै बदनाम गर्छ । यसले बलप्रयोगको अनिवार्यतालाई, क्रान्तिकारी हिंसाको अनिवार्यतालाई अस्वीकार गर्छ ।**'

मैले आफ्नो लेखमा हिंसालाई दुःखदायी तर सामाजिक विकासको लागि बाध्यताको बाटो भनेर उल्लेख गरेको थिएँ । मैले आफ्नो लेखमा हिंसात्मक बाटोको अनिवार्यतालाई स्वीकार गर्ने तर हिंसालाई सकेसम्म न्यूनतम पार्ने कुरा गरेको थिएँ । हिंसालाई अप्नाउनु पर्दा पनि सकेसम्म जनमुखी बनाउने र हिंसालाई संसारबाट विदा गर्न हिंसालाई उपयोग गर्ने सवाल अघि सारेको थिएँ । (हेर्नुहोस्, मूल्यांकन अंक ४५, पृष्ठ ४ र ५, ।)

रवीन्द्रजीले मेरो यो धारणालाई अधिभूतवादी दृष्टिकोण बताउनु भएको छ र यसले प्रतिक्रान्तिको सेवा गर्ने आरोप लाउनु भएको छ । उहाँका यी आरोपहरू निकै गंभीर छन् । त्यसैले, यसमा बहसको जरूरत भएको छ ।

रवीन्द्रजीले जस्तै म पनि क्रान्तिकारी संघर्षमा हिंसात्मक बाटोको अनिवार्यतालाई स्वीकार गर्छु । त्यसैले, यो सवालमा मेरो कुनै विवाद नै छैन । मैले मेरो लेखमा पनि प्रष्ट भाषामा यो कुरा उल्लेख गरेको छु । प्रमाणको निम्ति मेरो लेखको यो उद्धरणलाई म जस्तोको तस्तै यहाँ प्रस्तुत गर्न चाहन्छु- "**कम्युनिष्टहरु क्रान्तिको निम्ति हिंसात्मक बाटोको अनिवार्यता स्वीकार्दछन् । किनकि, संसारबाट हिंसालाई सधैँको निम्ति अन्त गर्नका लागि, हिंसात्मक राज्ययन्त्रलाई बाइबाइ गर्नका लागि प्रतिहिंसा अपरिहार्य छ, काँढा झिक्न सियो अपरिहार्य भए जस्तै ।**" (हेर्नुहोस्, मूल्यांकन अंक ४५, पृष्ठ ४, कोलम २)

त्यसैले हिंसात्मक बाटोको अनिवार्यतालाई मेरो लेखले अस्वीकार गरेको छ भन्ने रवीन्द्रजीको आरोप तथ्यको जगमा उभिएको छैन । तर रवीन्द्रजी र माओवादी नेतृत्वसित पनि मेरो के कुरामा आधारभूत असहमति छ भने- उहाँहरू हिंसात्मक संघर्षको अनिवार्यता भन्नाले शुरूदेखि अन्तसम्म युद्धको अनिवार्यता, जुनसुकै बेला र जुनसुकै ठाउँमा पनि सशस्त्र संघर्षको अनिवार्यता भनेर बुझिरहनु भएको छ । मैले यसलाई त्यसरी बुझिरहेको छैन । आधारभूत सैद्धान्तिक असहमति यही समझदारीमा छ ।

मेरो समझदारी के हो भने, मार्क्सवादका अनुसार, सशस्त्र संघर्षको अनिवार्यता भनेको कुनै पनि समय र परिस्थितिमा सशस्त्र संघर्षको अनिवार्यता होइन । यो भनेको संघर्षको एउटा खास उँचाइमा र बिन्दुमा पुगेपछिको सशस्त्र संघर्षको अनिवार्यता हो । त्यो मूर्त बिन्दु कुन हो भने, शान्तिपूर्ण उपायबाट संघर्ष गर्दागर्दा जुन बिन्दुमा पुगेपछि संघर्षशील जनसमुदायले हतियार समात्नु र प्रतिहिंसा गर्नुबाहेक अर्को कुनै उपायले उत्पीडन र अन्यायबाट मुक्ति मिल्दैन र समाजको विकास अघि बढ्दैन भन्ने आफ्नै संघर्षको अनुभवबाट जन समुदायलाई महसुस पनि हुन्छ ।

**हिंसात्मक बाटोको अनिवार्यतालाई मेरो लेखले अस्वीकार गरेको छ भन्ने रवीन्द्रजीको आरोप तथ्यको जगमा उभिएको छैन ।**

युद्ध र सशस्त्र संघर्ष भन्ने कुरा संघर्षका उच्चतम रूपहरू हुन् । यदि युद्ध र सशस्त्र संघर्षलाई माओवादी मित्रहरूले जस्तो हरेक समयमा अनिवार्य, हरेक परिस्थितिमा अनिवार्य भन्ने हो भने त संसारमा वस्तुगत परिस्थिति भन्ने शब्दावलीलाई नै मार्क्सवादी शब्दकोषबाट हटाई दिए हुन्छ । कुनै पनि देशको र कुनै पनि बेलाको वस्तुगत परिस्थिति कस्तो छ, त्यसबारे सोधखोज गर्नै पर्दैन, आँखा चिम्लेर कुनै पनि देशमा कुनै पनि बेला जनयुद्ध र सशस्त्र संघर्षको घोषणा गरे पनि हुन्छ । यो अवधारणाले त "जनयुद्ध र सशस्त्र संघर्षलाई समय र परिवेशभन्दा माथि"को एकांकी र निरपेक्ष कुरो बनाइदिन्छ । यो धारणाअनुसार त विश्वको कुनै पनि कुनामा कुनै पनि बेला "जनयुद्ध" छेडे हुन्छ, सशस्त्र संघर्षको ऐलान गरे हुन्छ । त्यहाँ यसका लागि जनता तयार छन् कि छैनन् भनेर घोत्लिराख्नै पर्दैन । त्यहाँ अनुकूल राष्ट्रिय अन्तर्राष्ट्रिय आत्मगत र वस्तुगत परिस्थिति छ कि छैन भनेर खोजबीन नै गर्नु पर्दैन ।

तर द्वन्दात्मक भौतिकवादका अनुसार, संसारमा समय र परिवेशभन्दा माथि र अलग्गै त कुनै केही पनि कुरा हुँदैन । कुनै पनि कुरा ठीक कि बेठीक भन्ने कुरा निश्चित समय र परिवेशसँग जोडेर मात्र भन्न सकिन्छ । अन्यथा हावामा, एक्लै र अलग थलग रूपमा कुनै पनि कुरा ठीक कि बेठीक ठहऱ्याउनु नै संभव हुँदैन । मान्छे मार्नु ठीक कि बेठीक ? अलग थलग रूपमा प्रश्न गरियो भने हामी हत्त न पत्त बेठीक भनौंला । तर कुनै महिला हत्या र बलात्कारको शिकार हुन खोज्दैछिन्, त्यो समय र परिवेशमा आफूलाई बचाउने कुनै उपाय नहुँदा उनले बाध्य भएर स्वरक्षार्थ प्रतिरोध गर्दा मान्छे मारिन् भने नि ? त्यही मान्छे मार्नु ठीक पनि ठहरिन सक्छ । त्यसैले, कुनै पनि मुद्दालाई समय र परिवेशभन्दा अलग्गै र माथि राखेर हेर्नु बिल्कुलै गलत र अवैज्ञानिक कुरा हुन्छ ।


तर जनयुद्ध र सशस्त्र संघर्ष भन्ने कुरालाई नि ? यसलाई चाहिँ समय र परिवेशभन्दा माथि र अलग्गै राखेर हेर्नु मिल्छ कि मिल्दैन ? दुनियाँको हरेक वस्तुमा लागू हुने यो सार्वभौमिक द्वन्दवादी नियम जनयुद्ध र सशस्त्र संघर्षको हकमा चाहिँ लागू हुन्छ कि हुन्न ?

म भन्छु- यो त्यसमा पनि लागू

हुन्छ । रवीन्द्रजी र माओवादी नेतृत्वदायी साथीहरूको आशय देखिन्छ- लागू हुन्न । हाम्रो आधारभूत सैद्धान्तिक भिन्नता यसैमा भएको हो ।

द्वन्दात्मक भौतिकवादका अनुसार त महँगीको सवालमा एउटा शान्तिपूर्ण जुलूस प्रदर्शनरूपी संघर्षको स्वरूपको समेत अनुकूल र प्रतिकूल समय र परिवेश हुन्छ । महँगी घटिरहेको बेला वा भाउ स्थिर भएको बेला तपाई महँगीको सवालमा जुलूस प्रदर्शन गर्नुहोस् त ! तपाईलाई मान्छेहरूले सिल्ली भन्नेछन् । यदि यस्तो हो भने, समूच्चा व्यवस्थाकै आमूल परिवर्तनका लागि सशस्त्र संघर्ष छेड्ने वा युद्ध-घोषणा गर्ने जस्तो संघर्षको उच्चतम रूपको लागि चाहिँ अनुकूल र प्रतिकूल समय र परिवेश हुँदैन ? हुन्छ, अवश्य हुन्छ । तर व्यवहारले देखाइरहेछ- माओवादी कमरेडहरूको मत छ- हुँदैन । उहाँहरूका अनुसार, कुनै पनि समय र परिवेशमा सशस्त्र संघर्ष छेड्नु र जनयुद्धको ऐलान गर्नु उपयुक्त हुन सक्छ । बस्, यही सवालमा म उहाँहरूसित बिल्कुलै असहमत भएको हुँ ।

युद्ध, सशस्त्र संघर्ष वा संघर्षको कुनै पनि रूपलाई समय र परिवेशभन्दा अलग्गै र माथि राखेर हेर्ने ढंग द्वन्दात्मक भौतिकवादी ढंग होइन, यो त आदर्शवादी अधिभूतवादी ढंग हो । यो त समय र परिवेशसँग नजोडी, निरपेक्ष र अलग-थलग रूपमा ज्यान मार्नु ठीक कि बेठीक ? भनेर प्रश्न गर्नु जस्तै हो । द्वन्दात्मक भौतिकवादका अनुसार, ज्यान मार्नु जम्माजम्मीमा खराब कुरा हो तथापि, कुनै समय र परिवेशमा ज्यान मार्नुसमेत बिल्कुलै जायज र आवश्यक कदम हुन सक्छ । अर्को निश्चित समय र परिवेशमा त्यही कुरा नाजायज र अनावश्यक ठहरिन सक्छ । तर अधिभूतवादले चाहिँ कुनै पनि कुरालाई यसरी समय र परिवेशसित जोडेर हेर्न सिकाउँदैन । अधिभूतवादले त हरेक कुरालाई एक्लो र अलग-थलग रूपमा हेर्न सिकाउँछ । या त पूरै हो, या त पूरै होइन- अधिभूतवादको हेर्ने ढंग यस्तो हुन्छ ।



चिन्तबहादुर रोका



गिरबहादुर रोका

**माओवादीको आक्रमणमा परी घाइते भएकाहरु**

**सशस्त्र संघर्षको अनिवार्यता भनेको कुनै पनि समय र परिस्थितिमा सशस्त्र संघर्षको अनिवार्यता होइन । यो भनेको संघर्षको एउटा खास उँचाइमा र बिन्दुमा पुगेपछिको सशस्त्र संघर्षको अनिवार्यता हो ।**

यही आँखाले जनयुद्ध र सशस्त्र संघर्षलाई हेर्नाले माओवादी साथीहरूले जनयुद्ध र सशस्त्र संघर्ष संबन्धमा उपरोक्त सदाबहार निष्कर्ष निकाल्नु भएको हुनुपर्छ । जनयुद्ध र सशस्त्र संघर्ष अनिवार्य छ भनेर मार्क्स, लेनिन, माओले भनेपछि समय र परिवेश किन हेरिराख्नु पर्‍यो ? त्यो जहिले पनि अनिवार्य छ, त्यो जहाँ पनि अनिवार्य छ । यही कोणबाट उहाँहरूले हेर्नाले जनयुद्ध र सशस्त्र संघर्षलाई जहाँसुकै पनि आँखा चिम्लेर फीट हुने बनाउनु भएको हुनुपर्छ ।

उहाँहरूको यो तर्कपद्धति यान्त्रिक भयो र गलत भयो भन्ने मेरो गुनासो हो । मेरो ठम्याइमा, सशस्त्र संघर्षको अनिवार्यताको मार्क्सवादी विश्लेषण यो होइन । परिवर्तनकामी उत्पीडित जनसमुदायले मुक्ति वा प्रगतिको निम्ति शान्तिपूर्ण संघर्ष गर्दै अघि बढ्दा ढिलो वा छिटो एउटा बिन्दुमा उनीहरू आइपुग्छन्, जुन बिन्दुमा बल प्रयोग वा हिंसात्मक बाटोको प्रयोगबाहेक समाज विकासको निम्ति कुनै अर्को उपाय बाँकी रहँदैन, किनकि उत्पीडिकहरू हिंसाकै सहाराले यथस्थितिलाई थाम्न खोज्छन् । ठीक त्यही समय र परिवेशमा हिंसात्मक बाटो अपरिहार्य हुन्छ । सशस्त्र संघर्ष अनिवार्य हुन जान्छ । तर संघर्षको त्यो उँचाइमा पुगेर, जुन उँचाइमा पुगेपछि त्योभन्दा अर्को बाटोबाट जनसमुदायको लागि बाँच्ने र माथि बढ्ने ठाउँ नै बाँकी रहँदैन । मार्क्सवादका अनुसार- संघर्षको हरेक उँचाइमा, शुरूदेखि अन्तसम्म, सशस्त्र संघर्ष वा हिंसात्मक बाटो अनिवार्य हुँदैन ।

तर माओवादी साथीहरूको ठम्याइ छ- शुरूदेखि अन्तसम्म युद्ध, हरेक समय र परिवेशमा युद्ध ! युद्ध, युद्ध र युद्ध नै उहाँहरूको मूल नारा छ । निरपेक्ष युद्धको घोषणा उहाँहरूको संघर्षको सदाबहार रणनीति र कार्यनीति देखिन्छ । सबै कुरा युद्धको सेवाको लागि र सबै थोक युद्धको तयारीको खातिर- उहाँहरूको दिनानुदिनको व्यवहार यस्तो देखिन्छ । अनावश्यक रूपमा साथीहरू मरून्, उहाँहरू मृत्युको संख्यामा गौरव गर्नु हुन्छ । संघर्षको सफलता मृत्युको विशालताबाट तय गर्नुहुन्छ ।

बस्, यही प्रवृत्तिलाई नै मैले हिंसाप्रियता भनेको हुँ । हिंसालाई रूचिको विषय बनाइयो भनेर यही प्रवृत्तिलाई मैले इंगीत गरेको हुँ ।

मैले बुझेको कुरा के हो भने, प्रतिक्रियावादीहरू मात्र हिंसाप्रिय हुन्छन् । किनभने, हिंसाबाहेक अर्को कुराले उनीहरू यथास्थिति थाम्न सक्दैनन् । तर हिंसाप्रियता प्रगतिशील र उत्पीडित वर्ग र तत्वहरूको भने स्वभाव र विशेषता होइन र हुनुँदैन । प्रगतिशील र उत्पीडित वर्गहरू प्रतिहिंसा मात्र गर्छन्, अर्थात् हिंसा गर्न आउनेहरूमाथि हिंसा । उनीहरू हिंसात्मक बाटो यस कारणले लिंदैनन् कि हिंसा उनीहरूको निम्ति मनपर्ने कुरा हो । हिंसात्मक बाटो यस कारणले लिन्छन् कि अर्को कुनै शान्तिपूर्ण उपायबाट अब उनीहरूको जीवन र प्रगति दुवै संभव छैन । उत्पीडकहरू शिरदेखि पैतालासम्म हिंस्रक छन् र संसारबाट हिंस्रक वर्ग र हिंसालाई वाईवाई गर्ने हो भने प्रतिहिंसाको बाटो सिवाय अर्को कुनै बाटो शेष रहेको छैन । जबसम्म प्रतिहिंसाको बाटो अख्तियार नगरिकन नै शान्तिपूर्वक समाज प्रगतितिर अघि बढ्न सक्छ, प्रगतिशील र उत्पीडित वर्गहरू त्यसै गर्छन् र सकेसम्म हिंसाको प्रयोग कम गर्छन् । तर जब जनताको दुश्मन प्रतिक्रियावादी वर्ग त्यसो गर्दा पनि हिंसाको सहायता लिएर यथास्थिति टिकाउन जे पनि गर्छन्, प्रगतिशील र उत्पीडित वर्गको निम्ति, जीवन र प्रगतिको लागि प्रतिहिंसाको सहारा लिनु अपरिहार्य कुरो बन्न जान्छ । त्यसैले उत्पीडितको राजनीति गर्नेहरू हिंसात्मक बाटोको अनिवार्यतालाई स्वीकार गर्छन् । तर रूचिको विषयको रूपमा होइन, संघर्षको एउटा विकल्पहीन बिन्दुमा जीवन-मुक्ति र प्रगतिको निम्ति बाध्यताको बाटोको रूपमा । हिंसात्मक बाटो उत्पीडितहरूको सदाबहार बाटो होइन, यो उनीहरूको संघर्षको उच्चतम रूप मात्रै हो । जगजाहेर छ, संघर्षको उच्चतम रूप सधैंभरि प्रयोग हुन थालेपछि यो उच्चतम नै बाँकी रहँदैन । यो सामान्य रूपमा बदलिन्छ ।

जब हिंसात्मक बाटोलाई सदाबहार र सामान्य बाटोको रूपमा ग्रहण गरिन्छ, जब हिंसा सहज स्वीकार्य र स्वभाव बन्न जान्छ, यसले निम्त्याउने अर्को खतरा पनि विश्वको ठाउँ ठाउँको अनुभवले देखाएको छ । त्यो हो- दुश्मनविरूद्ध प्रयोग हुने हतियार आफ्नै भिन्न मत राख्ने साथीविरूद्ध प्रयोग । माओवादी साथीहरूमै यस्तो होला नहोला, यो मेरो अनुमानभन्दा बाहिरको कुरा हो । तर विश्वमा अन्यत्र यस्तो भएको छ । र,



**माओवादीका नाममा जेल थुनिएका आफन्तलाई भेट्न गएकाहरु**

**माओवादी साथीहरुको ठम्याइ छ- शुरुदेखि अन्तसम्म युद्ध, हरेक समय र परिवेशमा युद्ध ! युद्ध, युद्ध र युद्ध नै उहाँहरुको मूल नारा छ ।**



**यान्त्रिक चिन्तन प्रक्रियाको त्यति घनघोरविरोधी र द्वन्दवादका पक्षधर क. माओबाट लिएको भनी खालि युद्ध र क्रान्तिकारी हिंसालाई मात्र समय र परिवेशभन्दा अलग्गै राखी लिनुले के क. माओमाथि नै अन्याय हुँदैन ?**

पटक पटक भएको छ। हालै भारतको आन्ध्र प्रदेशमा नै भएको छ।

त्यसैले, हिंसात्मक बाटोको अनिवार्यता र हिंसाप्रियतालाई छ्यासमिस् पार्नु हुन्न भन्ने लाई लाग्छ। समाज विकासको र संघर्षको एउटा खास मोडमा उत्पीडितहरूको मुक्तिको लागि हिंसात्मक बाटो अनिवार्य छ। तर हिंसाप्रियता भने अलग्गै बानीगत रोग हो। यो अनिवार्य कुरो होइन। मैले हिंसाप्रियताको आलोचना गरेको हुँ, हिंसात्मक बाटोको अनिवार्यताको विरोध हैन। मैले हिंसाप्रियताको विरोध गरेकोमा रवीन्द्रजीले 'हिंसात्मक बाटोकै अनिवार्यताको विरोध गऱ्यो र मालेमाको सार नै छोड्यो' भनेर जुन आरोप लाउनु भएको छ, त्यो भूस र चामललाई एकै ठाउँमा छ्यास्मिस गरे जस्तै भयो कि ?

जहाँसम्म मैले यस प्रकार अधिभूतवादी दृष्टिकोण समातें र प्रतिक्रान्तिको सेवा गरें भन्ने रवीन्द्रजीको आरोप छ, म रवीन्द्रजीलाई विनम्रतापूर्वक सोध्न चाहन्छु- जनयुद्ध, सशस्त्र संघर्ष वा संसारको कुनै पनि कुरालाई समय र परिवेशभन्दा अलग्गै एक्लाएक्लै र अलग-थलग रूपमा हेर्न खोज्ने चिन्तन-प्रणाली अधिभूतवादी हुन्छ कि त्यस्तो गर्नु गलत हुन्छ भन्ने चिन्तन-प्रणाली ? बेला कुबेला विचारै नगरेर जुनसुकै बेला जुनसुकै ठाउँमा पनि सशस्त्र संघर्ष र 'जनयुद्ध'को एलान गर्दा प्रतिक्रान्तिको सेवा हुन जाने संभावना बेसी हुन्छ कि होशपूर्वक समय परिस्थिति विचार गरेर उपयुक्त र अनुकूल समय परिस्थितिमा मात्र यसको थालनी गर्दा ?

म यी दुई प्रश्नको निक्यौल गर्ने जिम्मेवारी पाठकहरू स्वयंमा छोड्न चाहन्छु।

रवीन्द्रजीले आफ्नो लेखमा माओले क्रान्तिकारी हिंसालाई बिना अपवाद सबै देशमा सार्वभौम रूपले लागू हुने बताउनु भएको दावी गर्नु भएको छ। निश्चय नै माओले क्रान्तिको निम्ति क्रान्तिकारी हिंसालाई अनिवार्य ठहऱ्याउनु भएको छ। त्यसमा मेरो विमति छैन। तर मेरो प्रश्न के छ भने- के माओले क्रान्तिकारी हिंसालाई समय र परिवेश हेर्दै नहेरेर जुनसुकै बेला जुनसुकै ठाउँमा पनि प्रयोग गर्न सकिने निरपेक्ष, अलग-थलग र एकांगी संघर्षको रूप बनाउनु भएको छ ? के यसलाई उहाँले समय र परिवेशभन्दा माथिको सदाबहार संघर्षको बाटो बताउनु भएको छ ? त्यस्तो बताउनु भएको छैन।

माओले त युद्ध र सशस्त्र संघर्षलाई हमेशा संघर्षको सर्वोच्च रूप बताउनु भएको छ। (हेर्नुहोस् चीनको क्रान्तिकारी युद्धको रणनीति, माओका संकलित रचनाहरू, ग्रन्थ १ अंग्रेजी, पेकिंग १९७५, पृष्ठ १८०)। माओले त क्रान्तिकारी युद्धको पनि आफ्नै विशेष परिस्थिति हुन्छ भनेर बताउनु भएको छ। (हेर्नुहोस् उही) माओले त जब राजनीति त्यो निश्चित चरणसम्म विकसित हुन्छ, जसभन्दा माथि यो सामान्य उपायबाट अघि बढ्न सक्दैन, तब बाटोमा खडा भएको तगारोलाई भत्काउन युद्धको थालनी हुन्छ भन्नुभएको छ (हेर्नुहोस्, उही ग्रन्थ २, दीर्घकालीन युद्धका बारेमा, पृष्ठ १५३)।

त्यसैले, माओले त सदाबहार सशस्त्र संघर्ष र जनयुद्धको कुरै गर्नु भएको छैन। माओले त युद्ध र सशस्त्र संघर्षलाई हमेशा समय र परिवेशको अर्थात् ठोस् स्थितिको ठोस विश्लेषण गरेपछि मात्र लागू गर्नुपर्ने बताउनु भएको छ। उहाँले त यसलाई संघर्षको सर्वोच्च रूप बताउनु भएको छ। र, संघर्षको यो रूप त्यतिखेर मात्र प्रयोग गर्नुपर्ने बताउनु भएको छ, जब राजनीति अरू सामान्य उपायबाट तगारो पन्छाएर अघि बढ्न सक्दैन।

त्यसैले, माओले क्रान्तिकारी हिंसा वा 'जनयुद्ध'लाई विना अपवाद जुनसुकै बेला, जुनसुकै ठाउँमा लागू गर्न सकिने संघर्षको रूप बताउनु भएको छ भन्ने रवीन्द्रजीको तर्क बेठीक छ। माओको समग्र जीवनको संघर्ष कुनै पनि देशको राम्रो कुरा आँखा चिम्लेर यान्त्रिक रूपले लागू गर्ने यान्त्रिक चिन्तन प्रक्रियाविरूद्ध केन्द्रित रहेको पाइन्छ। यान्त्रिक चिन्तन प्रक्रियाको त्यति घनघोरविरोधी र द्वन्दवादका पक्षधर क. माओबाट लिएको भनी खालि युद्ध र क्रान्तिकारी हिंसालाई मात्र समय र परिवेशभन्दा अलग्गै राखी लिनुले के क. माओमाथि नै अन्याय हुँदैन ? ❑

**(बाँकी आगामी अंकमा)**



# लेनिनको त्यो मुस्कान

लेनिनलाई उहाँको सचिवले एकजना महिला मूर्तिकारले भेट्न चाहेको कुरा मात्र के बताएका थिए, उहाँले लामो सास फेर्नुभयो। किनकि, केही दिन पहिले मात्र एकजना अर्को मूर्तिकारले लेनिनको मूर्ति बनाउन सिध्याएको थियो। त्यतिबेला मूर्ति बनाउनको लागि पोज दिँदा दिँदा लेनिन हैरान हुनु भएको थियो। र, आइन्दा उहाँले कुनै पनि मूर्तिकारलाई समय नदिने कसम खानु भएको थियो। तर पछि मूर्ति बनाइने समयमा लेनिनले कुनै पोज दिनु नपर्ने, उहाँले आफ्नो काम गरिरहन पाउने र उहाँको काममा कुनै किसिमको डिस्टर्ब नगर्ने शर्तमा लेनिनले आफ्नो मूर्ति बनाउन स्वीकृति दिनुभयो।

भोलिपल्ट बिहान ठीक समयमा ती महिला मूर्तिकार आइपुगिन्। लेनिनको अफिसमा दुबैजना पसे। लेनिन आफ्नो ठाउँमा गएर बस्नुभयो। मूर्तिकार लेनिनको नजिकै एउटा सजिलो ठाउँमा बसिन्, जहाँबाट लेनिनलाई राम्रैसँग देख्न सकिन्थ्यो र लेनिनलाई कुनै किसिमको बाधा दिन पर्दैनथ्यो।

दुबैजना आ-आफ्नो काममा जुट्न थाले। कोठामा खालि लेनिनले किताबका पानाहरू पल्टाउनु भएको र मूर्तिकारले बाल्टिनमा पानी चलाएको आवाजले मात्र कोठाको शान्ति भंग गरिरहेको थियो।

हरेक केही मिनेटको फरकमा सचिव एक चाङ चिठी र कागजहरू लिएर भित्र पस्थे र लेनिनको अगाडि राखिदिन्थे। लेनिन प्रत्येक चिठी आफैं खोल्नु हुन्थ्यो र सरर पढेर सचिवलाई निर्देशन दिनुहुन्थ्यो। सचिव चाहिँ निर्देशन नोट गर्थे।

कुनैबेला लेनिन फोन मिलाउन लगाउनु हुन्थ्यो। उहाँ ती मानिसहरूसँग छोटो र स्पष्ट कुराकानी गर्नुहुन्थ्यो र केही कुराहरू आफैं नोट पनि गर्नुहुन्थ्यो। दिनभरि नै लेनिन एउटा न एउटा काममा व्यस्त नै भइरहनुभयो। साँझ पर्न लागेको थियो। मूर्तिकारलाई दिइएको समय सिद्धिन-सिद्धिन लागेको थियो। मूर्तिकार थाकेर चूर भइसकेकी थिइन्। आज जत्तिको काम उनले आफ्नो जीवनमा कहिल्यै गरेकी थिइनन्।

मूर्तिकारले लेनिनसँग भनिन्- 'मिस्टर लेनिन, नरिसाउनु होला। मलाई दिइएको समयभित्र मैले आफ्नो काम सिध्याउन सकिनँ। मात्र एक घण्टाको काम बाँकी रहेको छ। कृपया मलाई भोलि एक घण्टाको समय दिनुहोला। आज तपाईं पनि थाक्नु भयो होला र म पनि थाकिसकें। मेरो विचारमा आज हामी दुबैले आफ्नो काम सिध्याएको मान्नु पर्ला। हुँदैन र ?'

यसको जवाफमा लेनिन गजबसित मुस्कुराउनु भयो।

लेनिनको यो मुस्कुराहट मूर्तिकारलाई अचम्मको लाग्यो। उनले सोचिन्- 'रूसमा निकै धेरै रहस्यमय कुराहरू छन्। म ती सबै रहस्यहरूलाई बुझ्नेछु र यो मुस्कानको रहस्य पनि।' यसरी सोच्दै उनी स्वागत कक्षमा पुगिन्।



स्वागत कक्ष निकै ठूलो थियो र त्यहाँ भरिभराउ मान्छे देखेर उनी एकछिन त अचम्भित भएर ठिंग उभिइन्। ती मानिसहरू कोही मजदूरको लुगा लगाइरहेका थिए, कोही सैनिकको पोशाकमा थिए। कसैको खुट्टामा किसानहरूले लगाउने छालाको जुत्ता थियो।

मूर्तिकारलाई लिएर लेनिनका सचिव उनीसँगसँगै गए। त्यतिबेला सचिवले त्यहाँ जम्मा भएका सबै व्यक्तिहरूलाई सम्बोधन गर्दै भने- 'साथीहरू, सबै काम कार्यक्रमअनुसार नै भइरहेको छ। भेटघाट निश्चित समयमा नै हुनेछ। म यहाँ म्याडमलाई बिदा गरेर आउँछु र दुईवटा कारखानाका डाइरेक्टरहरूलाई लेनिनसँग कुराकानी गराउँछु। त्यसपछि पालैसँग तपाईंहरूलाई भेट्न दिनेछु। तपाईंहरू नहड्बडाउनु होस्। सूचीअनुसार तपाईंहरू सबैले भेट्न पाउनु हुनेछ।'

त्यसपछि मात्र मूर्तिकारले बुझिन् कि- लेनिन किन त्यसरी मुस्कुराउनु भएको रहेछ !

❑ **मुक्ता श्रेष्ठ**



# हत्या गरेपछि नाजीहरूले शिविरमै लाश जलाए !

## जर्मन कम्युनिष्ट नेता थेलमानको जीवनको झाँकी

### समाजवादको विजयमा अटल विश्वास

थेलमान एक श्रेष्ठ क्रान्तिकारी, प्रतिभाशाली संगठनकर्ता र विलक्षण राजनीतिक नेता थिए । साथै, उनी एक विशिष्ट मार्क्सवादी सिद्धान्तकार पनि थिए, जसले अन्तर्राष्ट्रिय मजदूर आन्दोलनको रणनीति र कार्यनीतिसम्बन्धी मुख्य समस्याहरूको समाधानमा थुप्रै काम गरे । ३० वर्षअघि उनले जुन सैद्धान्तिक मान्यताहरू प्रस्तुत गरेका थिए, तिनको महत्व वा उपयुक्तता आज पनि समाप्त भएको छैन । उनले जोड दिए कि, जुन मुख्य असंगतिले विश्व खण्डित भएको छ, त्यो भनेको पूँजीवाद र समाजवादको बीचको अन्तरविरोध हो । उनले भनेका थिए- **"समाजवादी अर्थव्यवस्थाको निर्माणमा सारा विश्वका मजदूर सर्वाधिक रूचि लिन्छन् । समाजवादी आर्थिक मोर्चाको हरेक ठूलो सफलताले सम्पूर्ण विश्वका मजदूरहरूसामु पूँजीवादी आर्थिक प्रणालीको तुलनामा समाजवादी प्रणालीको श्रेष्ठताको नयाँ प्रमाण प्रस्तुत हुँदै गएको छ । यही विश्व ऐतिहासिक महत्वको प्रश्नले अन्तिम विश्लेषणमा हाम्रो र पूँजीपति वर्गबीचको संघर्षको परिणामको निर्णय गर्नेछ ।...'**

जर्मनीसहित अन्य देशमा समाजवादको विजयमा उनको विश्वास अटल थियो । उनले भनेका थिए- **'अटुट साहस र वीरभावबाट परिपूर्ण, उत्कट सर्वाहारा अन्तर्राष्ट्रियतावादबाट पोषित हामी सत्यनिष्ठाका साथ हाम्रो तर्फबाट सोभियत संघका साथसाथै यस्ता नयाँ शक्तिशाली राज्यहरूको उदय हुने मार्ग प्रशस्त गर्ने संकप लिनेछौं, जुन शान्तिको किल्ला (दुर्ग) बन्नेछ र आफ्नो राष्ट्रिय सीमाहरूअन्तर्गत् समाजवादको निर्माणको समय निकट ल्याउने छ ।"** .....

### साम्राज्यवाद र युद्धका विरोधी नेता

एर्नस्ट थेलमान राष्ट्रहरूको मुक्ति संघर्षमा विश्वका मजदूरहरूका क्रान्तिकारी गतिविधिबाट छुट्टै रहेर विचार गर्नेहरूका कडा विरोधी थिए । उनले भनेका थिए- **"हामीले मुक्ति संघर्षका सबै प्रश्नमा केवल राष्ट्रिय दृष्टिकोणले मात्र होइन, बरू विश्व अर्थतन्त्र र विश्व राजनीतिका मूल समस्याहरूमा दृष्टि राखेर विचार गर्नु पर्छ ।"**

यस कुरालाई ध्यानमा राखेर कि, सर्वहारा क्रान्तिमाथि हमला गर्नमा साम्राज्यवादले कुनै कसर छोड्ने छैन, थेलमान भन्दछन्- **"विरोधी शक्तिहरूको त्यस प्रणालीको विरोध हामीले कसरी गर्ने ?"** र, उनी स्वयंले यस प्रश्नको उत्तर यसरी दिएका छन्- **"हामी सोभियत संघ, पूँजीवादी देशका सर्वहारा वर्ग संघर्ष र औपनिवेशिक मुक्ति युद्धको तीन मोर्चाबाट यसको विरोध गर्ने छौं ।"** उनको दृष्टिमा यस तीन महान समसामयिक शक्तिहरूको अन्तरसम्बन्ध तथा संयुक्त कारवाही नै साम्राज्यवादविरूद्ध मजदुर संघको सफलताको ग्यारेन्टी हो ।

एर्नस्ट थेलमान सैन्यवादका एक चरमविरोधी, युद्धविरोधी आफ्नो क्रान्तिकारी संघर्षमा सारा विश्वका कामदार जनताको बन्धुत्वपूर्ण एकताका हिमायती थिए । उनको अगुवाईमा जर्मन कम्युनिष्ट पार्टीले १९३१ र १९३२ मा देशका सीमाहरूमा जर्मनी, फ्रान्स, डेनार्क, हल्याण्ड र पोल्याण्डका मजदूरहरूको युद्धविरोधी सभाहरूको आयोजना गरेको थियो । १९३२ को अक्टोबरमा उनी पेरिस गए । मोरीस थोरे र उनले १५ हजार फ्रान्सिसी मजदूरहरूको एक सभामा भाषण दिए । थेलमानले त्यस सभामा जर्मन र फ्रान्सेली साम्राज्यवादविरूद्धको संघर्षमा जर्मनीका मजदूरहरूलाई साथ दिन अनुरोध गरे । उनको अगुवाइमा १९३३ को जनवरीमा एसेनमा एक सम्मेलनको आयोजना भयो । त्यस सम्मेलनमा पश्चिमी यूरोपीय कम्युनिष्ट पार्टीहरू र युवा कम्युनिष्ट लीगहरूका प्रतिनिधिहरूले युद्ध र फासीवादका विरूद्ध जर्मनी, फ्रान्स, बेल्जियम, ब्रिटेन र अन्य देशहरूका कामदार जनताको संयुक्त कारवाहीको बारेमा एक घोषणापत्र पारित गरे ।

### सोभियत संघका मित्र

आफ्नो देशका एक उत्कट देशभक्त थेलमान सोभियत संघका पनि एक मित्र थिए र उनले ठूलो उत्साहका साथ सोभियत संघमा समाजवादी निर्माणका सफलताहरू र त्यसका शान्तिपूर्ण नीतिलाई प्रचारित गरी लोकप्रिय बनाए । उनले आफ्ना सहकर्मी कम्युनिष्टहरू र जर्मन सर्वहाराहरूमा सोभियत जनताका साथ मित्रताको भावनालाई प्रोत्साहन प्रदान गरे । उनले भने- **"रूसी मजदूर र किसानहरूका साथ जर्मन मजदूरहरू र किसानहरूसँग भ्रातृत्वपूर्ण जुझारू लक्ष्यको निर्माण गर्न र विश्व पूँजीपति वर्गका विरूद्ध यसलाई शक्तिशाली किल्लाको रूपमा परिवर्तित गरिदिनु- यही हो त्यो कार्यभार जसलाई हामीले आफ्नो निम्ति निर्धारित गरेका छौं ।"**

जर्मनीको आकाशमा फासीवादको कालो बादल अनिष्टकारी रूपमा मडारिँदै थियो । जर्मन कम्युनिष्ट पार्टीले नाजीहरूलाई सत्ता हत्याउनबाट रोक्न निकै कडा संघर्ष गर्‍यो । पार्टीले फासीवादविरूद्ध संयुक्त मोर्चा कायम गर्न धेरै पटक सामाजिक-जनवादी पार्टीसँग अपील गर्‍यो, परन्तु जर्मन सामाजिक-जनवादी पार्टीका दक्षिणपन्थी नेताहरूले ती अपीलप्रति बेवास्ता गरे ।

हिटलरी तानाशाही कायम भएको दिन- १९३३ जनवरी ३० मा थेलमानले फेरि जर्मन कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको नामबाट जर्मन सामाजिक जनवादी पार्टी र ट्रेड युनियनसँग फासीवादविरूद्ध हडतालको घोषणा गर्न अनुरोध गरे । परन्तु जर्मन सामाजिक जनवादी पार्टी र ट्रेड युनियनका दक्षिणपन्थी नेताहरूले त्यस सुझावलाई अस्वीकार गरे र आफ्नो देशमा फासिष्ट तानाशाही स्थापना गर्न मार्ग प्रशस्त गरे ।

**थेलमानको घर, जसलाई अहिले संग्राहलयको रुप दिइएको छ**



### हिटलरी दमन

मजदूर वर्ग र देशका तमाम जनवादी शक्ति, विशेषगरी जर्मन मजदूर वर्गको अग्रिम दस्ता- कम्युनिष्ट पार्टीविरूद्ध देशभर भीषण दमनचक्र शुरू भयो । नाजीहरूले हजारौं कम्युनिष्टहरूलाई गिरफ्तार गरे । जर्मनीका कम्युनिष्ट पार्टीका अखबार र सभाहरूमाथि प्रतिबन्ध लगाइयो, राइख्स्तागमा कम्युनिष्ट प्रतिनिधिहरूको स्थान रिक्त गरियो । १९३३ फेब्रुअरी २७ मा हिटलरका पिछलग्गूहरूले कम्युनिष्टहरूलाई अपराधी ठहर्‍याउन र तिनीहरूविरूद्ध दमन अझ चर्काउन दिने उद्देश्यले राइख्स्ताग भवनमा आगो लगाइदिए । पार्टी भूमिगत हुन विवश भयो । गैरकानूनी घोषित कम्युनिष्ट पार्टीका नेताहरूलाई पक्राउ गर्न फासिस्ट प्रहरीका सयौं गुप्तचरहरू फैलाए । थेलमान भूमिगत रहेका ठाउँ बर्लिनको शर्लोत्तेनबर्ग क्षेत्रबाट १९३३ मार्च ३ का दिन गिरफ्तार गरिए ।

### पाशविक यातना

थेलमानको जीवनमा दुःखद समय शुरूभयो, जुन फासिस्ट कारागार र नजरबन्दका शिविरहरूमा बित्यो । डरको कारण नाजी गुप्तचर प्रहरीले निकै खतरनाक यी बन्दीलाई थुनेको कारागार जनताबाट लुकाएर राखे । बर्लिनको मोआबित जेलमा उनलाई एकान्त अवस्थामा अन्य बन्दीहरूसँग कडाइका साथ छुट्टै राखिन्थ्यो । कसैलाई पनि उनलाई भेट्न दिइदैनथ्यो । र विस्तार विस्तारै भोकै मार्न उनलाई साह्रै कम खाना दिइन्थ्यो । पक्राउ परेको धेरै दिनपछि मात्र उनका निष्ठाशील पत्नी र जुझारू सहयोगी रोजा थेलमानलाई उनीसँग भेट्न स्वीकृति दिइयो ।

**जर्मनीको बस्तुस्थितिमा मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई लागू गर्ने, जर्मन मजदूर वर्गका नेता, क्रान्तिकारी एक वीर सैनिक, एक महान फासिष्टविरोधी र एक जोशिला अन्तर्राष्ट्रियतावादी एर्नष्ट थेलमानको जीवनको झाँकीको अन्तिम भाग**

राइस्वस्तागमा आगो लगाएको लाइप्जिग मुद्दामा पूर्ण असफलता र गेओर्गी दिमित्रोव तथा तिनका साथीहरूले सफाइ पाएपछि फासिस्ट जल्लादहरूले जर्मन कम्युनिष्ट पार्टीका नेतामाथि रीस पोख्ने षड्यन्त्र गरे । फासिस्ट गुटको एक नाइकेले भन्यो- **"थेलमानको मामिलामा हामी लाइप्जिग मुद्दामा झैं गल्ती दोहऱ्याउने छैनौं ।"**

जनताको दृष्टिमा आफूलाई 'न्यायोचित' सिद्ध गर्न नाजी गुप्ती प्रहरीले थेलमानविरूद्धको मुद्दामा नाटकीय बहसको तयारी गर्दै थियो । हिटलरपन्थीहरूले थेलमानविरूद्ध हतियार तथा बिस्फोटक पदार्थ संचय गरेको र आतंकपूर्ण कारवाही तथा सशस्त्र विद्रोह संगठित गर्ने प्रयास गरेको अभियोग 'प्रमाणित गर्न' प्रहरीका थुप्रै दलाल र पिठ्ठूहरूको सहयोग लिए । नाजी समाचारपत्रहरूले थेलमान र कम्युनिष्ट पार्टीको बदनाम गर्न निन्दनीय झुठा खबरहरू फैलाए । यसैबीच नाजी जल्लादहरूले शारीरिक यातना, दमन र अपमानका अति पाशविक उपायद्वारा उनको संकल्प शक्ति तोड्न र उनी कहिल्यै सहभागी नभएको 'अपराध' कबुल गराउन र साथीहरूप्रति विश्वासघात गराउन विवश पार्ने कोशिस गर्दै थिए । उनलाई कठोर यातना दिइयो, सम्मोहनको वशमा पारी चाहेको कुरा भन्न लगाउने कुचक्र गरे, अपमान गरे र 'ब्ल्याक मेल' गरे । उनीविरूद्ध सबै प्रकारका उत्तेजनामूलक कार्वाही गरे, उदाहरणको लागि- गेस्टापो (नाजी गुप्तचर संस्था) ले गद्दार र प्रहरीका दलका कैट्नरलाई उनी सामु ल्याए । जब थेलमानले गेस्टापोलाई कुनै सूचना दिन इन्कार गरे, तब फलामका डण्डीले पिटे र उनका हात खुट्टामा नेल ठोकेर जेलमा कोचे, जहाँ दुई प्रहरी २४ सै घण्टा उनको चेवामा बस्थे । परन्तु यी सब भएर पनि यी महान क्रान्तिकारी योद्धाको साहस टुटेन ।

परन्तु, त्यस अमानवीय यातनाले उनको स्वास्थ्य बिग्रियो । यो कुरा उनकी पत्नीलाई लेखेको एक पत्रबाट थाहा हुन्छ- **"हालै मैले जे जे भोगें, त्यसबाट मेरो स्वास्थ्य निकै खराब भएको छ ।"**

## विश्वभर उनको रिहाइको माग

अन्ततः जब रोजा थेलमानलाई एक गेस्टापो प्रहरीको उपस्थितिमा एर्नस्टसँग भेट गर्ने स्वीकृति प्राप्त भयो, त्यस भेटबारे रोजाले आफ्नो छोरीलाई यसरी बताइन्- **"ढोका खुल्यो र एस.एस. हत्याराले तिम्रो पितालाई भित्र ल्याए । उनी राम्ररी हिँड्न पनि सक्दैनथे । उनको मुखमा दाँत थिएन । अनुहार सुन्निएको थियो । पिटाइ खाँदाखाँदा कालो वर्ण भइसकेको थियो । उनी राम्ररी बस्न सक्ने अवस्थामा पनि थिएनन्....."**

थेलमानलाई नाजीहरूले शारीरिक यातना दिएको खबरले सारा विश्वलाई दुःखित बनायो । सबै देशका जनता जर्मन कम्युनिष्ट नेताको रक्षाका लागि उठे । थेलमान रक्षा समिति स्थापना गरिए, जर्मन सरकारको नाममा विरोधपत्र दिइयो, मास्को, पेरिस, प्राग, लण्डन, न्यूयोर्क र अन्य थुप्रै शहरका सडकहरूमा भएका सर्वहारा भाइचाराको प्रदर्शनद्वारा नाजी अत्याचारविरूद्ध करोडौं-करोड मानिसहरूको क्रोध अभिव्यक्त भयो । थेलमानको नाम हिटलरको तानाशाहीविरूद्ध संघर्षको प्रतीक बन्यो । प्रमुख यूरोपेली र अमेरिकी बुद्धिजीवीहरूले थेलमानको प्राणरक्षाको लागि आवाज बुलन्द गरे । रोमाँ रोलाँले 'साम्यवाद र एर्नस्ट थेलमानको रक्षा' को नारा लगाए । अन्य थुप्रै लेखकहरू- आँरी बार्बस, थ्योडोर, ड्राइजर, मार्टिन एन्डर्सन नेक्से, हेनरिख मान्न आदिले थेलमानको रिहाइको माग गरे । माक्सिम गोर्कीले भन्नुभयो- **"त्यो समय आउने छ, जब एकै झिल्कोले सबै...... मानिसहरूको मनको ज्वाला प्रज्वलित हुनेछ र त्यसले फासीवादको यस कुहेको उखूमलाई जरैदेखि उन्मूलन गर्नेछ..... फासीवादको चिहान खन्ने अथक थेलमान र उनका बहादुर साथी जिन्दाबाद !"**



**फासीवादको चिहान खन्ने अथक थेलमान र उनका बहादुर साथी जिन्दाबाद !**

**-माक्सिम गोर्की**

महिना पछि सालहरू बित्दै गए, परन्तु फासिस्ट कानूनी 'विशेषज्ञ'हरूले थेलमानविरूद्धको मुद्दा प्रमाणित गर्न सकेनन्, उनका कुनै पनि गतिविधिका कुनै कुरा अभियोगमा फसाउन उपयुक्त पाएनन् । फासिस्टहरूले थेलमानको निम्ति नियुक्त वकील फ्रेडरिक रेत्तेरले पनि विश्वलाई यही बताए । थेलमानविरूद्ध झुठा 'अभियोग पत्र' प्राप्त गरेपछि, सर्वहारा नेतासँग निजी कुराकानीपछि रेत्तेर त्यस नाजी अपराधमा सामेल भएनन् । त्यसैले उनी सरकारी अभियोगपत्रसहित विदेश पलायन भए ।

थेलमानको रिहाइनिम्ति व्यापक जनसुदायको शक्तिशाली आन्दोलन विश्वभर फैलियो । लाइप्जिग मुद्दामा झैं अर्को असफलता व्यहोर्नु पर्ला भनेर नाजीहरूले थेलमानलाई अदालतमा उभ्याउने आँट गरेनन् । थेलमानको रक्षानिम्ति बर्लिनमा उर्लेको गतिविधि रोक्न तिनीहरूले यस बन्दीलाई मोआबित जेलबाट हनोवरको जेलमा सारे ।

यसरी थेलमानलाई मुद्दा नचलाई अर्को शहरको जेलमा थुनेर नाजी अत्याचारीहरूले यी कम्युनिष्ट नेतालाई जनताबाट पूर्णतया टाढा राख्ने तथा फासीवादविरोधी संघर्षलाई बन्द गर्ने आशा राखे । तर तिनीहरूको आशामा पानी फेरियो । जर्मनका कम्युनिष्टहरू नाजी आतंक र दमनबाट भयभीत भएनन् । तिनीहरूले गैरकानूनी परिस्थितिमा पनि फासिस्ट अत्याचारविरूद्ध आफ्नो निर्भय संग्राम जारी राखे । पार्टीको नेतृत्व थेलमानका सच्चा मित्र विल्हेम पीक, वाल्तेर उलब्रिख्त, व. फ्लोरिन आदिको हातमा थियो । देशभरमा सयौं पार्टी इकाइहरू गैरकानूनी रूपमा गुप्त ढंगले काम गर्दै थिए ।

नाजीहरूले जर्मन कम्युनिष्ट पार्टीका करीब आधा सदस्यहरूलाई जेल अथवा नजरबन्द शिविरमा थुने । कतिपय कयुनिष्टहरूले जर्मनी छोड्न र देश बाहिर रहेर फासीवादविरूद्ध संघर्ष गर्नुपऱ्यो । नाजीहरूले पार्टीका ३५ हजार सदस्यहरूको हत्या गरे । एर्नस्ट थेलमानले झैं ती सबैले जीवनको अन्तिम घडीसम्म नाजी अत्याचारको दृढताका साथ विरोध गरे । जस्तोसुकै कठीन अग्निपरीक्षाबाट गुज्रनु परे पनि तिनीहरूको मनमा आफ्नो आदर्शप्रति गर्वपूर्ण विश्वास थियो र उनीहरूले हत्याराहरूको कडा विरोध गर्दै आफ्नो प्राण उत्सर्ग गरे ।

## थेलमानको बर्बर हत्या

सोभियत संघमाथि फासिस्ट जर्मनीको विश्वासघातपूर्ण हमलाको तुरून्तै गेस्टापो जेलर उपहासपूर्ण ढङ्गमा उनलाई यो बताउन आए कि केही दिनमै फासिस्टहरू मास्कोमा हुनेछन् । थेलमानले ती नीचहरूलाई यस्तो जवाफ दिए- **"सोभियत संघमा सम्पूर्ण फासिस्ट फौजको चिहान खनिनेछ ।"** जेलरहरू हाँसे, तब उनले थपे- **"तिमीहरूको विद्युत गतिको युद्धको अन्त स्वयं तिमीहरूको विनाशमा हुनेछ ।"**

उनको भनाइ सही निस्क्यो । सोभियत फौजले फासिस्ट नरपशुको कम्मरै भाँचिदियो । प्रतिदण्डको भयले फासिस्टहरूले घोर अपराध गरे । १९४४ अगस्ट १८ का दिन थेलमानको बर्बरतापूर्ण हत्या गरियो र बुखेनबाल्द नजरबन्द शिविरमा उनको शव जलाइदियो । थेलमानको हत्या गरेपछि विश्वसामु आफ्नो अपराध प्रकट गर्न नाजीहरू डराए । १९४४ सेप्टेम्बर १४ मा मात्र तिनीहरूले एक मनगढन्त रिपार्ट प्रकाशित गरे, जसमा बेलायत र अमेरिकी विमानहरूको वमवर्षाले २८ अगस्तमा राइस्वस्तागका भूतपूर्व सदस्य ब्रेतशाइद (सामाजिक जनवादी) र थेलमान मारिए भनिएको थियो ।

जर्मन राष्ट्रका यस उत्कट देशभक्तले जुन आदर्शको निम्ति संघर्ष गरे र आफ्नो प्राण समर्पण गरे, त्यो उनको देशमा सफल भयो । मजदूर र किसानहरूको समाजवादी राज्य, जर्मन जनवादी जनतन्त्र तथा जुन मजदूर वर्गको एकताको लागि थेलमानले संघर्ष गरे, त्यसलाई कायम गर्ने जर्मनीको समाजवादी एकता पार्टीमा उनका आदर्शहरूले मूर्त रूप ग्रहण गरेको छ ।

प्रगतिशील मानवजाति एर्नस्ट थेलमानलाई केवल जर्मनीको वस्तुस्थितिमा मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई लागू गर्ने जर्मन मजदूर वर्गका नेताको रूपमा मात्र होइन; क्रान्तिका एक वीर सैनिक,, एक महान फासिस्टविरोधी र एक जोशिला अन्तर्राष्ट्रियतावादीको रूपमा पनि स्मरण गर्छन् । कम्युनिष्ट इन्टरनेशनलका एक प्रमुख नेता, एर्नस्ट थेलमानले मार्क्सवाद-लेनिनवादको विशुद्धता र अन्तर्राष्ट्रिय कम्युनिष्ट र मजदूर आन्दोलनको सुदृढ एकताका लागि लेनिनवादी उच्च सिद्धान्तप्रियताका साथ संघर्ष गरे र यही एकतालाई उनले सर्वहारा क्रान्तिको विजयको धरोहर माने ।

जुन आजूको लागि एर्नस्ट थेलमानले जीवन उत्सर्ग गरे, त्यसलाई अगाडि बढाउँदै जर्मनीका कामदार जनता उनको स्मृति गर्दै श्रद्धाञ्जलि व्यक्त गर्दछन् । ......

.......जर्मन संघात्मक गणराज्य (पहिलेको पश्चिम जर्मनी) मा नाजी शासनकालमा झैं गैरकानूनी स्थितिमा परेको जर्मन कम्युनिष्ट पार्टी यही आजूको समर्थन गर्दछ ।........

(तत्कालीन) पश्चिमी जर्मनीका सैन्यवादी र प्रतिशोधवादीहरूका निम्ति थेलमानको स्मृति अप्रिय छ । जुनसुकै कुराबाट जतिसुकै धमिलो रूपमा उनको दीप्तिमान जीवन अभिव्यक्त हुन्छ, ती सबैलाई मेटाउने कोशिस उनीहरू गर्दैछन् । नाजीहरूको पराजयपछि थेलमानको सम्मानमा हेम्बर्गको जुन सडकलाई 'थेलमान मार्ग' नामाकरण गरिएको थियो, त्यसलाई १९५६ मा नाम परिवर्तन गरियो । .....

जर्मन र विश्वका अन्य देशका कामदार जनताले महान कम्युनिष्ट तथा क्रान्तिका सैनिक एर्नस्ट थेलमानको स्मृतिलाई आज पनि ताजा राखेका छन्

प्रस्तुति- **प्रकाश नेपाल**, काभ्रे

*(आजादी के दीवानेबाट)*

*साभारः भक्तपुर (मासिक) २०५३ असार*



# बनारस रहँदा मलाई पुष्पलालले 'तुरुन्त कलकत्ता आउनू' भनी तार पठाए

## क. नरबहादुर कर्माचार्यसँग कुराकानी

**नेपाल कम्युनिष्ट पार्टीको संस्थापक सदस्य तथा हाल नेकपा (एकता केन्द्र) का एक लगनशील नेताको रुपमा परिचित बयोवृद्ध कम्युनिष्ट योद्धाको नाम हो- क. नरबहादुर कर्माचार्य । पार्टीको काममा लाग्दालाग्दै दुई दुई पटकसम्म विवाह गर्ने तयारी गरेर पनि विवाह गर्न नपाउनु भएका क. नरबहादुर हालसम्म पनि अविवाहित नै हुनुहुन्छ ।**

**वि.सं. १९८१ सालको भाइटीकाको दिन आमा श्रीकुमारी कर्माचार्य र बुबा चन्द्रबहादुर कर्माचार्यको कोखबाट एक गरीब परिवारमा पाटनको भ्रुतापोल टोलमा जन्मेका क. नरबहादुर कर्माचार्य हाल ७३ वर्षको हुनुभएको छ । प्रस्तुत छ- क. नरबहादुर कर्माचार्यसँग हालै उहाँकै निवासमा मूल्याङ्कनले लिएको ताजा अन्तर्वार्ता ।**

प्रस्तुतिः तुल्सीदास महर्जन

◆ **तपाईंको समय अहिले कसरी बितिरहेछ ?**

-मलाई अहिले खुट्टा दुख्ने रोग छ । साथै, म पेटको बिरामी पनि छु । चार महिना अगाडि मलाई एपेण्डिसाइटिस् भएको थियो र म मोडेल अस्पतालमा उपचारको लागि भर्ना भएको थिएँ । तर, औषधि सेवनले नै एपेण्डिसाइटिस् सुकेर गयो र अपरेशन गर्नु परेन । डाक्टरको भनाइअनुसार, शारीरिक श्रम बढ्दा त्यो रोग पुनः बल्भ्रुन सक्छ र त्यो मेरो लागि खतराजनक हुन सक्छ ।

त्यसैले, अहिले म पार्टीको खास खास काम गर्नको लागि मात्र घरबाट बाहिर निक्लन्छु । र, बढीमा चितवनसम्म मात्र पार्टीको काममा जान्छु । पार्टीको कामबाहेक अन्य समयमा म घरमा नै रहन्छु । घरमा भाइ-भतिजा, भतिजीहरू छन्, बुहारीहरू छन् । पारिवारिक दिनचर्या त्यत्तिकै चलिरहेको छ ।

◆ **अहिलेको उमेरसम्म तपाई निरन्तर पार्टी कार्यमा लाग्दै आउनु भएको छ । तपाईलाई कहिल्यै थकाइ महसुस भएन ?**

-नेकपा एकता केन्द्र बन्नुभन्दा केही समय अगाडि म केही मात्रामा निराशिएको थिएँ । मलाई केही थकाइ महसुस भएको थियो । खासगरिकन, पार्टीमा सधैं दक्षिणपन्थी संशोधनवादी विचार हावी भयो । र, यसले आन्दोलनलाई कहाँ पुऱ्याउने हो ?- भन्ने प्रश्नले मलाई निराश र थकान महसुस गराएको थियो । तर, तीन पार्टीहरू मिली, खासगरिकन, मशालसँगको एकताबाट जसरी नेकपा (एकता केन्द्र) को जन्म भयो, त्यसले मलाई पुनः उत्साहित तुल्यायो । र, मेरो थकान र निराशापन बिलाउन पुग्यो । एकता केन्द्र बनाउने कार्यमा मेरो महत्वपूर्ण भूमिका रहेको थियो ।

◆ **मशाल त पुनः एकता केन्द्रबाट फुटेर अर्कै पार्टी, नेकपा (माओवादी) खोलेर अहिले जनयुद्ध गर्दैछ नि ?**

-उनीहरू फुटेर गएकोमा मलाई केही भन्नु छैन । त्यसले मलाई निराश तुल्याएको छैन ।

मलाई के लाग्छ भने- उनीहरूको उद्देश्य ठीक भएर पनि प्रक्रिया मिलेको छैन ।

◆ **तपाई केही मनोरञ्जन गर्नु हुन्न ?**

-म बूढो भइसकें । खोई, मनोरञ्जन के लिनु ? (हाँसेर) तर, कहिलेकाहीं घरमा टि.भि. चाहिँ हेर्छु । जे होस्, टाइम पास गर्नु पर्दा जुनसुकै कार्यक्रम भए पनि टि.भि. हेर्ने गर्छु ।

◆ **तपाई अध्ययन कत्तिको गर्नु हुन्छ ?**

-अध्ययनमा मेरो केही कमजोरी छ । खासगरिकन, आँखाको कमजोरीले गर्दा पनि मैले अध्ययन त्यति गर्न सकेको छैन ।

एक वर्ष अगाडि मेरो मोतीबिन्दुको अपरेशन भयो र म केही पढ्न सक्ने भएँ । त्यसबेलादेखि मैले केही मात्रामा भए पनि अध्ययन गर्दै आइरहेको छु ।

◆ **अध्ययन के के गर्नु हुन्छ ?**

अखबारहरू र मूल्याङ्कन पढ्छु । मूल्याङ्कनमा खासगरिकन म विश्व कम्युनिष्ट आन्दोलनको स्तम्भ पढ्ने गर्दछु । किताबको अध्ययन म कहिलेकाहीं मात्र गर्दछु ।

◆ **अब एकछिन अतीततर्फ जाऔं । तपाई राजनैतिक आन्दोलनमा कसरी लाग्नु भयो ?**

-१९९७ सालको घटनाले मलाई राजनैतिक आन्दोलनमा लाग्न प्रेरित गऱ्यो ।

त्यस दिन म शहीद धर्मभक्तलाई भ्रुण्ड्याएर मारिराखेको दृश्य र पछि उनलाई घाटमा लगी दाहसंस्कार गरेको दृश्य जम्मै हेरेर घरतर्फ फर्कंदै थिएँ । शंखमूलमा पुग्दा मलाई एकजना मानिसले कहाँ गएर आउनु भएको ? भनी सोध्यो । मैले अघिको सबै कुरा बताएँ ।

उसले फेरि प्रश्न गऱ्यो- 'तपाईंलाई यो घटना कस्तो लाग्यो त ?'

मैले भनें- 'अहो ! यो त धेरै अन्याय भयो नि !'

'यो अन्यायको विरोधमा नउठ्ने ?'- उसले प्रश्न गऱ्यो ।

'उठ्ने ! किन नउठ्ने ?'- मैले भनें । त्यसपछि उसले मलाई सम्पर्क स्थान दियो । र, त्यही सम्पर्कबाट म संगठनमा आबद्ध भई राजनैतिक आन्दोलनमा लागें ।

◆ **त्यो कुन संगठन थियो ?**

-नेपाल प्रजातन्त्र संघ । त्यो संगठन राणाविरोधी संगठन थियो । त्यसमा पुष्पलाल श्रेष्ठ प्रमुख कमाण्डर थिए भने प्रेमबहादुर कंसाकार कमाण्डर थिए । शम्भुराम श्रेष्ठ, काईलाबा, भैरब बहादुर, गंगालाल श्रेष्ठ आदि सबै नै त्यही संगठनमा थिए । हामी त्यतिबेला त्यस संगठनमा करीब चालीसजना जति थियौं ।

◆ **त्यो संगठनले कुन कुन आन्दोलन गऱ्यो त ?**

-राजनैतिक आन्दोलन त त्यसले खास कुनै गर्न पाएन । तर, राजनैतिक अध्ययन गर्ने तथा राजनैतिक प्रशिक्षण लिने-दिने काम त्यसबाट भयो ।

नेपाल प्रजातन्त्र संघले जनतामा चेतना फैलाउने उद्देश्य राखी काठमाडौंमा शान्ति निकुञ्ज स्कूल र पाटनमा कन्या निकेतन स्कूल स्थापना गर्ने भूमिका खेल्यो । म लगायत पाटनका अन्य साथीहरूले कन्या निकेतन खोल्नमा पहल गऱ्यौं भने काठमाडौंका साथीहरूले शान्ति निकुञ्ज खोल्नमा पहल गरे । त्यस समय स्कूल खोल्ने कार्य पनि गैरकानूनी थियो ।

◆ **तपाई आफूले शिक्षा कहाँबाट प्राप्त गर्नु भयो ?**

-मैले शुरूमा काठमाडौंको दरबार स्कूल र पछि पाटनको पाटन स्कूलबाट म्याट्रिकसम्मको शिक्षा हासिल गरें ।

**◆ तपाईं कम्युनिष्ट आन्दोलनमा कसरी लाग्नु भयो ?**

-'नेपाल प्रजातन्त्र संघ'मा लाग्दादेखि नै म कम्युनिष्ट विचारतर्फ आकर्षित थिएँ । त्यो समयमै मैले 'साम्यवादी की दर्शन' भन्ने पुस्तक पढिसकेको थिएँ ।

पछि २००४ साल वैशाख १७ गते यहाँ राजनैतिक आन्दोलन शुरू भयो । त्यो आन्दोलन २००३ सालको चैत्र महिनामा विराटनगरमा भएको मजदूर आन्दोलनबाट पक्रेर ल्याई काठमाडौंमा थुनिराखेका त्यस आन्दोलनका नेताहरू वि.पि. कोइराला र मनमोहन अधिकारीलाई रिहा गराउन चलाइएको सत्याग्रह थियो । हामीलाई नेपाल प्रजातन्त्र संघबाट त्यस सत्याग्रहमा भाग लिन आदेश आयो र हामी (खासगरिकन म र काईलाबा) त्यस आन्दोलनमा होमियौं । तर, त्यस आन्दोलनलाई राणाहरूले दबाए ।

त्यति बेलासम्ममा भारतको भूमिमा नेपाली राष्ट्रिय कांग्रेसको जन्म भइसकेको थियो । त्यसको कार्यवाहक सभापति टंकप्रसाद आचार्य थिए । पछि सम्मेलन गरी डा. डिल्लीरमण रेग्मीलाई सभापति बनाइयो ।

तर वि.पि. कोइराला जेलबाट छुटेर गएपछि उनले पार्टीको सभापति आफू हुनुपर्ने जिकिर गरी उनी उपस्थित नै नभएको सम्मेलनको विरोध गरे । यसबाट नेपाली राष्ट्रिय कांग्रेसभित्र ठूलो विवाद भयो । यस विवादमा कृष्णप्रसाद भट्टराई, गणेशमान सिंहहरूले वि.पि.लाई साथ दिए भने पुष्पलाल श्रेष्ठ र प्रेमबहादुर कंसाकारहरूले डिल्लीरमण रेग्मीलाई साथ दिए । फलस्वरूप, पार्टी दुई फ्याकमा विभाजित भयो । विभाजित दुवै पार्टीका कार्यालयहरू बनारसमा थिए ।

उता पटनामा सूर्यप्रसाद र महेन्द्रविक्रम शाहहरूले प्रजातन्त्र कांग्रेसको नाममा अर्को पार्टी पनि खोले ।


यसरी राणाविरोधी आन्दोलनकारीहरू तीन तीन पार्टीमा विभाजित भएकोले यिनीहरूलाई मिलाउन जनदबाब सृजना गर्ने उद्देश्य राखी यता काठमाडौंमा गोपालप्रसाद रिमालको नेतृत्वमा 'कानूनी राज्य जिन्दाबाद'को नारा बोकी २००५ सालको विजयादशमीको दिनबाट प्रजा पंचायतको आन्दोलन शुरू भयो । हामी त्यस आन्दोलनका संगठकहरू थियौं । त्यस आन्दोलनमा तीनै पार्टीका समर्थकहरू पनि थिए ।

शुरूमा राणाहरूले आन्दोलनकारीहरूलाई पक्रने कार्य मात्र गरे । तर पछि वि.पि. कोइराला काठमाडौं आउँदा उनलाई पक्रेर उनले त्यो आन्दोलन आफूले गराएको भनी बयान दिएपछि आन्दोलनकारीहरूलाई धेरै यातना दिइयो ।

वास्तवमा त्यो आन्दोलन वि.पि. को नेतृत्वमा भएको थिएन । त्यो आन्दोलन आफ्नो नेतृत्वमा नभएकोले कहीं आन्दोलनको श्रेय अरूले पो लिने हो कि ?- भन्ने शंकाले उनी बनारसबाट काठमाडौं आएका थिए । र, उनले आफ्नो गिरफ्तारी दिई आन्दोलन आफ्नो नेतृत्वमा भएको भनी बयान दिए । यसले गर्दा दमन चर्को भयो । करीब २०० आन्देलनकारीहरू पक्रिए । धेरैलाई चरम यातना दिइयो ।

दमनको कारणले पाटनमा तुल्सीलाल अमात्य भारततिर भाग्न लाग्दै थिए । साथीहरूको सल्लाहबाट उनको साथमा म पनि भारततिर लागें । हामी भारतमा खासगरिकन फुटेका तीन पार्टीहरूलाई मिलाउने उद्देश्य लिई गएका थियौं ।

तर, धेरै प्रयास गरेर पनि ती पार्टीहरूलाई मिलाउन सकिएन । नेतृत्वको लागि ठूलो होडबाजी चलेको थियो । मिल्न नसक्नुमा यही नै मुख्य कारण थियो ।



**वि.पि.को कुरा नमानेकोले मलाई समातेर गिरीजाप्रसाद कोइराला र कालिका भन्नेले पिटी पिटीकन जूट मीलको एउटा कोठामा थुने ।**

उता केही समय पहिलेदेखि नै नेतृत्वको झगडाबाट वाक्क भई पुष्पलाल श्रेष्ठ बनारस छोडी कलकत्तामा बस्न थालिसकेका थिए । त्यहाँ उनको भारतीय कम्युनिष्टहरूसँग सम्पर्क भई त्यतिबेलासम्म उनी भारतीय कम्युनिष्ट पार्टीको सदस्य बनिसकेका थिए ।

बनारस रहँदा मलाई पुष्पलालले 'तुरून्त कलकत्ता आउनू' भनी तार पठाए । स्मरणीय छ कि, यसअघि पनि एकपटक कलकत्तामा मेरो पुष्पलालसँग भेटघाट भइसकेको थियो र त्यतिबेला उनले मलाई 'कम्युनिष्ट पार्टी गठन गर्नु पर्छ' भनी भनेका थिए । तार पाउनासाथ म कलकत्ता गएँ ।

कलकत्तामा पुष्पलालले निरञ्जन गोविन्द वैद्य र नारायण विलासलाई पनि सम्पर्कमा राखेका रहेछन् । पुष्पलालले 'अब नेपालमा कम्युनिष्ट पार्टी स्थापना गर्नुपर्छ' भनी हामीलाई सम्झाए । हामी त पहिले नै कम्युनिष्ट विचारप्रति आकर्षित भइसकेका थियौं । त्यसैले उनको प्रस्ताव हामीले स्वीकार गर्यौं । पुष्पलालले एउटा पर्चा र घोषणा-पत्रको मस्यौदा तयार गरे । हामीले दुई दुई पटक त्यसलाई अध्ययन गरी आवश्यक फेरबदल गरी पास गर्यौं । र, अन्तमा हामीले २२ अप्रिल १९४९ मा कलकत्ताको श्याम बजारमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्यौं ।

**◆ त्यतिबेला क. मोतीदेवी श्रेष्ठ हुनुहुन्थेन ?**

-त्यतिबेला उहाँ पनि कलकत्तामा हुनुहुन्थ्यो । उहाँ गंगालाल श्रेष्ठ (हलुवाई) को साथमा आउनु भएको थियो । तर उहाँ बिमारी परेकोले पार्टीको स्थापनाको समयमा उपस्थित हुन सक्नु भएन । उहाँ अर्कै ठाउँमा मेरै हेरचाहमा रहनु हुन्थ्यो । गंगालाल चाहिँ पुष्पलालको नेतृत्वमा पार्टी स्थापना गर्न मञ्जूर नभएकोले त्यहाँबाट अन्यत्र हिँडेका थिए ।

**◆ कम्युनिष्ट पार्टीको स्थापनापछि पार्टीले तपाईंलाई कुन जिम्मेवारी सुम्प्यो त ?**

-पार्टीले मलाई मजदूर आन्दोलनको लागि जिम्मा सुम्प्यो । त्यसैले म विराटनगरमा गई नक्कली नामबाट रघुपति जूट मीलमा स्टोर किपरको जागीर खान गएँ । त्यसबेला मनमोहन अधिकारी विराटनगरमा मजदूरहरूको बीच निक्कै नै लोकप्रिय थिए । सबैले उनलाई 'मोहन बाबु' भन्थे । उनको सम्पर्कमा मैले त्यहाँ मजदूरहरूलाई संगठित बनाउने कार्य गरे । पछि राष्ट्रिय कांग्रेस पार्टीसँग नजीक रहेका मजदूरहरू र कम्युनिष्ट पार्टीसँग नजीक रहेका मजदूहरू मिलाई हामीले अखिल नेपाल ट्रेड युनियन कांग्रेसको स्थापना गर्यौं । त्यसको अध्यक्ष राष्ट्रिय कांग्रेसका बलबहादुर राई र महासचिव म भएँ ।

**◆ पार्टीको जिम्मेवारी बहन गर्दा त्यतिबेलाको महत्वपूर्ण अविस्मरणीय आन्दोलनको कुनै घटना सुनाउनु हुन्छ कि ?**

-२००७ सालको माघतिर म विराटनगरमा मजदूर आन्दोलनमा लाग्दै थिएँ । त्यतिबेला कांग्रेसका मुक्तिसेनाहरूले विराटनगर कब्जा गरिसकेका थिएँ । वि.पि.ले रघुपति जूट मीलमा क्याम्प खडा गरी सशस्त्र संघर्ष छेडिरहेका थिए । त्यही समयमा कलकत्ताबाट नेपाल फर्कंदै गरेका मनमोहन अधिकारीलाई कम्युनिष्ट भएको नाताले वि.पि.का सेनाहरूले नेपालको सीमानातिर पक्रेर जूटमीलको एक कोठामा थुनेर राख्यो । उता जूट मील बन्द गरिएको कारणले मजदूरहरू आर्थिक संकटले पिरोलिन थाले ।

त्यसैले जूट मीलका मजदूरहरूको तलब दिइदिनुपर्ने, मनमोहनलाई तुरून्त छोडिदिनुपर्ने, मजदूरहरूले पनि हतियार प्राप्त गरी राणाविरोधी सशस्त्र संघर्षमा भाग लिन पाउनु पर्ने र राणाहरूका विरूद्ध अन्तिम हदसम्म लड्नु पर्ने माग राखी विराटनगरको कटन मीलबाट जुलूस निकाली जुट मीलमा क्याम्प खडा गरी बसेका वि.पि. कोइरालाकहाँ गई ट्रेड युनियनले ती मागहरू प्रस्तुत गर्यो । त्यस जुलूसमा बलबहादुरले चारतारे झण्डा बोकका थिए भने मैले हँसिया हथौडा भएको ट्रेड युनियनको झण्डा बोकेको थिएँ ।

वि.पि.को कुरा नमानेकोले मलाई समातेर गिरीजाप्रसाद कोइराला र कालिका भन्नेले पिटी पिटीकन जूट मीलको एउटा कोठामा थुने । पछि २००७ सालको परिवर्तन पछाडि २००८ सालको वैशाख महिनामा मात्रै मलाई छोडियो । यो घटना मलाई अविस्मरणीय लाग्दछ ।

**◆ नेपाली कम्युनिष्ट आन्दोलनमा अहिलेसम्मका नेताहरूमध्ये तपाईं सबभन्दा बढी कसलाई मन पराउनु हुन्छ ?**

पुराना नेताहरू त सबै नै आलोचनाका भागिदारी बनिसके । त्यसैले नयाँहरूमा मलाई क. सन्देश नै बढी मन पर्छ र त्यसपछि क. प्रचण्डलाई मन पराउँछु ।

**◆ वर्तमान राजनीतिक अवस्थालाई तपाई कसरी लिनु हुन्छ ?**

-अहिलेको राजनीतिक अवस्था उत्साहजनक छैन । अहिले ०४६ सालको आन्दोलनबाट प्राप्त सीमित राजनीतिक अधिकार पनि गुम्न थालेको छ ।

एमाले सम्मिलित यो संयुक्त सरकारले आन्दोलनकारीहरूलाई दबाउन र कम्युनिष्टहरूलाई दबाउन हतियारको रूपमा प्रयोग गर्न मिल्ने कथित विध्वंशात्मक अपराधविरूद्धको विधेयक संसदमा पेश गर्न लाग्दैछ । यसले पुनः देशको प्रजातान्त्रिक आन्दोलनलाई र कम्युनिष्ट आन्दोलनलाई दबाउने निश्चित छ ।

यो विधेयक संसदबाट पारित भएमा जनताको मौलिक हक तथा नागरिक अधिकार पुनः एकचोटी व्यवहारिक रूपमा गुम्नेछ । त्यसैले अहिलेको नेपालको राजनीतिक अवस्था निक्कै संकटपूर्ण स्थितिमा छ । ❑

अन्तर्क्रिया

# महाकालीको विकल्प के ?

## के हुनुपर्छ नेपालको जलविद्युत विकासको समग्र योजना र रणनीति ?



इञ्जिनियर विकास पाण्डे, जलस्रोतविद्हरु दीपक ज्ञवाली र अजय दीक्षितका बीच सम्पन्न अन्तर्क्रिया

व्यापक जनविरोध हुँदाहुँदै महाकाली सन्धिलाई निकै हतारोमा नेपालको संसदले गएको वर्ष असोजमा दुई तिहाई बहुमतले पारित गऱ्यो । तर व्यापक जनदवावको कारण त्यो सन्धि एक्लै पारित भएको थिएन । त्योसँगैं एउटा चारबुँदे संकल्प प्रस्ताव पनि पारित भएको थियो । नेपालका परराष्ट्र मन्त्री प्रकाशचन्द्र लोहनीका अनुसार, नेपालले लगत्तैपछि नै सन्धिलाई महाकाली संकल्प प्रस्तावसहित भारतको अनुमोदनको निम्ति पठाइसकेको छ । तर भारतले यसको प्रत्युत्तर अहिलेसम्म दिएको छैन । यस्तो प्रतीत हुन्छ, भारत सरकारलाई नेपालको संसदले पारित गरेको संकल्प प्रस्ताव मान्य भइरहेको छैन । यो कुरालाई गत जेठमा भारतका प्रधानमन्त्री इन्दरकुमार गुजरालको नेपाल भ्रमणको अवसरमा महाकाली सन्धिमा प्रधानमन्त्री स्तरमा हस्ताक्षर हुँदा उक्त संकल्प प्रस्तावको नामसम्म पनि नलिइएको कुराले पनि पुष्टि गरेको छ ।

महाकाली सन्धि पारित भएपछि पनि महाकाली सन्धिले उठाएका विवादहरु अझै सेलाइसकेका छैनन् । महाकाली सन्धि खालि एउटा सम्झौता मात्र होइन, त्यसमा सरकारको नेपालको जलस्रोतको उपयोग र विकाससम्बन्धी समग्र अवधारणा अभिव्यक्त भएको देखिन्छ । नेपालका ठूलाठूला नदीनालाहरुबाट पानी उत्तिकै भारततिर बगिरहेछन् र त्यसबाट बिजुली निकालेर त्यो निर्यात गरेमा नेपालले प्रशस्त राजश्व आम्दानी गर्न सक्छ र त्यसबाट तीव्र गतिमा देश विकास गर्न सकिन्छ भन्ने अवधारणा यो सन्धिबाट अभिव्यक्त भएको छ । के यो विकासको अवधारणा सही छ ? के विद्युत निर्माणबाट देश उँभो लाग्न सक्छ ? महाकाली त हुन्न भनियो, त्यसको विकल्प के ? अन्यत्रको अनुभवले के भन्छ ? यी र यस्ता प्रश्नहरु हाम्रा सामु मुख बाएर खडा भएका छन् ।

यी प्रश्नहरुको हल खोज्ने उद्देश्यले केही समयअघि हामीले नेपालका चिरपरिचित जलस्रोतविद् विकास पाण्डे, दीपक ज्ञवाली र अजय दीक्षितबीच विचार अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका थियौं । हाल अमेरिकामा अध्ययनरत इन्जिनियर विकास पाण्डे त्यतिखेर बिदामा नेपाल आउनु भएको बेला थियो । प्रस्तुत छ- त्यही अन्तर्क्रियाको अन्तिम भागको सारसंक्षेपः

### कसरी बढ्छ हाम्रो संस्थागत क्षमता ?

**"मूल प्रश्न हाम्रो संस्थागत क्षमताले कत्रो योजना धान्छ भन्ने हो"**

**दीपक ज्ञवाली**

हाम्रा नेताहरू र व्यूरोक्रेटहरू ठूलठूला आयोजनाहरू पनि गर्नैपर्छ, नत्र कसरी देश विकास हुन्छ भन्छन् । मूल प्रश्न ठूलठूला आयोजना गर्ने कि नगर्ने भन्ने होइन, मूल प्रश्न त हाम्रो संस्थागत क्षमता के कस्तो छ ? र, त्यसले ठूलठूला भनिएका आयोजनालाई धान्न सक्छ कि सक्दैन ? भन्ने हो । धान्न सके त विश्वकै सबैभन्दा ठूलो आयांजना पनि नेपालले गरे हुन्छ । तर के त्यो अहिले हामी धान्न सक्छौं ?

पहिलो कुरा त हाम्रो आर्थिक क्षमताले नै त्यस्तो योजना धान्न सक्दैन । महाकाली एउटैमा नेपालको तीन चार वर्षको पूरै बजेट हजम हुन्छ । तीन चार वर्षको देशको सम्पूर्ण बजेट एउटै आयोजनामा खन्याएपछि अरू काम कुराहरू के गर्ने त ? देश सिँगै चरा, झिँगा धपाएर बस्ने ? लौ भनौं, ऋणै लिएर हामीले त्यसमा पैसा हाल्यौं रे ! त्यो ऋण लिने र तिर्ने कुन आर्थिक स्रोतले ?

डि.पि.आर. कै कुरा गरौं । ६ महिनामा महाकालीको डि.पि.आर. बनाइसक्नु पर्ने भन्ने सन्धिमा छ । तर नेपालको कुन संस्थागत क्षमताको आधारमा महाकाली जस्तो विश्वकै एक विशालतम आयोजनाको डि.पि.आर. ६ महिनामा बनाउने ? के जलस्रोत मन्त्रालयमा त्यस्तो संस्थागत संरचना छ ? अहँ, कदापि छैन ।

अहिले महाकालीको डिपि.आर. भनेर जुन सांसदहरूको खोपामा राखिएको छ, त्यो डकुमेण्ट एउटा उपरी तहको 'फिल्ड स्टडी'बाट जन्मेको हो । त्यो पूरा गर्न पनि नेपालसित पैसा थिएन, भारतसितै एक करोड रूपैयाँ लिएर त्यो 'फिल्ड स्टडी' पूरा गरिएको थियो । जे पूरा भएको छ, त्यो डि.पि.आर. नै होइन । डि.पि.आर. मा हुनुपर्ने मुख्य मुख्य बुँदा- जियोलोजी, सेडीमेण्टेशन, हाइड्रोलोजी, सिस्मीसिटीबारे त्यो फिल्ड स्टडी रिपोर्टमा 'यसमा विस्तृत अध्ययन गर्न बाँकी छ' भनेर लेखिएको छ । झण्डै झण्डै सबै मुख्य मुख्य बुँदामा यस्तै लेखिएको छ । यसको आधारमा डि.पि.आर. ६ महिनामा त के, दुई वर्षमा पनि तयार हुन संभव छैन ।

यस्तो स्थितिमा भारतले हाम्रो डि.पि.आर. बन्यो भन्यो भने के गर्ने ? त्यसैमा त्वम् शरणम् गर्ने हामी ? त्यसैका भरमा काम चलाउने ?

त्यसैले, हाम्रो भनाइ के हो भने- हाम्रो जलस्रोत मन्त्रालयमा महाकाली सन्धिअनुसार ६ महिनामा डि.पि.आर. बनाउने संस्थागत क्षमता नै छैन । यो मैले हाम्रा इंजिनियर साथीहरूलाई होच्याउन खोजेको होइन, हाम्रो यथार्थ हालत मात्र दर्शाउन खोजेको हुँ । जे छ, त्यो मात्रै प्रष्ट पार्न खोजेको हुँ ।

विद्युत प्राधिकरणमा एउटा राम्रो संस्थागत संरचना बन्दै थियो । त्यहाँको इंजीनियरिङ डिपार्टमेण्ट राम्रो थियो । अहिले त्यसलाई विघटन गरेर भारतको टाटालाई नै कन्सल्टेन्सी दिने सुरसारमा लागेको छ सरकार । त्यो दिई पनि सकिएको थियो । पत्रपत्रिकामा व्यापक विरोध भएपछि हाल त्यो रोकिएको छ । तर त्यो कुनै पनि बेला भारतलाई सुम्पने खतरा अहिले पनि टड्कारो छ । यदि त्यो इंजिनियरिङ्ग विभागलाई विघटन गरेर टाटालाई सुम्पने हो भने, नेपालले गर्नुपर्ने विद्युत आयोजनाको

**भारतले नेपाललाई सधैं ठग्छ भन्ने मानसिकता आम नेपालीसित छ ।**

डिजाइनको साँचो पनि भारतकै हातमा पुग्नजाने हुन्छ । के भारतले नेपालको हित हुने गरी हाम्रा आयोजनाको संभाव्यता अध्ययन र विस्तृत परियोजनाको अध्ययन गरीदिन्छ भनेर कल्पना गर्न सकिन्छ ?

त्यसैले, सबैभन्दा खराब कुरो भएको छ– आफ्नो क्षमता बृद्धि गर्ने कार्यक्रम नराख्ने, सबै कुरा अर्कोले हाम्रो निम्ति गरिदिन्छ भनेर धारणा बनाउने प्रवृत्ति । यस्तो प्रवृत्ति नेपालका त्यस्ता पार्टीहरुमा पनि देखिएको छ, जसले समाजवादको झण्डा उचालेका छन् । लाहुरेले 'च्याण्टी'लाई सित्तैमा कोसेली ल्याई दिएजस्तै विदेशीले नेपालको निम्ति विकास सित्तैमा ल्याइदिन्छ भनेर सोच्ने यो 'कोसेली विकास'को मानसिकता कांग्रेस र एमाले दुबैमा देखिएको छ । स्वावलम्बी विकासको अवधारणा दुवैमा देखिन्न । सबैभन्दा खराब कुरा त यही भएको छ । किनभने आफैंले चर्को मिहेनत नगरीकन कोसेलीका भरमा कुनै एउटा मुलुक पनि उँभो लागेको विश्वमा कतै देखिएको छैन ।

## अजय दीक्षित

१९७० को दशकमा हामीकहाँ तीन खुट्टे योजना थियो । निर्यातको लागि ठूला ठूला आयोजना बनाउने, हाम्रा शहरहरू र आन्तरिक खपतका लागि मझौला आयोजना बनाउने र ग्रीड नपुग्ने गाउँले क्षेत्रमा साना साना आयोजना बनाउने । अहिले आएर हेर्ने हो भने– हामीले गएको ३० वर्षमा ठूला आयोजना त बनाउँदै बनाएनौं । हामीले सबैजसो आयोजनाहरू मझौला र साना मात्र बनायौं । तर यिनै साना र मझौला आयोजना पनि हाम्रो आफ्नै क्षमता प्रयोग गरेर बनाएनौं । ९५ प्रतिशत मझौला आयोजनाहरू विदेशी ऋण, विदेशी कन्सल्टेण्ट, विदेशी ठेकेदारको भरमा बनायौं । यी आयोजनामा नेपाली इंजीनियरहरूलाई निर्णय गर्ने खास दायित्व दिइएन । हाम्रा दुई चार जना इंजिनियरहरूलाई लियाजों अफिसरसम्म बनाइयो । उनीहरूले दुई चारवटा मोटर कुदाउन पाए । बस, त्यति हो उनीहरूको आयोजनामा सहभागिता ।

साना खाले योजना पनि कुनै रूसले बनाई दिए, कुनै चीनले, कुनै भारतले बनाई दिए त कुनै अष्ट्रेलियाले । तिनीहरूमा पनि नेपाली इंजिनियरहरूको खास संलग्नता देखिन्न । यी सबै तथ्यहरू माथि विचार्दा, विगतमा नेपालले आफ्नै इंजिनियरहरूको र ठेकेदारहरूको क्षमता विकास गर्नेतर्फ ध्यान दिएको देखिन्न । जबसम्म मुख्य मुख्य कामहरूमा र निर्णयहरूमा नेपाली प्राविधिज्ञ र निर्माण कम्पनीहरूलाई दायित्व सुम्पिइँदैन, तबसम्म नेपालीहरूको संस्थागत क्षमता कसरी विकास हुन्छ ? जबसम्म नेपालका इंजिनियरहरूले नेपाल जस्तो प्राकृतिक रूपले निकै अप्ठेरो ठाउँमा, नदीनाला र बाँध बाँध्ने ठाउँ भएको मुलुकमा कसरी राम्रो र टिकाउ बाँध बाँध्ने भनेर घोत्लिन पाउँदैनन्, तबसम्म उनीहरूको क्षमता कसरी बढ्छ ? क्षमता बढ्नका लागि त खोलामा गएर हाल्नु पर्छ कंक्रीट, पहिलो वर्षमा त्यो टिक्छ टिक्दैन आफैंले हेर्नुपर्छ । थिग्रेनीले कति बाँध पुरिन्छ, त्यो हाम्रो खोलामा नै गएर हेर्नुपर्छ अनि न हाम्रा मान्छेको क्षमता बृद्धि हुन्छ । तर खै त सरकारले नेपाली इंजिनियरहरूलाई यस्तो गर्ने अवसर दिएको ? बुद्धि लडाउने र निर्णय गर्ने अवसर नै नदिई के हावामै कुनै देशको क्षमता बढ्छ ?

बुटवलमा एउटा, दुइटा कम्पनी छन्, जसले विद्युत उत्पादनका लागि नेपालमै साना साना टर्वाइनहरू बनाउँछन् । त्यहाँ पेन स्टक पाइपहरूको पनि वेल्डिङ्ग हुन्छ । त्यहाँको वेल्डिंगको स्तर सर्वश्रेष्ठमध्ये एक मानिन्छ । कुलेखानीमा पेन स्टक पाइप बगाएपछि नयाँ लगाउनका लागि चाइनीजहरूले उच्च गुणस्तरको वेल्डिंग गर्न बुटवलमै लगेका थिए । नेपालीहरूले नै त्यो वेल्डिंग गरे ।

यसले के संकेत दिएको छ भने– अवसर दिइयो भने नेपालीहरूले विकास गर्न नसक्ने होइनन् । हाम्रो समस्या के हो भने, गएको तीस वर्षको विकास प्रक्रियामा हामीले देशभरिमा जम्मा एउटा वेल्डिंग गर्न र टर्वाइन बनाउन सक्ने कम्पनी विकास भयो । हाम्रो सरकारसित स्वाबलम्बी विकासको नीति भएको भए यही अवधिमा बुटवलमा तीनवटा, विराटनगरमा तीनवटा, नेपालगंजमा ३ वटा, हेटौंडामा तीन वटा, धनगढीमा तीनवटा यस्ता कम्पनीहरू निस्किसक्थे होलान् । नेपालका लागि चाहिने टर्वाइन नेपालकै कम्पनीहरूले निकालिसक्थे होलान् । तर विडम्बना के हो भने, विगत तीस वर्षमा नेपालको कुनै पनि सरकारसित आफ्नो राष्ट्रिय संस्थागत क्षमता विकास गर्ने नीति र योजना रहेन । प्रजातन्त्र आएपछिको ७ वर्षमा पनि प्रवृत्ति उस्तै छ, जस्तो पहिले थियो ।

हाम्रो आफ्नो संस्थागत क्षमता विकास गर्ने हो भने, हामीले यो क्षमतालाई नेपालमा मात्रै किन, भारतमै पनि प्रयोग गर्न सक्थ्यौं । साना जलविद्युत योजना सम्बन्धमा जति नेपालमा अनुभव छ, त्यति पनि भारतमा छैन । त्यसो भएपछि हामी भारतमा माइक्रो हाइड्रो प्रोजेक्टहरूमा कन्सल्टेन्सी दिन सक्थ्यौं । हामीले हासिल गरेको सीप भारतमा बेच्न सकिन्थ्यो । नेपालले विद्युतको क्षेत्रमा भारतमा निर्यात गर्नुपर्ने बिजुली होइन, सीप हो, नेपाली सीप लागेको तयारी सामान हो ।

अहिले नेपालमा पुवा, चिलिमे, भोटेकोशी, मोदी जस्ता सबै आयोजनामा ठेकेदारहरू को छन् ? चिनियाँहरू ! चिनियाँहरू, चिनियाँहरूमा त्यो क्षमता कहाँबाट आयो ? त्यहाँ सबै मेसीन र सामानहरू पनि चीनबाटै आएको छ । कुनै दातृ संस्थाले तालीम दिएर वा कोसेलीका रूपमा बनाइदिएको योजनाले गर्दा त यो क्षमता उनीहरूमा विकास भएको होइन । उनीहरूले आफैंले साना साना आयोजनाबाट काम थाले, निकै मिहेनत गरे, आफैं टाउको खियाए, आफैंले त्यस्तो संस्थागत क्षमता हासिल गरे । अब उनीहरूमा ठूला ठूला योजना पनि आफैंले बनाउन सक्ने आत्मविश्वास र संस्थागत क्षमता विकसित भइसकेको छ । यही तीस वर्षमा चीनले चाहिँ त्यति ठूलो संस्थागत क्षमता विकास गर्‍यो, ठीक यही अवधिमा हामीले चाहिँ पटक्कै संस्थागत क्षमता विकास गरेनौं यस्तो किन त ? हामीकहाँ अहिलेसम्म एउटा कम्पनी छैन, जसले कुनै विद्युत आयोजना शुरूदेखि अन्तसम्म आफैंले बनाउन सकोस् । यही अवधिमा चीनमा यस्ता कम्पनी स्याउँस्याउँती विकसित भए । यस्तो किन भयो ?

त्यसैले, मुख्य कुरो के हो भने– हाम्रो देशको कुनै पनि सरकारको आफ्नै देशको संस्थागत क्षमता झनुपछि झन् बढाउँदै लैजाउँ भन्ने सोच नै छैन । त्यस्तो सोच हुँदो हो त नेपालले यतिखेर भारतसित मिलेर बनाउने योजना पंचेश्वर जस्तो मेगा प्रोजेक्ट होइन । १५–२० वर्षअघि भारतले १४ मेगावाटको देवीघाट योजना बनाइदिएको थियो । हामी भन्न सक्थ्यौं अब हामी मिलेर ६० मेगावाटको कुनै अर्को योजना बनाउँ । त्यसमा इंजिनियरहरू



दीपक ज्ञवाली

कन्सल्टेण्टहरू नेपालको लगाउँ, टर्वाइन चाहिं भारतबाट किनेर ल्याउँ । ठेकेदार नेपाली लगाउँ, सामानहरू चाहिं भारतको आयात गरौं । बिजुली चाहिं भारतीय बजारमा बेचौं । यस्तो गर्ने हो भने, भारतसित मिलेर कसरी काम गर्न सकिन्छ भन्ने नेपालको अनुभव पनि बढ्थ्यो । भारतीयहरूको काम गर्ने सीप र ढंग पनि थाहा हुन्थ्यो । हाम्रो आफ्नै संस्थागत क्षमता पनि बढ्थ्यो । भारतले नेपाललाई सधैं ठग्छ भन्ने मानसिकता आम नेपालीसित छ । त्यस्तो होइन, हामी नठगिने गरी साझा स्वार्थका आयोजना संचालन फाइदा हुने गरी गर्न सक्छौं भन्ने आत्म-विश्वास पनि बढ्थ्यो ।

पहिलो खुड्किलामा हामी छौं भने दोस्रो खुड्किला हुँदै तेस्रो खुड्किलामा, चौथो खुड्किलामा जान खोज्नु जायज आकांक्षा हो । हाम्रो त यहाँ पहिलो खुड्किलोको मान्छे एकैचोटि उफ्रेर सबै खुड्किला टपेर सयौं खुड्किलामा

**चीनले चाहिँ त्यति ठूलो संस्थागत क्षमता विकास गर्‍यो, ठीक यही तीस वर्षमा हामीले चाहिँ पटक्कै संस्थागत क्षमता विकास गरेनौं यस्तो किन त ?**

**'यस्तो प्रवृत्ति नेपालका त्यस्ता पार्टीहरुमा पनि देखिएको छ, जसले समाजवादको झण्डा उचालेका छन्'**


**यो १५ वर्षमा हाम्रा स्रोत-साधन सारा पंचेश्वरमा लगाएर के हामी हात बाँधेर बस्ने ?**

पुग्न खोज्ने प्रवृत्ति भो । यस्तो उडन्ते प्रवृत्तिबाट कसरी देशको क्षमतामा बृद्धि हुन्छ ? हाम्रो मुख्य विवादको जड नै यही सवालमा भएको छ ।

## दीपक ज्ञवाली

पंचेश्वर बनाउने नै निर्णय गर्‍यौं रे हामीले लौं ! त्यो बनाउन हामीलाई कम्तीमा १५ वर्ष लाग्छ ।

यो १५ वर्षमा हाम्रा स्रोत-साधन सारा पंचेश्वरमा लगाएर के हामी हात बाँधेर बस्ने ? अर्को योजना गर्नलाई हामीसित त्यतिखेर न त पैसा नै हुनेछ, न क्षमता नै । ऋण लिएर गरौं भने ऋण लिने र तिर्ने क्षमता जति पंचेश्वरमा सुकाएपछि कसले पत्याउँछ हामीलाई ऋण ? आफ्नो सारा घर-जग्गा बन्धकी राखिसकेको किसानलाई कृषि विकास बैंकले फेरि ऋण नपत्याए जस्तै हालत हुन्न हाम्रो ?



अजय दीक्षित

'महाकालीको विकल्पमा नेपालमा बिजुली आयोजना संचालन गर्ने हो भने, हामीले ग्रामीण विद्युतीकरणको बाटो समात्नु पर्छ'

त्यसैले अलग-थलग रूपमा ठूला आयोजना गर्ने कि नगर्ने भन्ने प्रश्न नै होइन । प्रश्न हो- कत्रो आयोजनासम्म धान्ने हाम्रो संस्थागत क्षमता छ ? संस्थागत क्षमताकै आधारमा मात्र, त्यसकै सापेक्षतामा मात्र कुनै योजना हाम्रो लागि ठूलो कि सानो, संभव कि असंभव हुने हो ।

स्विटजरल्याण्ड नेपालभन्दा पनि सानो देश हो । उसका लागि ४०० मेगावाटको योजना पनि सानो हो । किनकि, उसको संस्थागत क्षमता त्योभन्दा ठूलो आयोजना समेत धान्ने भइसकेको छ । हाम्रो लागि ४०० मेगावाटको योजना निकै ठूलो हो, किनकि, हाम्रो संस्थागत क्षमता सारै सीमित छ । त्यसैले, कति मेगावाटको योजना भन्ने हिसाबबाट योजना ठूलो कि सानो ठहर्‍याउने कुरो होइन । संस्थागत क्षमताले धान्न सक्ने कि नसक्ने आधारमा कुनै योजना ठूलो कि सानो, आँट्ने कि नआँट्ने भनेर टुंग्याउने कुरा हो ।

चिलिमे हाम्रो लागि अहिले सानो आयोजना हो, तर अरूण यतिखेर हाम्रो लागि ठूलो हो । संस्थागत क्षमता विकास गर्ने हो भने, त्यही अरूण आउँदो दश वर्षमा हाम्रो लागि सानो आयोजना ठहरिन सक्छ ।

### कसरी हुन सक्छ विद्युतको निर्यात ?

अर्को कुरा ठूला आयोजना बनाउने र बिजुली निर्यात गर्ने भन्ने धारणा हाम्रा सबै नेता, मन्त्री र नोकरशाहहरूमा व्याप्त छ । मेरो भनाइ के छ भने- विजुली निर्यात गरेर कुनै पनि देशको विकास संभव छैन । यो सोभियत संघले कच्चा पदार्थ निर्यात गरेर सोभियत संघ जहिले पनि पछौटेको पछौटे, त्यो कच्चा पदार्थबाट तयारी सामान बेच्ने मुलुक चाहिँ मालामाल भए जस्तै कुरो हो । विश्वमा सबैभन्दा बेसी खानी, तेल, ग्याँस, बहुमूल्य खनिज पदार्थ, भएको देशमध्ये एक सोभियत संघ । तर त्यसलाई त्यस्तो केही नभएको जापानले उछिन्यो, किन ? स्विट्जरल्याण्डले उछिन्यो किन ? के विकासको सारा पूर्वाधार सोभियत संघमा नभएको हो र ?

यसको गाँठी कारण के हो भने- सोभियत संघ कच्चा पदार्थकै निर्यातमा बेसी आधारित भएर बस्यो । जापान र स्विटजरल्याण्डहरूले चाहिँ तयारी सामानको निर्यातमा बेसी जोड दिए । यसको मतलब जुन मुलुक कच्चा पदार्थकै निर्यात गरेर बस्छ, त्यो मलुक हमेशा तेस्रो विश्वबाट माथि उठ्नै सक्दो रहेनछ । जापान कहिल्यै तेस्रो विश्वमा नपर्नु, सोभियतसंघ महाशक्ति राष्ट्र भएर पनि तेस्रो विश्वमा गिर्नुको मुख्य रहस्य नै यही हो ।

नेपालले यो रहस्यबाट पाठ सिक्ने हो भने- नेपालले ब्रिजुली निकाल्ने र निर्यात गर्ने होइन, त्यो बिजुली प्रयोग गरेर तयारी सामान चाहिँ निर्यात गर्ने रणनीति अप्नाउनु पर्छ, जापानले जस्तै हामीले सस्तो र भरपर्दो बिजुली निकालौं न नेपालमा । आफ्नै कन्सल्टेण्ट, आफ्नै मेशिनरी र सामान, आफ्नै ठेकेदार प्रयोग गर्‍यौं भने हाम्रो बिजुली धेरै सस्तो हुन्छ । त्यो सस्तो बिजुली प्रयोग गरेर सस्तोमा राम्रो सामान निकाल्यौं भने त्यो अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक मोलमा बिक्न सक्छ । यसरी मात्रै हाम्रो देशले नाफा कमाउन सक्छ, हाम्रा जनताले रोजगारी पाउन सक्छन् र देश उँभो लाग्न सक्छ ।

सस्तो बिजुली प्रयोग गरेर निकालिएको सस्तो र राम्रो सामान हामीले भारत र पाकिस्तानमा पठायौं रे ल, अब त्यो हामीले बिजुली निर्यात गरेको भयो कि भएन ? त्यो सामानमा जन मूल्य जोडिएको छ बिजुलीको, त्यो बिजुलीको मोल त्यो सामान बेच्दा हाम्रो हातमा पर्छ कि पर्दैन ?

तपाईं अंगारो खरायोको रौं निर्यात गर्नु होस् कि गलैंचा, चाउचाउ पठाउनुस् कि बिस्कुट, त्यसमा सस्तो बिजुली प्रयोग भएको छ र त्यसले गर्दा तपाईंको सामान सस्तो भएको छ र सामान

> **जापान कहिल्यै तेस्रो विश्वमा नपर्नु, सोभियत संघ महाशक्ति राष्ट्र भएर पनि तेस्रो विश्वमा गिर्नुको मुख्य रहस्य नै यही हो ।**

राम्रो गुणस्तरको पनि छ भने त्यो सामान अन्तर्राष्ट्रिय बजारमा मालामाल बिक्छ र तपाईं मालामाल पैसा कमाउनु हुन्छ । देश विकास गर्ने खसोखास बाटो यही हो ।

तसर्थ, यहाँ गडबड भएको विकासको गलत अवधारणाले गर्दा हो । तपाईंको विकासको अवधारणा सही छ भने बिजुली निर्यात गर्ने होइन, बिजुलीको मूल्य जोडिएको तयारी सामान निर्यात गर्नुपर्छ । त्यस्तो सामान तपाईं जर्मनी र अमेरिकामा समेत निर्यात गर्न सक्नु हुन्छ । यसको मतलब, तपाईं त्यहाँसम्म पनि बिजुली निर्यात गर्न सक्नु हुन्छ यो उपायबाट ।

## जब विद्युत विकासको अवधारणा

## अजय दीक्षित

महाकालीको विकल्पमा नेपालमा बिजुली आयोजना संचालन गर्ने हो भने, हामीले ग्रामीण विद्युतीकरणको बाटो समात्नु पर्छ । प्रत्येक जिल्लामा कहाँ कहाँ साना-साना विद्युत आयोजना संचालन गर्न सकिन्छ, त्यसको विस्तृत अध्ययन र लेखाजोखा गरिनु पर्छ । त्यस्ता आयोजना संचालन गर्ने जिम्मेवारी सम्बन्धित जिल्लालाई नै सुम्पिनु पर्छ । जिल्लाले निकालेको त्यो बिजुली राष्ट्रिय प्रसारण प्रणालीमार्फत् विक्री गर्ने प्रबन्ध गर्नुपर्छ । बस, बिजुली विक्रीवापत जिल्लालाई राष्ट्रिय प्रसारणले पैसा तिर्नुपर्छ ।

अहिले उल्टो भइरहेछ । जिल्लाले राष्ट्रिय प्रसारण प्रणालीलाई बिजुली बेच्नुपर्नेमा, राष्ट्रिय प्रसारणले जिल्लालाई बिजुली बेचिरहेछ । विकेन्द्रित विकासको अवधारणा लागू गर्ने हो भने यो स्थिति उल्ट्याइनु पर्छ । जिल्लाले राष्ट्रिय प्रसारण प्रणालीलाई होइन, राष्ट्रिय प्रसारण प्रणालीले जिल्लालाई पैसा तिर्ने स्थिति ल्याउनु पर्छ ।

यसो गर्दा- जिल्ला जिल्लामा रोजगारी बढ्छ, जिल्ला जिल्लामा विकास पुग्छ । सारा मान्छे इंजिनियरदेखि पिउनसम्मको कामको खोजमा काठमाडौं धाउनुको सट्टा जिल्लाकै आयोजनामा काम खोज्ने प्रवृत्ति बढ्छ । नेपाली कन्सल्टेण्ट, नेपाली ठेकेदारले जिल्ला जिल्लामै काम पाउँछन् । नेपालको संस्थागत क्षमता बढ्छ । अर्कातिर, बिना ठूलो जोखिम एकै पटक धेरै ठाउँमा बिजुली पुग्छ र एकमुष्ट गर्दा महाकालीभन्दा धेरै छिटो, त्यो भन्दा धेरै सस्तोमा,

त्यो भन्दा धेरै बिजुली निस्कन्छ ।

केन्द्रले १५/२० वटा पूर्वाधार भएका मझौला, साना र सस्ता विद्युत आयोजना छान्नुपर्छ । त्यो क्रमबद्ध रूपमा गर्न थाल्नुपर्छ, आफ्नै क्षमतामा आधारित भएर ।

विकासको विकेन्द्रित र स्वावलम्बी अवधारणा यही हो । र, यो नै महाकालीको विकल्प हो । एउटै भीमकाय योजना रोज्ने, त्यसमै सारा साधन स्रोत सिध्याउने, ऋण लिएर ऋण जति त्यसैमा झ्वाम् पार्ने त्यो बाटोको सट्टामा विकासको यो अवधारणाले नेपाली जनता र देशको विकास तीव्र गतिमा गराउँछ ।

## दीपक ज्ञवाली

विकासको कुन अवधारणा नेपालको लागि बेसी उपयुक्त छः त्यो ठेगान लाउनको निम्ति यतिखेर राष्ट्रिय बहसको आवश्यकता भएको छ ।

के छलफल गर्न जरूरी भएको छ भने- केन्द्रीय रूपमा एउटै भीमकाय निकाय नेपाल विद्युत प्राधिकरण नै चाहिने हो कि होइन ? पहिले त यो भीमकाय केन्द्रिकृत संस्था थिएन । यो नहुँदा पूर्वाञ्चल विद्युत कर्पोरेशन थियो, नेपाल विद्युत कर्पोरेशन थियो, विद्युत विभाग थियो, बुटवल पावर कम्पनी थियो, तिनाउँ विद्युत कम्पनी थियो, मोरङ हाइड्रो भन्ने कम्पनी थियो, बागेश्वरी इलेक्ट्रिक नेपालगंजमा थियो । यसरी छरिएर विकेन्द्रित रूपमा नेपालको विभिन्न ठाउँमा यी कम्पनीहरू र संस्थाहरू कार्यरत थिए । यिनले विभिन्न ठाउँमा विद्युत उत्पादन गर्दै थिए । यो प्रक्रियालाई त प्रोत्साहित पो गरिनु पर्थ्यो ।

जनकपुरमा र सिराहामा बिजुली चाहिएको छ भने- र, योजनाको साइट खोटाङमा छ भने यी तीन जिल्ला मिलेर योजना संचालन किन नगर्ने ? त्यसमा यी कम्पनीहरूलाई हात हाल्न किन प्रोत्साहित नगर्ने ? तर यो विकेन्द्रित र स्वावलम्बी विकासको बाटो अप्नाइएन । विश्व बैंकको दवाबमा मर्स्याङ्गदी आयोजना बनाउनको लागि जबर्जस्ती नेपाल विद्युत कर्पोरेशन र विद्युत विभागलाई जोडेर एउटै भीमकाय संस्था बनाइयो । गल्ती यहीं भएको छ ।

त्यसैले, विद्युत विकासको अवधारणा नै फेर्नु जरूरी छ । राष्ट्रिय प्रसारण प्रणालीको एउटा कम्पनी बनाउनुपर्छ । प्राइभेट कम्पनीहरूलाई पनि विभिन्न जिल्लाका आयोजनामा भूमिका खेल्न दिनुपर्छ । सरकारी कम्पनी पनि हुनुपर्छ । सबै विद्युतलाई राष्ट्रिय विद्युत प्रणालीले किनेर विभिन्न क्षेत्रलाई बेच्नु पर्छ । एउटा जिल्लाले बिजुली उत्पादन गरेर भारतलाई बेच्छु भन्छ भने पनि बेच्न दिनुपर्छ । सार कुरा हो- विद्युत विकासको लागि स्वाबलम्बी र विकेन्द्रित विकासको बाटो नै अप्नाइनु पर्छ ।

**सरकारले जनताको पैसा मासिन्न भन्ने विश्वास दिलाउन सक्यो भने विद्युत विकासको लागि जनताकै खल्तीबाट करोडौं रूपैयाँ उठाउन संभव छ।**

भारतले महाकाली आयोजना बनाउन खोज्यो, त्यो पनि ठीक. विश्व बैंकले अरूण तेस्रो बनाऊ भन्यो त्यो पनि ठीक, यस्तो हचुवा विद्युत विकासको अवधारणा हुनु भएन । यो त बौद्धिक नपुंसकतावाद भयो ।

## विकास पाण्डे

यो भनाइमा म पनि सहमत छु । जिल्ला जिल्लालाई र नेपाली जनतालाई विद्युत विकास प्रक्रियामा सामेल गर्ने कुरामा एउटै होइन, विभिन्न बाटो अप्नाउनु पर्छ । भारतलाई बेच्नु पनि पर्छ, आफ्नै आन्तरिक उपभोगका लागि पनि बिजुली निकाल्नु पर्छ, छुट्टै छुट्टै सानो सानो ठाउँका लागि साना आयोजना बनाएर बिजुली निकाल्नु पनि पर्छ ।

अहिलेसम्म हामीले खालि बाहिर मात्र हेर्‍यौं । पैसा कहाँबाट ल्याउने ? आयोजना कसको लागि बनाउने ? कसले बनाउने ? कसको सहमतिमा बनाउने ? यी सबै सवालमा हाम्रो ध्यान देशबाहिर मात्र देखिन्छ । देशभित्रै के के समाधान र संभावनाहरू छन् ? हामीले त्यसको खोजी नै गरेका छैनौं । हाम्रो दुर्गतिको कारण नै यही हो ।

## अजय दीक्षित

हाम्रो देशभित्रकै संभावना र समाधान हेर्ने हो भने- हरिवन (सर्लाही) एउटा उदाहरण हुन सक्छ । हरिवनका जनतालाई बिजुली चाहियो । गाउँकै मान्छेले आपसा दुई देखि ५ हजारसम्म पैसा उठाएर झण्डै २२ लाख रूपैयाँ जम्मा पारे । त्यो पैसा उनीहरूले विद्युत प्राधिकरणलाई बुझाएर नजिकैको सब स्टेशनबाट गाउँमा बिजुली लगे । लमजुङले यस्तै गरी झण्डै ५० लाख रूपैयाँ उठाएको छ ।

भनेपछि, प्रयत्न गर्‍यो भने स्रोत त हामीसितै छ । सरकारले जनताको पैसा मासिन्न भन्ने विश्वास दिलाउन सक्यो भने विद्युत विकासको लागि जनताकै खल्तीबाट करोडौं रूपैयाँ उठाउन संभव छ ।

## विकास पाण्डे

अहिले देशमा ५० मेगावाटको आयोजना आफैं आँट्ने प्रवृत्ति देखिएको छ । त्यो बढेर १५० मेगावाट पुग्यो भन्ने पनि सुनिन्छ । के गर्नु पर्‍यो भने- हामी १५० मेगावाटसम्मका आयोजनाहरू संचालन गरौं । त्यो आयोजनाबाट निक्लेको बिजुली बढी भयो भने भारतीय सीमाना क्षेत्रमा बेच्न पाउने गरौं । उता बढी भयो भने यता किन्न पाउने गरौं । यस्तो भयो भने के हुन्छ भने, हामी एउटै क्रेताको एकाधिकारबाट मुक्त हुन्छौं । हाम्रो आयोजनाको बिजुली यथासंभव यहीं देशभित्र खपत हुन्छ । बढी भएको हामी भारतीय बजारमा बेच्न पाउँछौं । धेरै बढी भयो भने- हामी हाम्रो बिजुलीको मूल्य घटाउन सक्छौं ।

निर्यातकै लागि बिजुली उत्पादन गर्ने हो भने पनि, हामी हाम्रो क्षमताले नै नधान्ने खालका ठूला आयोजनामा नगएर साना आयोजनाबाट शुरू गरौं । र, त्यो बिजुली निर्यात गर्न खोजौं । हेरौं, भारतमा विद्युत निर्यातका कठिनाइहरू के के रहेछन् र भारतले कुन मूल्यमा हाम्रो बिजुली किन्न तयार हुँदो रहेछ । सानै आयोजनाबाट शुरू गर्दा भारतले फाइदाजनक मूल्यमा किन्न नै तयार भएन भने पनि जोखिम कम हुन्छ । त्यसलाई हामी जरूरत परे आफैं खपत गर्न सक्छौं, सस्तो मूल्यमा । ज्यादै ठूलो आयोजना अहिले नै आँट्दा भारतले फाइदाजनक मूल्यमा किन्न तयार भएन भने हामी बर्वाद हुन्छौं । त्यो बिजुली कहाँ खपत गर्ने ? समस्या हुन्छ ।

**अहिले आफू पढिरहेको विश्वविद्यालयका एकजना प्रोफेसरले बताउनु भएको एउटा घतलाग्दो कुरा म यहाँ राख्न चाहन्छु ।**

अहिले आफू पढिरहेको विश्वविद्यालयका एकजना प्रोफेसरले बताउनु भएको एउटा घतलाग्दो कुरा म यहाँ राख्न चाहन्छु । उहाँ मलेशियाको एउटा गाउँमा काम गर्दाको अनुभव रे ! त्यहाँ "विकास" भनेपछि बाहिरबाट पैसा ल्याउने, घर किन्ने, कार किन्ने, टि.भि. र रेफ्रिजेरेटर किन्ने, मोज गर्ने बुझिँदो रहेछ । त्यहाँ इकोनोमी भनेपछि पैसा कमाउने, त्यो पैसाबाट उद्योग खोल्ने, मान्छेलाई काम दिने, बेसीभन्दा बेसी बिक्री गर्ने, आर्थिक गतिविधि बढाउने र शुरू पूँजीमा कैयन गुणा बृद्धि गर्ने बुझिँदो रहेछ ।



विकास पाण्डे

हामीकहाँ पञ्चेश्वर आयोजना सोच्दा यही विकासको मोडेलमा सोचेको भेटिन्छ । पञ्चेश्वरबाट राजस्व आउँछ । त्यो पैसा लिने र आरामसाथ खाएर बस्ने । यस्तो मोडेलमा नेपालको जलविद्युतको विकास सोचिएको छ नेपालमा । हामी लाग्नु पर्ने चाहिँ इकोनोमीपट्टि हो । इकोनोमी गर्ने हो भने- जिल्ला जिल्लामा नेपाली जनताको पैसा लगानी गर्ने ठाउँ विद्युत क्षेत्रमा बनाउनु पर्‍यो । जनताका छोरालाई यो क्षेत्रको कन्सल्टेण्ट र कामदार बनाउनु पर्‍यो । हाम्रै जनताका कम्पनीले विद्युत आयोजनामा काम पाउनु पर्‍यो । जनताकै कम्पनीले बनाएका सामानहरू यी आयोजनामा खपत गर्नु पर्‍यो ।

**पञ्चेश्वरबाट राजस्व आउँछ । त्यो पैसा लिने र आरामसाथ खाएर बस्ने । यस्तो मोडेलमा नेपालको जलविद्युतको विकास सोचिएको छ नेपालमा ।**

**तपाईंको छोरा आत्मनिर्भर हुन चाहन्छ । बाबुले आफ्नो खल्तीबाट छोराको खर्च गर्न परुन्जेल छोरा कसरी आत्मनिर्भर हुन्छ ?**

**अरुण तेस्रोमा सरकारले जति लगानी गर्न खोजेको थियो, त्यो पैसाले त पचहत्तरै जिल्लामा ७/७ मेगावाटको ससाना आयोजना बनाउन पुग्दो रहेछ ।**

र, बिजुली निक्लेपछि त्यो बिजुलीले जनताको उद्योग र उद्यमशीलता बढ्नु पर्‍यो । जनताको आम्दानी बढ्नु पर्‍यो । अनि मात्रै हुन्छ- नेपालको 'इकोनोमी'को विकास ।

नेपालमा ग्रामीण विद्युतीकरणको नारा त दिइएको छ तर विद्युतीकरण भइरहेको छैन । किन ? किनभने, विद्युतीकरण गर्न ग्रीडमा बिजुली नै थपिएको छैन । कुन बिजुली गाउँमा बाँड्ने ? अर्को गाउँमा बिजुली पुर्‍याउन तार तान्ने पैसा पनि छैन । जिल्ला जिल्लामा बिजुली उत्पादन गर्ने हो भने- यी दुवै समस्या एकैपल्ट समाधान हुन्छ ।

आँधीखोला आयोजना यसको प्रत्यक्ष उदाहरण र अनुभव हो । आँधीखोला आयोजनाबाट स्याङ्जा जिल्लाले ५.१ मेगावाट बिजुली निकाल्यो, ज्यादै सस्तो मूल्यमा । त्यो बिजुलीमध्ये ९५ प्रतिशत बुटवलमा ल्याएर राष्ट्रिय ग्रीडमा बेचियो । यसबाट स्याङ्जालाई ४ करोड रूपैयाँ वर्षेनी आम्दानी हुने भयो । त्यो पैसाले ग्रीड बढाउने उपाय निक्लियो । ग्रीड बिस्तार भयो ।

हामी विकेन्द्रीकरण भन्छौं । विकेन्द्रीकरण गर्न खर्च गर्ने अधिकार मात्र विकेन्द्रित भएर पुग्दैन । आम्दानीको स्रोत पनि हुनुपर्‍यो र त्यो स्रोत विकेन्द्रित हुनु पर्‍यो ।

तपाईंको छोरा आत्मनिर्भर हुन चाहन्छ । बाबुले आफ्नो खल्तीबाट छोराको खर्च गर्न परुन्जेल छोरा कसरी आत्मनिर्भर हुन्छ ? छोराको आफ्नै आम्दानीको स्रोत होस् न अलग्गै, अनि न छोरा आत्मनिर्भर हुन्छ !

नेपालमा जिल्ला जिल्लालाई आत्मनिर्भर बनाउने हो भने, एउटा बहुमूल्य आम्दानीको स्रोत जिल्लागत जलविद्युत आयोजना हो । नेपालका अधिकांश पहाडी जिल्लाले जिल्ला बाहिर निर्यात गर्ने के चीज छ त अहिले ? उनीहरूसित भएको चीज हो- जलस्रोत । अर्को, मान्छेको श्रमशक्ति । अर्को, कुनै चीजबाट उनीहरूको आम्दानी बढ्नेवाला देखिन्न ।

गाउँ गाउँमा पाँच लाख रूपैयाँ अहिले जुन गइरहेको छ वर्षेनी, 'आफ्नो गाउँ आफैं बनाउँ'को नाममा, त्यो ५ लाख र त्यसमा नपुग ऋणबाट थपथाप गर्ने हो भने, जलस्रोत भएका गाउँ गाउँले स-साना विद्युत आयोजना शुरू गर्न सक्ने हुन् कि ?

अरूणको बेला हामीले हिसाब गरेका थियौं । अरूण तेस्रोमा सरकारले जति लगानी गर्न खोजेको थियो, त्यो पैसाले त पचहत्तरै जिल्लामा ७/७ मेगावाटको ससाना आयोजना बनाउन पुग्दो रहेछ । त्यसबाट अरूणकै पैसामा अरूणभन्दा तीनचार गुणा छिटो, अरूणको दोब्बरभन्दा बेसी बिजुली निकाल्न संभव रहेछ ।

## पैसाको स्रोत

### श्याम श्रेष्ठ

नेपालसित लगानी गर्ने पैसा नै छैन भनिँदैछ त ! कुन उपायबाट यति धेरै पैसा होला त विद्युत क्षेत्रमा लगानी गर्नका लागि ?

### विकास पाण्डे

मैले यो बीचमा संचय कोषमा गएर सोधी हेरें । संचय कोषले ८० करोड लगानी गर्दै रहेछ चिलिमे आयोजनामा । कति पैसा तपाईंहरूसित छ ? भनेर सोधेको, कोषमा मात्रै ५/६ अरब रूपैयाँ उत्तिकै रहेछ । चाहिने जति पैसा हामीसित छ र महिनापिच्छे करोडौं पैसा थपिँदै जान्छ भन्थे त्यहाँका मित्रहरू । अर्को पैसाको स्रोत नेपालको शाही सेना रहेछ । ऊसित तीन चार अरब रूपैयाँ उत्तिकै थन्किरा‍खेको रहेछ । शान्ति सेनामा काम गर्ने आर्मी जवानको प्रत्येकको ५०० डलर कल्याण कोषमा जम्मा हुँदो रहेछ । त्यसैबाट जम्मा भएको पैसा रहेछ त्यो ।

भनेपछि, पैसा त यहींभित्रै छ त । त्यो लगानी गर्ने सुरक्षित र फाइदाजनक शर्त र ठाउँको मात्र खोजी हो । त्यस्तो ठाउँ नपाएर यहाँका जनताको अरबौं रूपैयाँ त यहाँ काठमाडौंको जग्गामा मात्र हरेक वर्ष लगानी भइरहेछ ।

जापानमा काम गर्ने करीब दश हजार नेपालीहरूबाट मात्र लगभग १० करोड डलर वर्षेनी नेपाल भित्रिँदो रहेछ । यो पैसा मात्र लगानी गर्ने हो भने, ५० मेगावाट बिजुली त यहाँ हरेक वर्ष उत्पादन गर्नु संभव छ ।

तर यो पैसा गइरहेछ कहाँ ? जग्गा, मोटर, मोटरसाइकल, घर, टि.भि., रेफ्रिजेरेटर, डेक किन्नमा । यो उनीहरूको इच्छा होइन, बाध्यता हो । 'घर र जग्गामा पैसा हाल्यो भने पैसा डुब्दैन' भन्ने भएर उनीहरूले त्यहाँ हालेका हुन् । सरकारले त्यो पैसा देशको विकास आयोजनामा आकर्षित गर्ने कुनै सुरक्षित र फाइदाजनक शर्त र योजना नै सिर्जना गरेको छैन । त्यसैले त्यो पैसा त्यता बहिरहेछ । त्यस्तो शर्त र योजना सिर्जना गर्‍यो भने र त्यो पैसा मासिँदैन भनेर विश्वास दिलाउन सकियो भने सबै पैसा यतैतिर आकर्षित गर्न संभव छ ।

त्यसैले, अभाव यहाँ पैसाको होइन भन्ने लाग्छ । अभाव यहाँ विकासको सही अवधारणाको हो । अभाव यहाँ देश विकासप्रति प्रतिबद्धताको र देशमुखी योजनाको हो ।

### दीपक ज्ञवाली

चिलिमे योजनामा सबै पैसा संचय कोषले लगानी गर्छु भन्दैछ । यो कुरामा नेपालका अरू बैंक र संचय कोषको झगडा पर्दै रहेछ । अरू बैंकहरू संचयकोषको ७ प्रतिशत ब्याजदरमा ऋण लिएर १४ प्रतिशत ब्याजदरमा आफू लगानी गर्दा रहेछन् । संचयकोषले आफैंले लगानी गर्न खोजेपछि नाफा त सिधै संचयकोषले नै खाने भो ! नेपालमा विद्युतको माग पनि प्रतिवर्ष १५ मेगावाटका दरले बढ्दैछ । हरेक वर्ष १५-२० मेगावाट बिजुली निकाल्न त संचय कोष एक्लैको लगानीबाटै संभव छ । मुख्य कुरा नेपाल सरकारले पैसा डुब्दैन र फाइदा हुन्छ भन्ने इमान्दारीका साथ ग्यारेन्टी गर्नु पर्‍यो । केही नपाएर ट्याक्सी, जग्गा, सुनचाँदीमा त लगानी गर्ने नेपालीले सुरक्षा र फाइदाको ग्यारेन्टी भयो भने जलविद्युतमा लगानी नगर्ने प्रश्न नै छैन । पैसा यहीं छ । त्यो आकर्षित गर्ने खूबीको र इमानको मात्र खाँचो छ ।

**लगानी गराउने तरीकाहरु थुप्रै छन् र पैसाको स्रोत यहीं छ । तर हाम्रो ध्यान यता जाँदै गएन ।**

### श्याम श्रेष्ठ

त्यो आकर्षित गर्न मूर्त रूपमा गर्नु पर्‍यो के के त ?

### विकास पाण्डे

सरकारले प्राधिकरणमार्फत् एकदेखि पाँच मेगावाटका आयोजनाको बिजुलीको फाइदाजनक खरिद मूल्य तोकिदिनु पर्‍यो । विदेशी कम्पनीको बिजुली रू. ३ प्रति यूनिट छ भने त्यति नै प्रोत्साहन मूल्य नेपाली लगानीकर्तालाई पनि तोकिदिनु पर्‍यो । उनीहरूलाई दिए जति कर र अन्य सहुलियतहरू नेपालीलाई पनि दिनु पर्‍यो ।

शुरूमै ठूला ठूला आयोजनामा लगानी गर्न नेपाली लगानीकर्ताहरू तयार नहोलान्, बढी जोखिम हुनुको कारणले । त्यसैले पहिले साना-साना आयोजनाहरूमा उनीहरूलाई आकर्षित गर्नु पर्‍यो । र, त्यसमा पनि फी लिएर भए पनि सरकारले लगानी नडुब्ने सुनिश्चितता गरिदिनु पर्‍यो, उसले नगरेमा अर्कोलाई योजना दिई दिने गरेर ।

सरकारले 'जलविद्युत विकास बण्ड' निष्काशित गर्न संभव छ, बैंकभन्दा आकर्षक ब्याजदर दिएर, १२ प्रतिशतको दरमा । राष्ट्र बैंक ग्यारेन्टी बस्यो भने, जनताहरू आफूसित भएको बचत यतातिर लगाउन तयार हुन सक्छन् । यसले लगानीको वातावरण तयार गर्छ ।

यसप्रकार, लगानी गराउने तरीकाहरू थुप्रै छन् र पैसाको स्रोत यहीं छ । तर हाम्रो ध्यान यता जाँदै गएन । विकाससम्बन्धी गलत अवधारणाले गर्दा हामीले हाम्रै स्रोततिर आँखा लगाएनौं । खालि बाहिरको स्रोततिर मात्रै हाम्रो ध्यान गयो ।

चीनले बिना विदेशी सहायता अपार विकास गर्‍यो । किनभने, बिना विदेशी सहायता विकास गर्नु उसको बाध्यता पनि थियो । हामीले त्यस्तो किन गर्न सक्दैनौं ?

### दीपक ज्ञवाली

त्यो बाध्यता हामीलाई पनि आउँदैछ । किनभने, सोभियत संघको विघटनपछि विश्वमा विदेशी सहायताको युग समाप्त हुन लाग्दैछ । ७० को दशकमा जस्तो विकसित राष्ट्रले जता भेटियो, त्यता सहायता गर्ने स्थिति अब छैन । अब सहायताको युग नै खत्तम हुँदैछ । अब सहायताबाट 'प्रत्यक्ष लगानी'को युग आउँदैछ । लगानी पनि त्यहाँ, जहाँ सारै नाफा हुन्छ ।

त्यसैले, बिना कुनै सहायता आफैं विकास गर्नु पर्ने बाध्यता हामीकहाँ पनि आउँदैछ ।

◉ *समाप्त* ◉

## अध्ययन गर्नुलाई 'किताबको कीरो' हुनु बुझ्नेहरु

# के अध्ययन भन्न नपाई अध्ययनवाद नै बुझिन्छ ?

◆ चन्द्रदेव नेपाली

*मूल्यांकनले अध्ययनमा जोड दिनुपर्छ भन्छ ।*

*◉ मूल्यांकनले हाम्रो अध्ययन सतही भयो, त्यसलाई गहिराइमा लानु पर्‍यो भन्छ !*

*◉ मूल्यांकनले भन्छ- हाम्रो आन्दोलनमा नेपाल सम्बन्धी विभिन्न आधारभूत विषयमै गहिरो अध्ययन भएको छैन, त्यो गहिरो अध्ययन नभएकोमा हामीले शुरू गर्नुपर्छ, भएकोलाई बढाउनु पर्छ !*

*◉ मूल्यांकनले भन्छ- हामीले सोभियतसंघको पतनबाट ठोस रूपले सिक्नु जरूरी छ, त्यसका निम्ति अध्ययन जरूरी छ, अन्तरक्रिया, छलफल, बहस जरूरी छ ।*

*◉ मूल्यांकनले भन्छ- हिजोभन्दा आज समय तीव्र गतिमा बदलिएको छ, समाजवादका विरोधीहरूले नयाँ रणनीति, चाल र माध्यमहरू प्रयोग गरिरहेका छन्, तिनलाई हामीले चिन्नुपर्छ र तिनमाथि विजय प्राप्त गर्नुपर्छ ।*

*◉ मूल्यांकनले भन्छ- आज वाम आन्दोलनमा लाखौंको संख्यामा हिजोभन्दा कैयौं गुना बढी नयाँ मानिसहरू प्रवेश गरेका छन्, तिनलाई वैचारिक-बौद्धिक रूपले सक्षम पार्न नयाँ पूराना अध्ययन सामग्रीहरूको निर्माण, प्रकाशन वा प्रशारण हुनु जरूरी छ !*

*इत्यादि इत्यादि !*

आज नेपाली वाम आन्दोलनमा कतिपय मित्रहरू आपसमा यी कुराहरू गर्नुहुन्छ । उहाँहरूमध्ये केही चाहिँ मूल्यांकनले ध्यानाकर्षण गराएका विषयहरूका बारेमा गम्भीर हुनुहन्छ र मूल्यांकनको प्रयत्नलाई यसको सीमामा सहाहना गर्दै सहयोग पनि गर्नुहुन्छ ।

तर एकथरि केही मित्रहरू यस्ता पनि हुनुहुन्छ, जसले मूल्यांकनको यो प्रयत्नलाई पूर्वाग्रहको नजरले हेर्ने गर्नुहुन्छ । उहाँहरू मूल्यांकनलाई र यसका संचालक-सहयोगीहरूलाई अध्ययनवादी भन्नुहुन्छ वा आज्ञेयवादी पनि भन्नुहुन्छ ।

यो प्रसंग यहाँ उठाउनुको अर्थ मूल्यांकनको ठम्याइको पक्षमा वकालत गर्नु मात्र रहेको छैन । यो प्रसंग ती केही मित्रहरूको अध्ययनप्रतिको अरूचि वा यसप्रतिको नकारात्मक धारणाका बारेमा टिप्पणी गर्नका निम्ति समेत यहाँ उठाउन खोजिदैछ ।

हो, अध्ययन केवल अध्ययनकै निम्ति भन्नु बिल्कूलै बेठीक कुरा हो । किताबको कीरो भएर अध्ययन गरिमात्र रहनु, तर समाजमा चलिरहेको आन्दोलनबाट बेखबर र बेसरोकार रहनु पनि बेठीक हो । तर के कुनै पनि विषयमा आवश्यक गहिराईसम्मै अध्ययन गरिनुपर्छ भन्नु पनि गलत हो ? के यसो भन्नु अध्ययनवादी हुनु हो ? के यसो गर्नु बेठीक हो ?

हामीले जान्नु बाँकी कुराहरू धेरै छन्, जानौं, बुझौं भन्नुलाई के अज्ञेयवाद भन्न मिल्छ ? अज्ञेयवादले त संसारलाई यो जानी नसक्दो छ, अपरम्पार छ, त्यसैले जान्न खोज्नु नै व्यर्थ छ भन्छ । के मूल्यांकनले यही भनिरहेको छ ?

आज मूल्यांकन मात्र हैन- हाम्रो आन्दोलनमा अध्ययनको गहिराई बढाउनु पर्छ भन्ने पक्षमा, अनुभव र व्यवहारको आवश्यकताले झक्-झक्याएर थुप्रै मानिसहरू सतही नबनौं, गहिराईमा गएर बुझौं र हरेक क्षेत्रमा वस्तुसम्मत उन्नत विकल्प तयार गरौं भन्ने पक्षमा विभिन्न स्थानमा सक्रिय हुनुहुन्छ । उहाँहरू सबैको यो प्रयासले के यही अज्ञेयवादकै वकालगत गरिरहेको छ ? के उहाँहरू सबै 'अध्ययनको निम्ति अध्ययन' गर्ने अध्ययन-वादी नै हुनुहुन्छ त ?

**नेताहरु विषयमा प्रष्ट नै थिएनन् । रनभुल्लमा थिए । सडक छेउ दोबाटोका पसलेहरुलाई 'दाइ वा दिदी ! विद्यार्थीहरुको त्यो जुलूस कुन बाटो हुँदै अघि बढ्यो हैं ?' भनी सोध्दै पछि पछि लाग्ने स्थितिमा उनीहरु पुगे ।**

हो, समाजसँग कटेको, समाजमा चालू रहेको आन्दोलनबाट कटेको, त्यसलाई बेवास्ता गर्ने कोरा किताबी रटन्ते अध्ययनको पक्षधर बन्नु ठीक हुन्न । तर के यसो भन्दैमा आफू लागेको क्षेत्रको आधारभूत कुरामा सबैले गम्भीर अध्ययन गर्नुपर्छ भन्नु नै के बेठीक हुन्छ ? ठूलो काममा लागेकाहरूले त झन् गहिरो चौतर्फी ज्ञान र स्पष्ट धारणा हासिल गर्नुपर्छ भन्नु नै बेठीक हुन्छ ?

नेकपा एमालेले विगतमा नौ महिने सरकार चलायो । त्यतिखेर एमाले र एमाले नजिकका कतिपय व्यक्तिहरूले राम्ररी नै अनुभव गरे- सरकार चलाउन जरूरी ज्ञान, सीप, धारणा, क्षमताको अभाव हामीभित्र निकै मात्रामा रहेछ । समाजको कुन क्षेत्रका बारेमा कस्तो धारणा बनाउने, के गर्ने, के नगर्ने, कसरी गर्ने, कोबाट गर्ने ? यी पक्षहरूमा गहन अध्ययन नभइसकेकोले थुप्रै कठिनाईहरू भोग्नु पर्‍यो, नचाहेका कतिपय गल्ती कमजोरी पनि आफूबाट हुन गए ।

सीमित काम गर्न चुनावबाट सरकारमा गएको पार्टीका सामु त वैचारिक स्पष्टता र धारणागत स्पष्टता एवं योग्यताको खडेरी महसूस भयो भने, भोलि नेपाली वाम आन्दोलनले नेपालमा क्रान्ति नै गरेर पूरै सत्ता आफ्नो हातमा लियो भने त्यतिखेर झन् कति खडेरी महसुस होला ? हालकै स्तरको ज्ञानसीप र विचार स्पष्टताको स्तरबाट के क्रान्ति हुन र त्यसलाई जोगाउन संभव होला ? हाम्रो कमजोरीको फाइदा उठाएर कालान्तरमा हाम्रै पार्टीभित्र गोर्वाचोभ र एल्तसीनहरू निस्किएर हाम्रो क्रान्तिलाई स्वाहा नपार्लान् ?

यस संभावित खतराबाट बच्न आजैदेखिको गंभीर वैचारिक तयारी हुनुपर्छ कि पर्दैन ?

राज्यसत्ता सम्हाल्ने सन्दर्भ नआउँदै पनि हाम्रो समाजमा अघि बढिरहेको हाम्रो आन्दोलनमा यसलाई उच्चतातर्फ लैजान, ओऱ्हालोतर्फ जान नदिन गंभीर वैचारिक तयारी जरूरी छ कि छैन ?

बिना न्यूनतम तयारी अघि बढ्दा ठूलठूला क्षतिहरू हुने संभावना छ कि छैन ? त्यस काममा राम्रा अवसरहरू गुम्ने संभावना छ कि छैन ? अरू हरेक सानातिना काममा संलग्न व्यक्तिमा समेत त्यस काम अनुकूलको न्यूनतम बौद्धिक वैचारिक योग्यता जरूरी हुन्छ । के वाम आन्दोलन जस्तो ठूलो र महत्वपूर्ण कामका निम्ति चाहिँ यो न्यूनतम योग्यता जरूरी हुन्न ? के यस निम्ति उपयुक्त पाइलाहरू चाल्नु जरूरी हुन्न ?

विगत २०४५ सालमा नेपाल र भारतका बीच अचानक सम्बन्ध बिग्रियो । भारतले नेपाललाई कैयौं महिनासम्म नाकाबन्दी नै लगायो । त्यतिखेर हामीभित्र रहेको वैचारिक बेतयारी र सतही अध्ययन बडो प्रष्ट ढंगले देखापरेको थियो ।

हिजो साँझ रेडियो समाचारबाट थाहा भयो- नेपाल भारत सम्बन्ध कटुतापूर्वक नराम्रो भयो, भारतले नाकाबन्दी लगाउने घोषणा गऱ्यो । हामी वामपन्थीहरूले लामो समयदेखि मान्दै आएको घरेलु सामन्तवाद र भारतीय विस्तारवादरूपी नेपाली जनताका मुख्य दुई शत्रुहरू एक आपसमा भिड्न पो थाले । उनीहरू मिलीजुली गरेर नेपाली जनतालाई शोषिरहेछन् भन्ने हाम्रो पूर्व धारणा थियो, यस धारणाको विल्कूल उल्टो, उनीहरू त आपसमै बाझ्न थाले । हामीहरूले उनीहरूको अन्तरसम्बन्ध यो हदमा पुगिसकेको रहेछ भन्ने थाहै पाएनौं । सबै वाम दलहरू अक्क न बक्क भए । क. मोहनविक्रमसिंहले तुरून्तै एउटा विरोध वक्तव्य जारी गर्नुभयो । तर त्यो पनि सामान्य विरोधमा मात्र सीमित थियो । उक्त नाकाबन्दीको राजनीतिक-सामाजिक कारणहरू खोतलेर जनतालाई बाटो देखाउन उहाँले पनि शुरूमा सक्नु भएन । अरू पार्टीहरूले हतार हतार घटनाको अध्ययन र विश्लेषण गरी बल्ल दुई तीन दिनपछि मात्र यस निर्णयका विरूद्ध केही बोल्न सके ।

जनस्तरबाट विरोध चाहिँ भोलिपल्टैदेखि भैसकेको थियो, तर स्वतस्फूर्त रूपमा । भोलिपल्टै विहानको कक्षा भएका काठमाडौंका क्याम्पसहरूबाट विद्यार्थीहरूले यत्रतत्र भारतीय शासकहरूविरूद्ध आक्रोशयुक्त नारा, जुलूस गरे । नेताहरूले ती नारा र जुलूसहरूको नेतृत्व दिन नै सकेनन् । किनभने, नेताहरू विषयमा प्रष्ट नै थिएनन् । रनभुल्लमा थिए । विद्यार्थीहरूको जुलूसको पछि पछि लाग्दै गएर सडक छेउ दोबाटोका पसलेहरूलाई 'दाइ वा दिदी ! त्यो जुलूस कुन बाटो हुँदै अघि बढ्यो हैं ?' भनी सोध्दै पछि पछि लाग्ने स्थितिमा उनीहरू पुगे । अघि अघि लागेर बाटो देखाउनु पर्ने नेताहरू त कार्यकर्ता र जनताको पछि पछि कुदन पो पुगे !

यदि हाम्रो वाम आन्दोलनले आफ्ना घोषित शत्रुहरूको मसिना मसिना चालबाजीसमेत गहिराइमा अध्ययन गरिरहेका भए के ती जुलूसहरूको नेतृत्व उनीहरूबाट हुन सक्थेन ? यसो भएको भए राष्ट्रियताको पक्षमा ठोस वैचारिक

**बाँकी ३६ पेजमा**

# नेपाललाई इथियोपिया र सोमालिया त बनाउँदैन यो बजेटले ?

**वर्तमान** सरकारले प्रस्तुत गरेको यस वर्षको बजेटको सबैभन्दा सकारात्मक कुरा के हो भने- यसले सरकारलाई राष्ट्र बैंकबाट जथाभावी ढंगबाट जतिसुकै पनि ओभरड्राफ्ट लिन नपाइने व्यवस्था गरेको छ । यसको लागि बजेटले एक अर्ब रूपैयाँको हदबन्दी तोकिदिएको छ । यो बजेटले शहरी क्षेत्रमा घर जग्गा र कारसम्म भएका मध्य वर्गलाई करको दायराभित्र ल्याउन खोजेको छ । सडक यातायात विस्तार कार्यक्रमलाई २० वर्षे र ५ वर्षे योजना अन्तर्गत योजनाबद्ध रूपमा संचालन गर्न खोजेको छ । र, देशको पचहत्तरै जिल्लामा सार्वजनिक पुस्तकालय स्थापना गर्ने यो बजेटको लक्ष्य पनि यसको अर्को सकारात्मक पाटो हो ।

> **एक करोड जनतालाई चार करोड रुपैया भनेको प्रति व्यक्ति चार रुपैयाँ हो । के गर्ने यो चार रुपैयाँले ? वर्षमा दुई दुई कप चिया खाने ?**

तर बजेटको सकारात्मक पाटोभन्दा नकारात्मक पाटो ज्यादै विशाल देखिएको छ ।

बजेटले गरीबी निवारण कार्यक्रमलाई सबैभन्दा बेसी प्राथमिकता दिएको जस्तो देखिएको छ । तर यही बजेटमा त्यस्ता थुप्रै कदमहरू परेका छन्, जसले गरीबीलाई घटाउने होइन, अरू कैयन गुणा बढाउने छ ।

जस्तो उदाहरणको लागि, यो बजेटले रासायनिक मल र पेट्रोलियम पदार्थको आपूर्ति तथा स्यालो ट्यूबबेल जडान, लघु कर्जा प्रवाह जस्ता गरीब जनतालाई प्रत्यक्ष रूपले लाभ पुग्ने कार्यक्रममा सरकारले दिई आएको अनुदान अब उप्रान्त घटाउँदै र हटाउँदै लैजाने नीति अघि सारेको छ । र, यी कार्यक्रमहरू संचालन गर्ने जिम्मेवारी निजी क्षेत्रका नाफाखोर व्यापारीलाई सुम्पने सोच यस बजेटमा अघि सारिएको छ । यो नीति र सोचले रासायनिक मल, पेट्रोलियम पदार्थ, स्यालो ट्यूबबेल सेवाको मूल्य भविष्यमा कैयन गुणा बढ्ने निश्चित छ । यी आधारभूत बस्तु र सेवाको मूल्य बढ्नुको मतलब हुन्छ- सबै थोकको मूल्य अक्कासिनु, किसान र सर्वसाधारण गरीब जनताको जीवनस्तर भास्सिनु । अझ साना किसानलाई र गरीबीको रेखामुनिका जनतालाई दिइने लघुकर्जाको जिम्मेवारीसमेत राज्यले अब निजी क्षेत्रका व्यापारीलाई सुम्पनुको मतलब हो- अब लक्षित समूहका गरीबहरूले हम्मेसी लघुकर्जासमेत भेट्टाउने छैनन् । किनभने, नाफामुखी व्यापारिक संस्थाले नाफै नआउने ठाउँमा किन कर्जा प्रवाह गर्छन् ? यी र यस्ता सबै कदमबाट नेपालको गरीबी निवारण हुने होइन, यो त अरू धेरै गुणा चुलिने छ । अहिलेसम्म गरीब नभएका मान्छेहरूसमेत अब गरीबीको पंक्तिमा आउनेछन् । तर यी कदमले नाफाखोर ठूला व्यापारीहरूलाई चाहिँ निकै फाइदा पुऱ्याउने छ ।

> **यस वर्षको बजेट एमाले बजेट र देउवा बजेटको ठिमाहा हो**

अर्को ठूलो हाँसो उठ्दो विरोधाभाष के देखिन्छ भने- सरकारले लक्षित समूहको गरीबी निवारणका लागि भनेर जम्मा छुट्याएको छ- रू ४ करोडको थैली । यो थैलीले लक्षित समूहको गरीबी निवारण कसरी होला ? कल्पनै गर्न सकिन्न । किनभने, त्यस्ता गरीबीको रेखामुनिका जनताहरू नेपालमा एक करोडभन्दा पनि ज्यादा छन् । एक करोड जनतालाई चार करोड रूपैया भनेको प्रति व्यक्ति चार रूपैयाँ हो । के गर्ने यो चार रूपैयाँले ? वर्षमा दुई दुई कप चिया खाने ? हुन्छ यसरी गरीबी निवारण ?

सरकारले गरीबी निवरण गर्ने हो भने- सरकारको ढुकुटी मजबूत हुनुपर्छ । तर यो बजेटले ढुकुटी मजबूत हुने होइन, राज्यको ढुकुटीमा आउने पैसा पनि धेरै घट्दै जाने कर नीति अघि सारेको छ ।

नेपालको राज्यको आम्दानीको सबैभन्दा ठूलो स्रोत भन्सार महसूल हो । त्यसमध्ये पनि आयात भन्सार महसूल हो । सरकारले यो महसूलमा ठूलो कटौती गरेको छ । यहाँसम्म कि, विलासिताको बस्तुमा पर्ने गाडीको आयात भन्सारसमेत ११० प्रतिशतबाट ८० प्रतिशतमा झारेको छ । सर्वसाधारण जनताले प्रयोगै नगर्ने बन्दूक र कम्प्यूटर पार्टसको भन्सार महसूलसमेत भसक्कै घटाएको छ । के प्रष्ट छ भने- सरकारले आयात भन्सार महसूलमा यति गजबलाग्दो कटौती विदेशका बहुराष्ट्रिय निगमहरूको अथवा ठूला पूँजीपतिहरूको स्वार्थ रक्षाको लागि गरिरहेको छ । र, यो विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व व्यापार संगठनको दवाबमा गरिरहेछ । तर यो कदमले नेपालको सरकारी ढुकुटी भसक्कै सुकाउने छ । यो नेपालको लागि आत्मघाती कदम ठहरिनेछ । यसले ढुकुटी मात्र सुकाउने होइन, नेपालका उद्योगहरूलाई विदेशी बस्तुसितको प्रतिस्पर्धामा टिक्नै नसकिने पारीदिनेछ । फलस्वरूप, नेपालका सीमित उद्योगहरू पनि भटाभट ढल्नेछन् ।

नेपालको सरकारको आम्दानीको दोस्रो ठूलो श्रोत हो- बिक्री कर । बिक्रीकरको दरलाई पोहोर मात्रै २० प्रतिशतबाट १५ प्रतिशतमा झारिएको थियो । यस वर्ष बजेटमा यसलाई फेरि १० प्रतिशतमा झारिएको छ । यो कदमबाट पनि नेपालको राज्य-ढुकुटी अरू बेसी दुब्लाउनेछ ।

देशको तेस्रो ठूलो आम्दानीको स्रोतका रूपमा रहेको आयकरलाई यसपालि निकै घटाइएको छ । विभिन्न

## २०५४/५५ सालको बजेट: एक झलक

| | रकम | प्रतिशत |
|---|---|---|
| कूल बजेट | ६२.२ अरब | १०० |
| साधारण खर्च | २७.९ अरब | ४५.१ |
| विकास खर्च | ३४.०३ अरब | ५४.९ |

### आम्दानीका स्रोतहरु

| | | |
|---|---|---|
| राजस्वबाट | ३७.५ अरब | ५९.७ |
| विदेशी अनुदानबाट | ६.३ अरब | ९.७ |
| विदेशी ऋणबाट | १५.५ अरब | २५.० |
| आन्तरिक ऋणबाट | ३.४० अरब | ५.५ |
| **जम्मा** | **५७.०२ अरब** | |
| बजेट घाटा | ५.० अरब | ८.०६ |

### खर्च विवरण

#### साधारण खर्च

| | | |
|---|---|---|
| राजा र राजदरवार | ७३.४ करोड | ०.२६ |
| संवैधानिक अंगहरू | ५५.१ करोड | १.९७ |
| सामान्य प्रशासन | १.३ अरब | ४.५ |
| प्रहरी | २.५२ अरब | ९.०१ |
| रक्षा | २.६२ अरब | ९.३९ |
| सामाजिक सेवाहरू | ६.७९ अरब | २४.२९ |
| आर्थिक सेवाहरू | २.१३ अरब | ७.६२ |
| ऋण भुक्तानी | ८.१७ अरब | २९.१९ |
| आन्तरिक ऋण भुक्तानी | ४.२० अरब | १५.०२ |
| बाह्य ऋण भुक्तानी | ३.९७ अरब | १४.१७ |

#### विकास खर्च

| | खर्च रकम रू. करोडमा | प्रतिशत |
|---|---|---|
| साधारण प्रशासन | ७.७४ | ०.२३ |
| शिक्षा | २६५.९ | ७.८१ |
| स्वास्थ्य | २७१.३ | ७.९७ |
| खानेपानी | २२२.४ | ६.५३ |
| स्थानीय विकास | ४२३.२ | १२.४३ |
| यातायात | ५३५.६ | १५.७४ |
| विद्युत | ६९३.४ | २०.३७ |
| कृषि | २३६.३ | ६.९४ |
| सिंचाई | ३१५.१ | ९.२६ |
| संचार | ८९.९९ | २.६४ |
| उद्योग | ५८.५ | १.७२ |
| पर्यटन | ३१.८५ | ०.९४ |
| श्रम | ६.३६ | ०.१९ |
| वाणिज्य | ११.६४ | ०.३४ |
| भूमिसुधार तथा नापी | २४.२४ | ०.७१ |

*स्रोतः अर्थ मन्त्रालय*
*आर्थिक वर्ष २०५४/५५ को बजेट वक्तव्य*



अर्थमन्त्री
रवीन्द्रनाथ शर्मा

**नेपालको लागि विलासिताको बस्तु मोटरको भन्सार दर घटाउनु र साधारण पत्रपत्रिकाले प्रयोग गर्ने न्यूजप्रिन्टको भन्सार दर बढाउनु । यही एउटा कदमबाट मात्र पनि यो बजेटलाई रवीन्द्रनाथ शर्माले कसको हितमा बनाएका छन्, त्यो बुझ्न पर्याप्त छ ।**

उद्योग सेवा तथा व्यापारिक फर्मलाई वा व्यक्तिलाई लागि आएको ३३ र ३० प्रतिशतको आयकरलाई अब २५ प्रतिशतमा झारिएको छ । बैंक र वित्तीय संस्थाजस्ता नेपालका सबैभन्दा बेसी आम्दानी गरिरहेका र शेयरको भाउ चढाइरहेका संस्थाहरूको आयकर समेत ३३ प्रतिशतबाट ३० प्रतिशतमा झारिएको छ ।

राजश्वको मुख्य स्रोत नै सुकाउने

यी सबै कदमबाट नेपालका ठूला र मझौला पूँजीपतिहरू र विदेशका बहुराष्ट्रिय कम्पनीहरू निकै लाभान्वित हुनेछन् । तर यसबाट आम जनता र देशलाई फाइदा के ? यसबाट देश त पहिलेभन्दा निकै टट्टीटाट हुनेछ र राज्यसित गरीबी निवारण गर्न वा विकास निर्माणका निम्ति खर्च गर्न पैसाकै हाहाकार हुनेछ । फलस्वरूप ,देशको सबैजसो आवश्यक विकास खर्चकै निम्ति विदेशी साहूकारहरूको सामुन्ने हात पसार्नु पर्ने स्थिति खडा हुनेछ । अहिले नै नेपालको लगभग दुई तिहाई अर्थात् विकास खर्चको ६२ प्रतिशत अंशको लागि विदेशी सहायताको भरपर्नु पर्ने स्थिति भइसकेको छ । राज्यको ढुकुटीको मूल स्रोत नै सुकाउने यसपालिको बजेटको कर नीतिले नेपाली राज्यलाई पूरापूरा टाट पल्टाउने र भीखमंगा पार्ने दिशातिर लैजाने छ । मलाई लाग्छ- यसपालिको ३७ अर्बको राजश्व लक्ष्य कदापि पूरा हुने छैन । राजश्व गत वर्ष जति पनि उठ्ने छैन ।

तेस्रो विश्वमा विश्व बैंक र मुद्रा कोषले पैदा गर्न खोजेको स्थिति ठीक यही परनिर्भर भीखमंगाको स्थिति हो । नेपालको सरकारले, जसभित्र नेकपा (एमाले) समेत छ, त्यही दिशामा बडो इमान्दारीपूर्वक काम गरेको देखिएको छ यसपालिको बजेटमार्फत् । प्रश्न उठ्छ- यो स्थितिमा देशलाई पुऱ्याएर के गरीबी निवारण कार्यक्रम चलाउने औकात नेपालको सरकारसित हुनेछ ? कदापि हुने छैन ।

नेपालको सरकारले यस निम्ति राजश्व बृद्धि गराउने, राष्ट्रिय बचत बढ्ने कार्यक्रम ल्याउनु पर्ने हो । अहिले नेपालको बचत दर बर्षेनी झन् पछि झन् घट्दैछ । २०५०/०५१ मा नेपालको कुल ग्राहस्थ बचत कूल र ग्राहस्थ उत्पादनको १४.७ प्रतिशत भएकोमा २०५२/०५३ मा आइपुग्दा यो ११ प्रतिशतमा झर्न पुगेको छ । राज्यको आम्दानीको स्रोत भसक्कै सुकाउन यस वर्षको जस्तो साम्राज्यवादी कर नीति लागु गरेपछि त यो बचत दर अरू घटेर एक अंकमा झर्न पुग्ने निश्चित छ । यसरी राष्ट्रिय बचत घटेपछि आवश्यक खर्च चलाउन सरकारसित ऋण लिनु वा नोट बेसी छाप्नु सिवाय अर्को कुनै उपाय नै बाँकी रहने छैन । यसबाट मुद्रास्फिति अरू धेरै बढ्ने छ र दुई अंकमा उक्लिनेछ, जुन अहिले ८ प्रतिशतको दरमा बढ्दैछ । जनताको पैसाको क्रयशक्ति यसबाट अरू धेरै घट्नेछ । यसको पनि परिणाम हुनेछ- जनतामा अरू ज्यादा गरीबी, अरू ज्यादा अभावग्रस्त जीवन ।

ल्याटिन अमेरिका र अफ्रिकालाई जुन कदमले अनिकाले मुलुकमा परिणत गरेको थियो, त्यही कदम सम्भवतः यहाँ पनि विश्व बैंकको र मुद्रा कोषको नै दिग्दर्शनमा, यसपालिको बजेटले चाल्न खोजेको छ । त्यो हो- कृषिजन्य बस्तुको निकासीमा यस अघिसम्म कायम रहेको परिमाणात्मक बन्देजको खारेजी । अब नेपालको चामल, मकै, तेल, गहुँ कृषिजन्य बस्तु जतिसुकै परिमाणमा पनि विदेशमा निर्यात हुन सक्नेछ, चाहे त्यो बस्तुको अभावबाट नेपालमा आनिकाल र हाहाकार नै किन नमच्चियोस् । एकातिर सरकारले गत वर्षहरूमै र यस वर्षको बजेटमै पनि निर्यातमूलक खेतीको कार्यक्रम ल्याउनु, अर्कोतिर यसवर्षको बजेटमा व्यवसायिक खेतीको नारा दिनु र कृषिजन्य बस्तुको निकासीमा परिमाणको बन्देज हटाई दिनु- यसले नेपाललाई एकातिर निकै सस्तो फलफूल, तर्कारी, चिया, कफीको उत्पादनतर्फ धकेल्नेछ, जुन, अमेरिका, जापना, यूरोपलाई नभई भएको छैन । अर्कोतिर, यसले नेपालको परम्परागत खाद्यान्न उत्पादन व्यवसाय धराशायी पार्नेछ र हामी खाद्यान्न जस्तो हाम्रो आधारभूत आवश्यकतालाई अमेरिका र यूरोपबाटै किनेर खानु पर्ने अनिकाले मुलुकमा बदलिने छौं । स्मरणीय छ, इथियोपिया र सोमालिया ठीक यिनै नीति-कदमहरूबाट हाहारकायुक्त अनिकाले मुलुकमा बदलिएका थिए । तर यस्तो देखिन्छ- नेपालको सरकारले यसबाट कुनै पाठ सिकेको छैन वा सिक्न चाहेको छैन । नत्र भने अहिलेको बजेटले कृषि र कृषि उपजको सम्बन्धमा ठीक तिनै नीति र कदम किन अप्नाएको छ, जुन अमेरिका र यूरोपको दवाब र दिग्दर्शनमा १९७० र ८० को दशकमा अफ्रिका र लैटिन अमेरिकाले अप्नाएको थियो र उनीहरू नराम्ररी बर्बाद भएका थिए ।

यसले नेपाल तीव्र गतिले बर्बादीतिर अघि बढिरहेको र यो बजेट त्यो बर्बादीको सवारी साधन भएको संकेत गरेको छ । नेपालको लागि विलासिताको बस्तु मोटरको भन्सार दर घटाउनु र साधारण पत्रपत्रिकाले प्रयोग गर्ने न्यूजप्रिन्टको भन्सार दर बढाउनु यो बजेटको यही एउटा कदमबाट मात्र पनि यो बजेटलाई रवीन्द्रनाथ शर्माले कसको हितमा बनाएका छन्, त्यो बुझ्न पर्याप्त छ ।

## बजेट बिल्कूलै परम्परात प्रबृत्तिको छ

नेपालको कूल वैदेशिक ऋण २०५३ सालको चैत महिनासम्ममा १२५ अर्ब ८४ करोड ६९ लाख पुगेको छ । यो ऋणको सावाँ ब्याज भुक्तानी गर्न नै नेपालको कूल राजश्वको २२ प्रतिशत भाग खर्च गर्नुपर्ने हविगत हाम्रो छ । यो बजेटले त्यो स्थितिमा सुधार ल्याउने नयाँ कुनै प्रभावकारी नीति र कार्यक्रम पेश गरेको छैन । राजश्व संकलन बृद्धि, राष्ट्रिय बचतमा बृद्धि र कुल घरेलु उत्पादनमा बृद्धिले नै हाम्रो विदेशी निर्भरता घटाउने हो । तर बजेटले भने त्यो बृद्धिगत होइन, त्यसको ठीक उल्टो कदम चालेको छ । यसको मतलब, भविष्यमा हाम्रो विदेशी ऋण अरू चर्को गतिमा बढ्नेछ ।

कर्मचारी, शिक्षकको तलब बढाइएको छ यस बजेटमा ,। तर बजार भाउ र मुद्रास्फीतिलाई नियन्त्रण गर्ने प्रभावकारी कदम बजेटमा छैन, ओभरड्राफ्टको हदबन्दी बाहेक । अरू सबै कदमले गत वर्ष ८ प्रतिशतले बढेको मुद्रास्फीति यस आर्थिक वर्षमा घटीमा १२/१३ प्रतिशत पुग्न जाने देखिन्छ । यो मुद्रास्फीतिले गर्दा शिक्षक कर्मचारीको तलब बढेजस्तो मात्र हुनेछ । वास्तवमा पैसाको क्रय क्षमता घटेर उनीहरूको हातमा पहिले पहिले जस्तै 'हात लाग्यो शून्य' हुनेछ ।

नेपालको व्यापार घाटा २०५३/०५४ को पहिलो नौं महिनामा रू. ५२ अर्ब ८ करोड ४५ लाख पुगेको छ । भारतसित मात्रै हाम्रो १५ अर्ब रू.को व्यापारघाटा छ । यो घाटा घटाउन एकातिर हामीले अनावश्यक आयातलाई हाम्रो उद्योग व्यवसायहरूले प्रतिस्थापना गर्न सक्नुपर्छ, अर्कोतिर हाम्रो निर्यात नै बढाउन सक्नु पर्छ । यी कुनै क्षेत्रमा कुनै प्रभावकारी कार्यक्रम यस बजेटमा देखिन्नन् । हाम्रो निर्यात संरचना मूलतः बुट्टाबस्तु गलैंचा र गार्मेन्टमा मात्र आधारित भइरहेको छ, जसबाट मात्र हामीलाई कुल निर्यातबाट आउने रकमको ८८ प्रतिशत भाग प्राप्त हुन्छ । यो निर्यात संरचनालाई बदल्न नेपालको औद्योगिक संरचना नै बदल्नु पर्छ । तर त्यसो गर्ने खै त हाम्रो बजेटमा कार्यक्रम ? उद्योगको विकासको लागि खाली जम्मा साढे अन्ठाउन्न करोड रूपैयाँ छुट्याएर नेपालको औद्योगिक विकासको कल्पना गर्नु नै व्यर्थ छ । सांसद निर्वाचन क्षेत्र विकासका नाममा २/३ अर्ब रूपैयाँ छुट्याउन सक्ने नेपालले उद्योग विकासको लागि किन त्यति रकम पनि छुट्याउन सक्दैन ?

कूल ६२ अर्ब २ करोड २३ लाखको बजेट छ यसपालि । त्यसमध्ये साधारण खर्च झण्डै २२ अर्ब छ । बाँकी करिब ३४ अर्बको विकास खर्च छ । यसरी यस वर्षमा कुल बजेट पोहोरको भन्दा ७ प्रतिशतले बढ्ने यो हिसाबबाट हेर्दा त यसपालिको बजेट पोहोरभन्दा सानो भएको छ ।

◆ दीपक वैद्य

CHALLENGE

केश झर्न नरोकिएमा पैसा फिर्ता !

- सर्वाधिक मन जित्न सफल, सबैले प्रयोग गर्न मिल्ने नेपाली शुद्ध हर्बल **Silken Shampoo & Hair Tonic** ले शिरको चायाँ हटाई केशको जरा बलियो बनाई नयाँ केश उमार्छ । केशलाई लामो, मुलायम चम्किलो पारी फुल्न रोक्छ ।
- सैम्पूले मुख धोएमा मुहार नरम, कलिलो, चम्किलो बनाई कालो पोतो र डण्डीफोर हराएर जान्छ ।
- सबैको विश्वसनीय तथा सर्वाधिक बिक्री भइरहेको पहिलो स्थानः

सम्झना स्टोर्स

(कपडा पसल) टेकू चोक, फोनः २४४००८, काठमाडौं ।

(नेपाल बैंकको ठीक अगाडि)


❑ बिक्री समयः दैनिक बिहान ९ देखि बेलुकी ९ बजेसम्म ।

केश झर्ने समस्यालाई

# देवता र वागी

◆ खगेन्द्र संग्रौला

**'एक गर्भिणी नारीको चोला उठ्यो गुरु !' 'त्यो त सनातन हो', पण्डितले कड्केर भने, 'त्यसो हुँदैमा यज्ञमा व्यवधान उत्पन्न गर्नु किन ?'**




यस वर्षको कृष्णमणि अर्याल साहित्य पुरस्कार कथाकार खगेन्द्र संग्रौलाले प्राप्त गर्नुभयो । वर्षभरि प्रकाशित यथार्थवादी कृतिहरुमध्ये उहाँको कथासंग्रह 'हस्तक्षेप'लाई उत्कृष्ट ठहर गरी सो पुरस्कार उहाँलाई दिइएको हो ।

सो पुरस्कार सञ्चालनको जिम्मा लिएको संस्था स्रष्टा प्रकाशनको अध्यक्ष आफू स्वयं भएकोले उहाँले सो पुरस्कारबाट प्राप्त रकम रु. दश हजार स्वीकारी तत्कालै सोही पुरस्कार गुठीलाई सो रकम अर्पण गर्नुभयो ।

यस पटक पाठकहरुसामु प्रस्तुत गर्दैछौं- संग्रौलाको पुरस्कृत कथा-संग्रहभित्रको एक कथा- 'देवता र वागी' ।

मूल्यांकन

बस्तीमा एउटा तीन तले मन्दिर थियो । प्रसङ्गवश त्यस मन्दिरलाई शासन-महल भन्न पनि सकिन्थ्यो । किनभने, त्यो बस्तीको शासनको प्रेरणाको मुहान, प्राण, त्राण र सम्वल, त्यो सबैथोक थियो । विशाल र भव्य मन्दिरको वरिपरि होचा र सस्याना, सेपिला र ख्याउटे, जीर्ण र फुकिढल पाटी र पौवा, छाप्रा र टहरा, सत्तल र धर्मशाला थिए । मन्दिरमा भुँडी हालेका र बोसो भरेका, गाला थल्थलिएका र चिउँडोमुनि अर्को चिउँडो पलाएका पुजारी र पुरोहित, पण्डित र गणेश, झाँक्री र धुपौरे, दासानुदास र कन्सुत्ले बस्थे । वरिपरि र वरपरका ती पाटी र पौवा, छाप्रा र टहरा, सत्तल र धर्मशालामा हरिकङ्काल र नरकङ्काल, सुकिढल र फुकिढल बस्थे । मन्दिरमा अहोरात्र घण्टका मधुर झङ्कार र मन्त्रोच्चारणका लयदार स्वरबीच अजीर्ण डकारका ड्याउड्याउ सुनिन्थे । यता छिमेकको सेपिलो छायाँमा भोका जनहरूका गनगन र भनाभन, रोगी जनहरूका वेदना र क्रन्दन, अकाल कालग्रस्त तन्नमहरूका आर्तनाद र चित्कार सुनिन्थे । त्यो विशाल र भव्य मन्दिरको चिल्लो र चम्किलो आँगनमा सालिन्दा नानावली उत्सव र महोत्सव, चाड र पर्व, बढाइँ र खुशियाली, भोज र भतेर, यज्ञ र महायज्ञको गनिनसक्नु र भनिनसक्नु ताँती लाग्थ्यो । गोप्य भनाइ के थियो भने- उताको चैन र यताको बेचैन, उताको ऐन र यताको खल्बली, उताको डकार र यताको भोकको सुमधुर साइनो कायम राख्न यस्ता औसरहरू प्राण र त्राण दुवै हुन् ।

सानातिना पर्व र उत्सव छिचोल्दै त्यस सालको महायज्ञको पवित्र र पूज्य, अपूर्व र अनुपम घडी आइपुग्यो । यस यज्ञको नाउँ थियो- अनुपम मन्दिरको कोटी पूजा । सिन्दुर र अबीर रङ्ग र रोगन, तुल र फूल, चन्दन र चमत्कारले मन्दिर चिरिच्याँट्ट सिंगारियो । भोलि महायज्ञको थालनी हुने शुभ दिन हो । सिंगारपटार र साजसज्जा तयारी र सजगतामा कतै केही नपुग पो भयो कि ? कतै केही खोट पो रहन गयो कि ? यसो जाँचबुझ र पारख-परिष्कार गर्नका लागि छुट्यो अब देवऔतारहरूको फुर्तिलो टोली । अघि-अघि पुजारी र पुरोहित, पछि-पछि पण्डित र गणेश, झाँक्री र धुपौरे, दासानुदास र कन्सुत्ले । तिनले आफ्ना दिव्यदृष्टिका ढोका उघारेर त्यो सिन्दुर र अबीर, रङ्ग र रोगन, तुल र फूल, चन्दन र चमत्कारले सुशोभित मन्दिरका कण कणको अति सूक्ष्म निरीक्षण गरे ।

'कतै केही कसर छैन, हगि ?' अति प्रसन्न र आल्हादित स्वरमा पुजारीले भने, 'सर्वाङ्ग परिपूर्ण छ, कति सुन्दर !'

अरू सबैले सुख र सहमतिको मुद्रामा मुन्टो हल्लाए । तर झाँक्री केही खिन्न, केही उदास झैं देखियो ।

'छैन त झाँक्री ?'- पुजारीले केरकार गरे ।

'छन त छ ख्वामित्, तैपनि...'- झाँक्री केही भनूँ भनूँ गर्दै अन्कनायो ।

'किन ? केही अपुग, केही खोट देख्यौ र झाँक्री ?'- पुजारीसँग कुम जोडेर पण्डितले सोधे ।

'जे जति र जे जस्तो छ गुरू, त्यसमा बेठीक केही छैन ।'

'अनि ?'- अधीर मुद्रामा गणेशजी जाइलागे ।

'प्रभु ! मेरो एकथोक भन्नु छ, आज्ञा पाऊँ !' बिनीत स्वरमा झाँक्रीले बिन्ती चढायो ।

'भन !'- पुजारीले घोप्टा हातले सान गर्दै अभयदान गरे ।

'यो रङ्ग फिका छ गुरू !'- निधार तीन मुजा पार्दै झाँक्रीले भन्यो, 'फिका र फङ्ग उडेको ।'

'हो, गुरूजी !' धुपौरेले हत्तपत्त होमा हो मिलायो ।

'के नपुग देख्यौ त यसमा ?'- मन्दिरको तल्लो भागदेखि माथि गजुरसम्म दिव्य दृष्टि छर्दै पुजारीले हप्काइको पाराले सोधे ।

'यसमा पशुरङ्ग छुट्न गएछ, गुरु !'

'यहाँ पशुबलि बर्जित छ नि त बाबु !'- पण्डितले लयालु स्वरमा तर्क गरे।

'चलन हो गुरू, परमेश्वरका आज्ञाले सनातन भइआएको अकाट्य चलन...'

'साँचो भन्यौं', पुजारीले जानिफकार मुद्रामा सही थापे, 'धन्य हो तिम्रो दृष्टिको तीक्ष्णता, जो बेजोड छ !'

मन्दिरका भित्ताहरूमा पशुरङ्ग लेपन गर्ने कुरा सर्वसम्मतिबाट सदर भयो । केही बेरपछि झाँक्री र धुपौरे हेमानको खड्कुँडोमा तात्तातो बाफ आइरहेको पशुरङ्ग लिएर हाजिर भए ।

'के हो यो ?', केही विस्मित भावमा पण्डितले सोधे, 'कतै नरबलि त भएन ?'

'त्यही हो गुरू !' झाँक्रीले सहज पाराले भन्यो, 'पशुको त शिकार खान मिल्छ नि गुरू, यस्ता मौकामा त्यत्रो खति किन गरौं भनेर...'

'तब यो कतै अनिष्ट त भएन ?'- गणेशजीले सोधे ।

'चलनै हो गुरू ! परेमश्वरका आज्ञाले सनातन भइआएको अकाट्य चलन...'

'साँचो भन्यौं', पुजारीले जानिफकार मुद्रामा सही थापे, 'धन्य हो तिम्रो मितव्ययी दृष्टिकोण, जो बेजोड छ ।'

बस्, अब यथास्थानमा पशुरङ्ग लेपन गरियो र मन्दिरको सोह्र-श्रृंगार सर्वाङ्ग परिपूर्ण भयो ।

महायज्ञको शुभ दिन आइपुग्यो । दूधले लिपेर र श्रीखण्ड चन्दनले लेपेर कोटीहोम गर्ने थलो तयार भयो । ज्ञानी, पुण्यात्मा र महात्माहरू विराजमान हुने भव्य मण्डप पनि सजिसजाउ भयो । महायज्ञको पुनीत उपलक्ष्यमा कतैबाट कुनै बाधा अड्काउ पर्न नपाओस् भन्ने हेतुले जो चाहिंदो कडिकडाउ शान्ति सुरक्षाको प्रबन्ध गरियो । अब लाख बत्ती र सुवासिलो धूपधुवाँरसाथै यज्ञको शुभारम्भ गर्ने शुभ घडी आयो ।

यज्ञको शुभारम्भ गर्न पुजारी उठे । बंगुरको मासुले पोतेको बंगुरकै देह जस्तो उनको ओजिलो र गहकिलो देह थाम्न उनका अभ्यस्त नभएका गोडालाई पर्नु धौधौ पऱ्यो । पुजारीको पवित्र देह मण्डपमा ढल्ला र यज्ञमा अनिष्ट पर्नजाला भनेर मण्डपतर्फका सबै पुण्यात्माहरू त्राहीत्राही भए । झाँक्रीको संकेत बुझेर धुपौरेले हत्तपत्त दुइटा फुकिढललाई मण्डपमा हाजिर गरायो । ती दुई फकिढलले निहुरेर पुजारीका दुई काखीमुनि काँध थापे । पुजारीको ओजस्वी देहको चापले गर्दा ती जिउँदा बैशाखीका चिम्टे गोडा धर्मराए । पुजारीका पवित्र कण्ठमा शान्तिसूचक परेवाहरूको माला झुण्डेको थियो र ती परेवाका घाँटीमा रूद्राक्षका माला पहिराइएका थिए ।

पुजारीले मुद्रामा दिव्य चमक प्रकट गर्दै अब यज्ञको दैलो उघारे । उनले भने- 'यहाँ उपस्थित सबैका इच्छाले यो पुनीत यज्ञको शुभारम्भ गर्न म उठें । यो मन्दिर सकल ब्रम्हाण्डभरि कहीं कतै नभएको, कहीं कतै हुन नसक्ने, हामीले कहीं कतै हुन दिनु पनि नहुने खालको अपूर्व, अनुपम र अजर अमर मन्दिर हो । पवित्रतम यस मन्दिरले कोटी कोटी वर्षको दीर्घजीवन पूरा गरेको महाऔसरमा यसको महिमागान गर्न यो पवित्र घडी आयोजित छ ।' यति भनेर पुजारीले आफ्ना तेज दृष्टि यज्ञको सेरोफेरोमा सरसरी डुलाए । अनि गम्भीर मुद्रा धारण गर्दै उनले भने, 'दैवदेखि लिएर हाम्रा पितृसम्मका सपना, जपना, कामना र पसिना, प्रतिभा र सिर्जनाले सिंचित यो मन्दिर सत्य र शान्तिको एक प्रतीक हो । अतः ती हाम्रा देवता र ती पितृको पुण्यस्मृतिमा सर्वप्रथम हामी दुई पल मौन मुद्रा धारण गरौं ।'

मौन मुद्राको चरण पूरा हुन नपाउँदै उता दुरात्माहरूको गोलोबाट अकस्मात् गगनभेदी खल्बल उठ्यो । पुरोहितले गर्जेर सोधे, 'यस्तो बखतमा त्यहाँ त्यो के हो ?'

उतापट्टिको एक दुरात्माले वेदना र त्रासले कामेको स्वरमा भन्यो, 'एक गर्भिणी नारीको चोला उठ्यो गुरू !'

'त्यो त सनातन हो', पण्डितले कड्केर भने, 'त्यसो हुँदैमा यज्ञमा व्यवधान उत्पन्न गर्नु किन ?'

# क. तुल्सीलाल अमात्यको निधन



**नेपाल** कम्युनिष्ट पार्टीका भूतपूर्व महासचिव तथा नेकपा एमालेका स्थायी कमिटीका सदस्य क. तुल्सीलाल अमात्यको गत साउन १७ गते बिहान निधन भएको छ ।

८२ वर्षीय क. अमात्य त्यसदिन विहान अचानक धेरै अस्वस्थता महसूस भएपछि उपचारार्थ गाडी चढी डाक्टरकहाँ जाँदै हुनुहुन्थ्यो । बिहानको करीब ९ बजेको सो समयमा बाटैमा हृदयगति बन्द भई उहाँको निधन भयो । उहाँ लामो समयदेखि मृगौलासम्बन्धी रोगबाट पीडित हुनुहुन्थ्यो ।

क. तुल्सीलाल अमात्य सन् १९१६ मा ललितपुर क्वाबहाल टोलमा जन्मनु भएको थियो । युवाकालमा शुरूमा गीता पाठ गर्ने बानी राख्ने उहाँ पछि गान्धीको दर्शनबाट प्रभावित भई २० वर्षको उमेरसम्म खद्दर कपडाको लुगा लगाएर हिंड्नु हुन्थ्यो ।

सन् १९४७ मा भारत स्वतन्त्रताको माग गर्दै ललितपुरमा निस्केको जुलूसको नेतृत्व गर्दा क. तुल्सीलाल अमात्य पक्राउमा परी ६ महिना जेल पर्नुभएको थियो । त्यही समयदेखि उहाँले राजनीतिक जीवन शुरू गर्नुभएको थियो ।

सन् १९४८ मा क. तुल्सीलाल अमात्यले नेपाल मजदूर किसान संगठनको स्थापना गर्नुभयो । र, सोही सालमा उहाँ नेपाल राष्ट्रिय कांग्रेसको केन्द्रीय समितिको सदस्य बन्नुभयो ।

तर, स्वतन्त्रतापछि पनि भारतमा वर्ग विभेद र वर्णविभेदको समस्या ज्यूँकात्यूँ बाँकी रहेको देखेर छोटो समयमै संसदीय व्यवस्थाप्रति उहाँको मोहभंग भयो, जुन नेपाली राष्ट्रिय कांग्रेसको आदर्श थियो । त्यसैले क. तुल्सीलाल अमात्य सन् १९४९ मा सो पार्टी त्याग गरेर नेकपामा प्रवेश गर्नुभयो । र, उहाँ नेकपाको केन्द्रीय संगठन समितिको सदस्य बन्नुभयो ।

क. तुल्सीलाल अमात्य २०१५ सालमा भएको नेपालको पहिलो संसदीय निर्वाचनमा काठमाडौं उपत्यका क्षेत्र नं. ३ ललितपुरबाट कम्युनिष्ट पार्टीको तर्फबाट सांसद पदमा निर्वाचित हुनुभयो । साथै, निर्वाचन पछि उहाँ नेकपाको संसदीय दलको नेता पनि बन्नुभयो ।

२०१९ सालमा भएको नेकपाको तेस्रो महाधिवेशनबाट उहाँ यसको महासचिव चुनिनुभयो । तर, पछि अन्तर्राष्ट्रिय रूपमा चर्केको रूस र चीनको विवादले नेकपा पनि विभिन्न टुक्रामा विभाजित हुनपुग्यो ।

२०४६ सालको जन आन्दोलनको समयमा अमात्य तत्कालीन संयुक्त वाममोर्चाको मानार्थ अध्यक्ष बन्नुभयो । जनआन्दोलनपश्चात् उहाँ नेकपा अमात्य समूहको महासचिवको रूपमा देखापर्नुभयो । तर, उहाँको पार्टीले शक्ति र विचारमध्ये कुनैबाट पनि देशको राजनीतिमा उल्लेखनीय प्रभाव पार्न भने सकेन । र, अन्तमा सन् १९९३, डिसेम्बर ९ तारेखमा उहाँ नेकपा (एमाले) मा प्रवेश गर्नुभयो । त्यही समयदेखि जीवनको अन्तिम घडीसम्म उहाँ नेकपा एमालेको स्थायी समितिको बरिष्ठ सदस्यको रूपमा रहँदै आउनु भएको थियो ।

एमाले प्रवेशपछि एमाले सरकारको ९ महिने शासनकालमा उहाँ चीनको लागि नेपाली राजदूत भएर पनि जानुभयो ।

क. तुल्सीलाल अमात्यले सन् १९४१ मा भारतको लखनउबाट अर्थशास्त्रमा एम.ए. गर्नु भएको थियो । उहाँका थुप्रै राजनैतिक लेख तथा रचनाहरू पुस्तकको रूपमा तथा पत्रपत्रिकाहरूमा प्रकाशित छन् । क. अमात्यका परिवारमा हाल श्रीमती, दुई छोरा तथा दुई छोरीहरू छन् ।

निधनपछि साउन १७ गते क. अमात्यको पार्थिव शरीरलाई टुँडिखेल शहीदमञ्चमा श्रद्धाञ्जलि अर्पण गर्न सर्वसाधारणको लागि राखिएको थियो ।

सोही दिन साँझ ६ बजे नेकपा एमालेका नेता, कार्यकर्ताहरू एवं अन्य वाम पार्टीहरूका नेता, कार्यकर्ताहरू र सर्वसाधारण जनता समेतको सहभागितामा शवयात्रा भयो । उहाँको शवलाई पशुपति आर्यघाटमा लगी दाहसंस्कार गरियो ।

उहाँलाई विभिन्न राजनीतिक पार्टीका नेता कार्यकर्ताहरूले अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए ।

क. तुल्सीलाल अमात्यले नेपाली जनताको प्रगतिशील आन्दोलनमा पुऱ्याउनु भएका योगदानहरूको सम्मान गर्दै **मूल्यांकन** परिवार उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछ ।

-मूल्यांकन

### ३३ पेजको बाँकी

काम हुन पाउँथ्यो ।

आज पनि यो कुरा अनेकथरि सामाजिक सन्दर्भहरूमा हाम्रो वाम आन्दोलनमा लागू हुन्छ ।

अध्ययन मात्रले सबैथोक हुन्छ, संगठन, सक्रियता, वर्ग संघर्ष, जनसंघर्ष आदिको अर्थ हुन्न भन्दै केवल अध्ययनको मात्र माग भने गरिएको हैन । यसको महत्व त आफूले अवश्यै बुझिएको छ भन्ने कुरा साँचो हो भने त अध्ययनको पक्षले प्राथमिकता त पाउनु पऱ्यो नि ! त्यो प्राथमिकता किन पाएन त ? वर्ग संघर्षको मैदानमा हामी हेलिनु पर्छ तर त्यसबाट आफसेआफ हामीमा पर्याप्त अध्ययनस्तर बढिहाल्छ भन्ने ठान्नु गलत हो ।

झन् उल्टो, त्यसमाथि, अध्ययनलाई अघि बढाउन सीमित नै सही, आफ्नो बुताले भ्याएसम्म लागिपरेका **मूल्यांकन**हरूको उछितो काढ्ने किन ? तिनलाई सरसहयोग गर्नु, टेवा दिनु, गलत दिशामा गएको भए सच्याउन मद्दत गर्नु र आफ्ना विचारहरू समेत दिई तिनलाई वैचारिक अभियानको माध्यम बनाउनु सबैको नैतिक दायित्व हैन र ? ◉

# 'मार्क्सवादप्रति मेरो आस्था दृढ छ'



## महाश्वेतादेवी पुनः पुरस्कृत

**भा**रतकी एक सशक्त र चर्चित मार्क्सवादी लेखिका महाश्वेतादेवीले यस वर्षको **'म्यागसेसे पुरस्कार'** प्राप्त गर्नु भएको छ । 'एशियाको नोबेल प्राइज' को रूपमा चर्चित यो पुरस्कार पाउनुअघि उहाँले भारतका विभिन्न पुरस्कारहरू पाइसक्नु भएको छ । यीमध्ये गत साल मात्रै उहाँले **'भारतीय ज्ञानपीठ पुरस्कार'** पाउनु भएको थियो ।

'म्यागसेसे पुरस्कार' प्राप्त गर्नु भएपछि महाश्वेतादेवी पुनः एक पटक भारतमा र विश्वमै थप चर्चाको व्यक्तित्व बन्न पुग्नु भएको छ ।

मूलतः शोषित पीडित आदिवासी जनताको जीवनलाई आफूभित्र संगेटेका उहाँका ४२ वटा उपन्यासहरू, १५ वटा कथा संग्रहहरू, बाल साहित्यका ५ वटा संग्रहहरू, १ नाटक संग्रह र थुप्रै फुटकर रचनाहरूलाई मूल बंगाली भाषाबाट अन्य भाषाहरूमा अनुवाद गर्ने क्रम हालै झन बढ्दै गएको छ ।

बंगाल, बिहार, उडिसाका दलित पीडित आदिवासीहरूको उत्थानका निम्ति व्यवहारमै समर्पित महाश्वेतादेवी आफ्नो साहित्यको विषयवस्तु व्यवहारको त्यही यथार्थबाट पक्रने गर्नुहुन्छ । उहाँको कलात्मक परिपाक पाएर उहाँले लेख्नु भएको उत्पीडितहरूको जीवन-गाथाले समाजलाई तीखो प्रभाव पार्ने गरेको टिप्पणी समीक्षकहरूले गर्ने गरेका छन् ।

सन् १९२६ मा ढाकामा जन्मनु भएकी महाश्वेतादेवीका पिता मनिष घटक बंगालका एक विद्रोही साहित्यकार हुनुहुन्थ्यो भने उहाँका छोरा नवारूण भट्टाचार्य पनि एक प्रसिद्ध प्रगतिशील कवि हुनुहुन्छ, जसलाई पश्चिम बंगाल सरकारले 'बकिम पुरस्कार' समेत प्रदान गरिसकेको छ ।

उहाँकी माता किरणमयीदेवी प्रतिष्ठित बंगाली पत्रिका 'जयश्री' सँग सम्बद्ध हुनुहुन्थ्यो । भारतका प्रसिद्ध सार्थक फिल्म निर्देशक ऋत्विक घटक उहाँका काका हुनुहुन्थ्यो ।

यसरी बौद्धिक परिवारमा हुर्केकी महाश्वेतादेवी कलकत्ताको आशुतोष कलेजमा वि. ए. पढ्दै गर्ददेखि कम्युनिष्ट विचारधारातिर आकर्षित हुनुभएको थियो । पछि उहाँले अंग्रेजी साहित्यमा एम. ए. गर्नुभयो ।

उहाँको पहिलो पुस्तक सन् १९६५ मा प्रकाशित भएको थियो र यो झाँसीकी रानी लक्ष्मीबाई सम्बन्धमा गहिरो अनुसन्धान गरी लेखिएको उपन्यास थियो ।

महाश्वेतादेवीले सन् १९४७ मा विजोन भट्टाचार्यसँग विवाह गर्नु भएको थियो । भट्टाचार्य एक दृढ कम्युनिष्ट हुनुका साथै प्रसिद्ध नाटक लेखक, अभिनेता, संगीत सर्जक, गायक र प्रसिद्ध रंगकर्मी हुनुहुन्थ्यो ।

उहाँ संघ इण्डियन पिपुल्स थिएटर एशोसिएशन (IPTA) का संस्थापकहरूमध्ये एक हुनुहुन्थ्यो ।

विजोन भट्टाचार्यको गहिरो राजनीतिक प्रभाव महाश्वेतादेवीमा परेको मानिन्छ । तर उहाँहरू पछिसम्म पनि साथै रहन भने सक्नु भएन । सन् १९६२ मा उहाँहरू पारपाचुके गरी छुट्टिनु भएको थियो ।

नक्सलवादी आन्दोलनका विषयमा आफूले रचनाहरू लेखेको भए पनि आफू नक्सलवादी नभएको र कुनै पनि कम्युनिष्ट पार्टीको सदस्य नरहेको बताउनु हुने महाश्वेतादेवी मार्क्सवादप्रति गहिरो विश्वास राख्नु हुन्छ । उहाँ भन्नुहुन्छ- **'मार्क्सवाद गरीब र शोषित पीडित जनताको अन्तिम अस्त्र हो । मार्क्सवादप्रति मेरो आस्था दृढ छ ।'** ◉

१० पेजको बाँकी




पक्रेर ला हिग्वेराको स्कूलमा ल्याएर बन्दी बनाउने क्याप्टेन, हाल रिटायर्ड जनरल गेरी प्रादो सालोमनले पनि मारियो भर्गासकै विचारलाई प्रमाणित गर्ने विचार पोखेपछि क. चेको लाशसम्बन्धी थप रहस्यहरू खुल्न थाले । रायटर समाचार एजेन्सीलाई दिएको अन्तर्वार्तामा उनले भने- **'चे ग्वेभाराको केही भाग जलेको लाशलाई अरु छापामारहरुका साथ भ्यालेग्राण्डेमा गाडिएको कुरा सत्य हो । चेको लाश सामूहिक चिहानमा पर्याँकिनुभन्दा अगाडि अर्जेन्टिनावासी गुप्तचर अधिकारीले उनका हातहरु काटेर लिएको थियो ।'**

एसोसियटेड प्रेसले क. चेको लाश लुकाइएको सामुहिक चिहान खन्ने र ट्रक चलाउने तिकोना थरका व्यक्तिबाट पनि मारियो भर्गास र गेरी प्रादो सालोमनका विचारहरूलाई प्रमाणित गर्ने खालका तथ्यहरू फेला पारेको छ ।

**क. चेको समूहका धेरैजसो कमरेडहरु घाइते र बिरामी भइसकेका थिए । तापनि ला हिग्वेरा जस्ता गाउँहरु कब्जा गर्दै, त्यो समूह बढी सुरक्षित र अन्य कमरेडहरुसँग बढी सम्पर्क हुने ठाउँहरुको खोजीमा लागिपर्‍यो ।**




दक्षिण अमेरिकी महादेशमा बोलिभिया । (बायाँ)




## दुई वर्षको अथक प्रयासपछि

क. चे लगायत अन्य छापामारहरूको लाशसम्बन्धी तीस वर्ष लामो रहस्य उद्घाटन भएपछि बोलिभियाली सरकारमाथि व्यापक दवाब आउन थाल्यो । १९६७ मा मारिएका छापामारहरूका परिवारजनहरूदेखि लिएर उनीहरूप्रति सहानुभूतिशील संगठन र सरकारद्वारा बोलिभियाली सरकारलाई लाश खोज्नका लागि यतिधेरै दवाब बढ्यो कि, अन्ततः सरकार झुक्नै पर्‍यो । बोलिभियाका राष्ट्रपति गोञ्जालो साञ्चेज डी लोजादाले देशभित्र र बाहिरबाट आएको दवाबलाई ध्यानमा राखी ती लाशहरूको खोजी गर्नका लागि आदेश दिए, लाशहरूको खोजी गरेर तिनीहरूका परिवारहरूलाई बुझाउनका लागि छुट्टै कमिशन नै निर्माण गरे । मानव अधिकारसम्बन्धी संसदीय समितिका अध्यक्ष जुआन डेल ग्रानाडोले लाशहरूको खोजी गर्नका लागि आवश्यक वैधानिक व्यवस्था मिलाउने र कमरेड चे लगायत सबै कमरेडहरूको लाश खोजेर निकाल्ने दृढता प्रकट गरे ।

यही राष्ट्रपतीय कमिशन अन्तर्गत गत दुई वर्षदेखि क. चे लगायतका कमरेडहरूको लाशको खोजी गर्ने क्रमलाई तीव्र पारिएको थियो । यस कार्यमा क. चे जन्मेको देश अर्जेन्टिनाका फोरेन्सिक वैज्ञानिकहरूलाई लाशहरूको खोजी अभियानका लागि स्वीकृति दिइएको थियो । पछि क.चेले क्रान्तिको सफल नेतृत्व गरेको देश क्यूबाका फोरेन्सिक वैज्ञानिक (भू-भौतिकविद्) हरूका साथमा तीन जना जियो फिजिष्टिहरू पनि बोलिभियामा बसेर तेज गतिले खोजी कार्यमा लागिपरे । यसमा उनले शहादत प्राप्त गरेको देश बोलिभियाका सैनिकहरू, अन्य देशका ६० भन्दा बेसी पत्रकारहरू र इतिहासकारहरूको संलग्नता रहेको देखिन्छ । यसमा क. चेका नातेदारहरूका प्रतिनिधि जोर्गे गोञ्जालेज पनि लागिपरेका थिए ।

१९९५, डिसेम्बरको पहिलो हप्तादेखि उनीहरूले शुरूमा भ्यालेग्राण्डे हवाईपट्टीका चारवटा क्षेत्रमा वैज्ञानिक ढंगले खोजबीन गर्न थाले । यसमा जीवजन्तु र मानवहरूको अस्थिपञ्जर खोज्न सकिने जियो राडार र अन्य वैज्ञानिक उपकरणहरूको सहयोग लिइएको थियो । त्यतिका दिनसम्म पनि केही फेला नपरेपछि निराश भएर ११ दिन लामो यो खोजी अभियान बन्द गर्ने मनस्थिति बोलिभियाली सरकारले बनाउँदै गरेको स्थितिमा एउटा चिहानमा एउटा खप्पर र कंकालहरू फेला परेको खुशीको खबर फैलियो । स्थानीय एकजना किसानको जमीनमुनि अत्यन्त कम गहिराइमा रहेको सो चिहानमा खोजीकर्ताहरूले छालाको जुत्ता, कालो मोजा, तर लुगा र पाइन्ट केही नभएको अपरिचित अस्थिपञ्जर फेला पारे । शुरूमा यसले क. चेकै अस्थिपञ्जर हो कि भन्ने भ्रम सिर्जना गर्‍यो, पछि गएर त्यो त अरू नै कुनै छापामारको अस्थिपञ्जर पो रहेछ भन्ने कुरा थाहा भयो ।

तर यो अस्थिपञ्जर भेट्टिएको कारणले गर्दा खोजीकर्ता वैज्ञानिकहरू र बोलिभियाली सरकारमा उत्साहको संचार गर्‍यो । क. चेको लाशको खोजीका लागि बनाइएको राष्ट्रपतीय कमिशनका अध्यक्ष तथा आन्तरिक सुरक्षासम्बन्धी सहायक मन्त्री ह्यूगो सान मार्टिनले त खुलस्तै भने- **'यो अस्थिपञ्जर फेला परेको कारणले चे ग्वेभाराको अस्थिपञ्जर भेट्टिने आशा र विश्वास पनि बढेको छ ।'**

उक्त अस्थिपञ्जर फेला परेपछि क्यूबाली सरकारले क. चेसँगै शहादत प्राप्त गर्ने दर्जनौं क्यूबाली छापामारहरू सम्बन्धी तथ्य तथ्यांकहरू सहित सरकारी अधिकारीहरूको टोली नै भ्यालेग्राण्डेमा पठायो । त्यस्तै, क. चेकी पत्नी अलैदा मार्च र छोरी अलैदा ग्वेभाराको अनुरोधमा क्यूबाली डाक्टर जर्ज गोञ्जालेज पनि त्यहाँको अनुसन्धान कार्यमा सहयोग गर्न बोलिभिया पुगे ।

त्यसपछिको खोजीको क्रममा ४ जना छापामारहरूको अस्थिपञ्जर पत्ता लगाइयो, तर क. चेको अस्थिपञ्जर खोज्न भने खोजीकर्ताहरू केही समयका लागि असफल नै भइरहे । यो स्थिति देखेर क. चेको लाश लुकाइएको ठाउँ सम्बन्धी रहस्यलाई पहिलो पटक उजागर गर्ने रिटायर्ड जनरल मारियो भर्गास सालिनास त भूमिगत नै भए । उनले भूमिगत हुनुभन्दा अगाडि, क. चेको चिहान रहेको ठाउँ राम्ररी याद नरहेको भ्रमपूर्ण बयान समेत दिए । उनी यसरी वास्तविकतादेखि भाग्नुका पछाडि उनीदेखि रिसाएका उनका सहकर्मी सैनिक अधिकारीहरूको आक्रमक व्यवहार लुकिरहेको कुरा बताइएको छ ।

यसबीच, केही समयको लागि बन्द भएको खोजी अभियानलाई डेढ वर्ष अगाडिदेखि क्यूबाली सरकारबाट पठाइएका फोरेन्सिक वैज्ञानिकहरू र इतिहासकारहरूको घच्घच्याइका कारण पुनः शुरू गरिएको थियो । यसै क्रममा १९६७ मा भ्यालेग्राण्डेमा तैनाथ सरकारी सैनिक अखडालाई सहयोग गर्ने र त्यहीं काम गर्ने १०० जना गाउँले एवं सैनिकहरूको अन्तर्वार्ता लिइयो र क. चेको चिहानको बारेमा वास्तविकता बुझ्ने थप प्रयास गरियो । खोजीकर्ताहरूले त्यहाँको भूमिको जियो थर्मल र जियो म्याग्नेटिक (भौगोलिक ताप र चुम्बकत्वसम्बन्धी) अध्ययन गर्नुका साथै बुल्डोजरको कारणले असन्तुलित भएको १० हजार स्क्वार मिटर क्षेत्रको भूमिमा टोपोग्राफिकल (भौगर्भिक) सर्भे गरेर खोजी अभियानलाई अझ तेज र व्यवस्थित गरे । क. चेको अस्थिपञ्जर तुरून्तै फेला नपरेको कारणले असन्तुष्ट भएका भ्यालेग्राण्डेका अधिकारीहरूले ६ हप्तासम्म खोजी कार्यलाई बन्द गरेर आफ्नो आक्रोश व्यक्त गरे ।

त्यसपछि, गत असार ५ गतेदेखि मात्रै फेरि एकपटक क. चेको अस्थिपञ्जरको खोजीलाई तीव्रतापूर्वक शुरू गरिएको हो । १० दिनको अथक प्रयासपछि क्यूबा र अर्जेन्टिनाका वैज्ञानिकहरूसँगै कार्यरत बोलिभियाली कामदारहरूले एउटा नयाँ चिहान खन्दा अचानक ७ वटा अस्थिपञ्जरहरू फेला परे । त्यो चिहान रहेको क्षेत्र र त्यसभित्र रहेका ७ वटा लाशहरू रिटायर्ड जनरल मारियो भर्गास सालिनासले दिएको तथ्यांकसँग ठयाक्कै मिलेपछि खोजीकर्ताहरू साह्रै खुशी भए- **अब पक्कै पनि क. चेको लाश फेला पर्‍यो !**

ती सातवटा अस्थिपञ्जरहरूलाई सान्ता क्रूज शहरको जापानीज अस्पतालमा लगेर सम्पूर्ण हिसाबले



**१० दिनको अथक प्रयासपछि क्यूबा र अर्जेन्टिनाका वैज्ञानिकहरुसँगै कार्यरत बोलिभियाली कामदारहरुले एउटा नयाँ चिहान खन्दा अचानक ७ वटा अस्थिपञ्जरहरु फेला परेपछि खोजीकर्ताहरु साह्रै खुशी भए- अब पक्कै पनि क. चेको लाश फेला पऱ्यो !**

जाँचबुझ गरियो। एकजना फोरेन्सिक विशेषज्ञ वैज्ञानिकले कम्प्यूटरको स्क्रीनमा 'सुपर इम्पोजिङ्' प्रविधि प्रयोग गरी फेला परेका अस्थिपञ्जरहरूको आधारमा छापामारहरूका काल्पनिक कम्प्युटर फोटोहरू निर्माण गर्न थाले। अरू वैज्ञानिकहरू कंकालहरूको एक्स-रे गरेर गोलीले क्षतिग्रस्त ठाउँहरूको जाँचबुझ गर्नतिर लागे र १९६७ मा भएको हत्याकाण्डमा परेका छापामारहरूका लाशहरूको बारेमा बोलिभियाली सैनिकहरूद्वारा तयार गरिएको विस्तृत रिपोर्ट (Autopsy reports) सँग दाँजेर हेर्न थाले।

अस्थिपञ्जर नं. २ का दुई वटै हातका हड्डीहरू हराइरहेको, ७ वटा अस्थिपञ्जरहरूमध्ये त्यसैको हड्डी मात्रै गोलीद्वारा टुक्राटुक्रा नभएको, क. चेको डेन्टल रिकर्डसँग अस्थिपञ्जर नं. २ को दाँतसम्बन्धी रिपोर्टमा पूरै समानता रहेको देखेपछि असार २६ गते ती सबै वैज्ञानिकहरू सुखद निष्कर्षमा पुगे- **अस्थिपञ्जर नं. २ पक्कै पनि क. चेकै हो !**

सम्पूर्ण हिसाबले अस्थिपञ्जर नं. २ क. चेकै ठहर भएपछि विश्वभरि हर्षोल्लास छायो। तीस तीस वर्षपछि पनि क. चेको लुकाइएको लाश फेला पर्नाले क्यूबा, बोलिभिया र अर्जेन्टिनामा खुशियालीहरू नै मनाइए।

## क. चेको अस्थिपञ्जरको तानातानी

क. चे लगायतका छापामारहरूको अस्थिपञ्जरहरूको खोजी कार्य सफल भएपछि भ्यालेग्राण्डे र सिंगै बोलिभियाभित्र क. चेको लाशप्रति अत्यन्त ठूलो मोह जाग्यो। १९६७ मा क. चेको हत्यामा संलग्न सैनिकहरू र त्यसमा सहयोगी भूमिका खेल्ने किसानहरूसमेत क. चेको अस्थिपञ्जरलाई भ्यालेग्राण्डेमै, बोलिभियामै राखी छाड्ने मनस्थितिसहित क्रियाशील भए। त्यहाँका अधिकारीहरूले क. चेको नाममा पर्यटकहरूको ओइरो लाग्ने स्थिति देखेर पर्यटन उद्योगसँग सम्बन्धित व्यक्तिहरू र ट्राभल एजेन्सीहरूसँग काँधमा काँध मिलाई क. चेको अस्थिपञ्जर बोलिभियामै राखिछाड्नु पर्ने विचार जोडदार रूपमा उठाए। भ्यालेग्राण्डेका हजारौं हजार जनताले क. चेको अस्थिपञ्जर त्यहीं राखी छाड्नु पर्ने मागसहित पटक पटक प्रदर्शन समेत गरे। भ्यालेग्राण्डेकै मेयर हूभर काब्रेराले त शहरमा 'क. चे ग्वेभारा म्यूजियम' नै स्थापना गर्ने घोषणा गरे।

तापनि, क. चे ग्वेभाराको अस्थिपञ्जर फेला परेमा त्यसलाई क. चेकै परिवारलाई सुम्पने घोषणा गर्दै, आएका स्यूगो सान मार्टिन, क. चेको अस्थिपञ्जरको खोजीका लागि निर्मित राष्ट्रपतीय कमिशनका अध्यक्ष तथा आन्तरिक सुरक्षासम्बन्धी सहायक मन्त्रीले आफ्नो पूर्व घोषणालाई राम्ररी पालना गरे। बोलिभियाली च्याम्बर अफ डिपुटिजका सभापति गुइलेर्मो बेड्रेगाले पनि आफ्नो पुरानो बचन पालना गरे। उनले भनेका थिए- **'आफ्नो आदर्शका लागि लड्ने र मर्ने व्यक्ति चे. को अवशेष उनको परिवारलाई नै सुम्पने सरकारको राज्यनीति छ।'**

त्यसमाथि क. चे ग्वेभारालाई घाइते अवस्थामा पक्रने प्रादो सालोमनले समेत अहिलेसम्म जीवित रहेको क. चेको परिवारलाई नै उनको अस्थिपञ्जर हस्तान्तरण गर्नुपर्ने अडान लिएपछि सबै निरूत्तर भए। क. चेकी पत्नी अलैदा मार्च र परिवारजनले उनको अस्थिपञ्जर क्यूबामा फर्काउनु पर्ने माग गरेपछि बोलिभिया मात्रै होइन, अर्जेन्टिनाले पनि यो तानातानीबाट पछि हट्नु पऱ्यो। स्मरणीय छ, अर्जेन्टिनावासीहरूले पनि आफ्नो धर्तीका सुपुत्र क. चेको अस्थिपञ्जर आफ्नो देशमा लग्ने विचार पोखेका थिए। चालीसौं वर्ष अगाडि हराएका आफ्ना सुपुत्रलाई आफ्नै भूमिमा लान पाए क. चेसँग 'पुनर्मिलन हुने' आशा उनीहरूले लिएका थिए।

अन्ततः क. चेको अस्थिपञ्जरलाई क्यूबामै, उनले क्रान्ति गरेको भूमिमै, उनका परवारजनहरू, छोराछोरीहरू र श्रीमती रहने देशमै पठाइयो। यसलाई समेत केही आलोचकहरूले 'मृत्युउन्मुख क्यूबाली क्रान्तिको लागि सञ्जीवनी बूटीको रूपमा क. चेको अस्थिपञ्जरलाई प्रयोग गर्नका लागि लगिएको हो' भनी विश्लेषण गरेका छन्।

## क्यूबामा भावुक समारोह

गत असार २८ गते रात छिपेपछि क. चे लगायत अन्य तीनजना छापामारहरूको अस्थिपञ्जर क्यूबाको राजधानी हवाना पुऱ्याइएको छ। हवाना नजिकैको सान अन्तोनियो डे लस बानोस नामक सैनिक हवाई अड्डामा अस्थिपञ्जरहरू लिएर आएको प्लेनलाई क्यूबाली राष्ट्रपति तथा क. चेका सहकर्मी क. फिडेल क्यास्त्रो, क. चे लगायतका छापामारहरूका परिवारजनहरू र पुराना सहकर्मी कमरेडहरूले अधीरताका साथ पर्खिरहे। उनीहरूले सैनिक सम्मान समारोह आयोजना गरी ती सबै अस्थिपञ्जरहरूलाई हार्दिकतापूर्वक बुझिलिएका छन्।

क. चे लगायत चारजना छापामारहरूको अस्थिपञ्जर क्यूबा फिर्ता आएको अवसरमा आयोजित अत्यन्त छोटो तर अति नै धेरै भावुक वातावरणमा भएको सो समारोहमा क्यूबाली सैनिकहरूले क. चेलाई, क्यूबाका सबैभन्दा सम्मानित क्रान्तिकारी नायकलाई, सैनिक सलामी टक्राएका थिए। सो सम्मान समारोहको प्रत्यक्ष प्रसारण गर्ने काम

कविता

# अस्थिपञ्जर नं. २

◆ राजकुमार के.सी.

अनायास त्यो साँझ तिमी हराएको खबरले  
हामी स्तब्ध भयौं  
पानीजहाज चढेर आएको सात समुद्रपारिको घाम  
एकाएक त्यो साँझमै अस्तायो  
कुनै चराहरु पनि बास बस्न फर्किएनन्  
ढलपल-ढलपल गर्दै तिमी चढेको त्यो जहाज  
पुग्यो तिम्रो हत्यास्थलको बन्दरगाह नजिकै  
जहाँबाट तिमीसँगै  
कहिले नउदाउने गरी अस्ताएको थियो  
-एउटा घाम  
तिमी अनि तिम्रो जैतुन रंगको कमीज,  
एकजोर खाकीको पतलुन र टोपी  
उस्तै उस्तै थिए तिम्रा अनि हाम्रा यात्राका लक्ष्यहरु  
जब तिमी गीत गाउँथ्यौ  
हजारौं माइल परबाट पनि तिम्रो आवाजले हामीलाई  
बिउँझाउँथ्यो,  
तिमीसँगै मिलाउथ्यौं हामी आफ्ना स्वरहरु  
अनि भयभीत हुन्थे समुद्रपारिका मान्छेहरु  
हरबखत तिम्रो हत्याका योजनाहरु बनाउथे  
र तिम्रो तस्वीरमा पेस्तोलले निशाना मार्थे  
जब एक साँझ



(कवि)

बन्दरगाह नजिक कुनै सडक किनारामा  
अचानक पड्कियो बन्दूक  
एकाएक बन्द भयो तिम्रो स्वर  
मुठ्ठी कसेर तिमी ढल्यौ जमीनमा  
र रात नपर्दै तिमीसँग ढल्यो  
त्यो दिनको घाम  
हामी निस्तब्ध भयौं  
जैतुन रंगको कमीज, पतलुन  
र टोपी लगाउने मान्छेको कल्पना गर्दै  
हामी टोलाइरह्यौं  
त्यो सात समुद्रपारिको यात्रुलाई सम्झेर  
आज तिम्रो हत्याको करिब तीस वर्षपछि  
त्यही बन्दरगाह नजिक फेला पऱ्यो  
कुनै एकान्त चिहानमा  
असंख्य अस्थिपञ्जरहरुबीच- एउटा अस्थिपञ्जर  
दुबै हात काटिएको त्यो कंकाल- अस्थिपञ्जर नं. २  
म सम्झिरहेछु  
त्यही जैतुनरंगको कमीज, एकजोर खाकीको पतलुन र टोपी !  
अनि तिम्रा क्रूर हत्याराहरु  
जो अझै लज्जित छन् र भयभित छन्  
तिम्रो अस्थिपञ्जरलाई देखेर। ❑

क्यूबाली रेडियो र टेलिभिजनहरूले गरे ।

सो समारोहमा क. चे ग्वेभाराकी छोरी अलैदा ग्वेभाराले क. चेका साथै र अन्य तीनजना छापामारहरूका छोराछोरीहरू र परिवारजनका तर्फबाट अत्यन्त भावुक तर सटीक भाषण दिइन् । भाव उत्तेजनाका कारण थरथर काँपीरहेकी अलैदा ग्वेभाराले अश्रुमिश्रित अवाजमा क. फिडेल क्यास्त्रोलाई सम्बोधन गर्दै भनिन्- 'आज उहाँहरुको अस्थिपञ्जर हामीले फिर्ता पाएका छौं । तर उहाँहरु पराजित भएर यहाँ फर्कनु भएको होइन, बरु महानायक भएर फर्कनु भएको छ, अझ बेसी युवा भई, अरु बेसी शक्तिशाली र बीर भई, अरु बेसी महान योद्धा भई फर्कनु भएको छ ।'

'हाम्रो बुबाले ३० वर्षभन्दा बेसी समय अगाडि हामीलाई छाडेर जानुभएको थियो । हामीले विदाइको हात हल्लाउँदै अलविदा भनेको पनि ३० वर्षभन्दा बेसी भइसकेको छ । उहाँहरुले हामीलाई सिमोन बोलिभार र जोसे मार्टीका आदर्शहरुलाई निरन्तर रुपमा अगाडि बढाउने सन्देश पनि छाडेर जानु भएको थियो, यो सिंगो महादेशलाई एकीकृत र स्वतन्त्र बनाई राख्ने आदर्श पनि उहाँहरुले छाडेर जानु भएको थियो । तर कस्तो विडम्बना, उहाँहरुले यो आदर्श साकार भएको दृश्य देख्न पाउनु भएन'- अलैदा ग्वेभाराले थपिन् ।

उनले थप भनिन्- 'उहाँहरुलाई थाहा थियो- महान् आदर्शहरु तबमात्र पूरा हुन्छन्, जब त्यसका लागि अत्यधिक बलिदानहरु दिइन्छन् । यी महान् सपनाहरु साकार पार्नका लागि बलिवेदीमा चढेका हाम्रा बुबा र अन्य कमरेडहरुलाई लालसलाम !'

यस भावुक समारोहपछि सबै अस्थिपञ्जरहरू अहिले हवानाको रिभोल्यूशन स्क्वायरस्थित रक्षा मन्त्रालयमा अत्यन्त सुरक्षापूर्वक राखिएका छन् । त्यहाँ आउँदो असोजको तेस्रो हप्तासम्म राखिने र अक्टोबर ८ अर्थात् असोज २२ गते सान्ता क्लारा शहरमा लगिने कार्यक्रम रहेको छ । अक्टोबर ८ भनेको क. चेको निर्मम हत्या भएको दिन हो । यसदिनलाई क्यूबाली सरकारले 'हिरोइक गुरिल्ला डे' को रूपमा विभिन्न भव्य समारोहहरू आयोजना गर्दै क. चेको स्मृति दिवस मनाउदै आइरहेको छ । र, आउँदो अक्टोबर ८ का दिन क. चेले शहादत प्राप्त गरेको तीसौं स्मृति दिवस पनि अत्यन्त धूमधामका साथ देशभरि मनाइदैछ । त्यसमाथि पनि क्यूबाली क्रान्तिको लागि अत्यन्त ठूलो र निर्णायक महत्व राख्ने सान्ता क्लारा शहरमाथिको आक्रमणको नेतृत्व गर्ने क. चेको अस्थिपञ्जर सान्ता क्लाराकै विशेष समाधिस्थलमा राखिने समारोहलाई अझ विशाल रूपमा आयोजना गरिदैछ ।

स्मरणीय छ, सान्ता क्लारा शहरको मध्य भागमा रहेको क. चे स्क्वायरमा विशेष ढंगले निर्माण भइरहेको समाधिस्थलमा क. चेको अस्थिपञ्जर सुरक्षित राखिने छ । समाधिस्थल अगाडि नै निर्माण भइरहेको विद्रोहको प्रतीक बन्दूक उठाइरहेको क. चेको २३ टन बजनको शालिकको पनि असोज २२ गते नै अनावरण गरिनेछ ।

## घडी र टी सर्टदेखि वियरसम्म पनि चेको नाममा बन्न थाले !

मेडिकल डाक्टरबाट छापामार नेता बनेका क. चे, मध्यमवर्गीय पूँजीवादी पृष्ठभूमिलाई त्यागेर कम्युनिष्ट क्रान्तिकारी भएका क. चे, उनको रहस्यमय हत्यापछि उनी विस्तारै हाम्रो समाजका पौराणिक कथाका नायक जस्तै भए । उनी विस्तारै 'क्रान्तिको प्रतीक'का रूपमा फेरिएपछि उनी क्रान्तिकारीहरू बीच निकै धेरै लोकप्रिय भए । विश्वका विभिन्न कुनामा, सडक सडकमा हुने प्रदर्शनहरूमा क्रान्तिका प्रतीक क. चेका चित्रहरू र फोटोहरू लिएर हिंड्न थालियो । गाउँ, शहर र जंगलमा क्रियाशील छापामारहरूले उनका रचनाहरू पढेर आफूलाई र अरूलाई क्रान्तिको बाटोमा लाग्न उत्प्रेरित गर्न थाले ।

क्यूबामा क. चेलाई उदाहरणीय र अनुकरणीय क्रान्तिकारी नायकका रूपमा पूजिन्छ । क. फिडेल क्यास्त्रोलाई भन्दा पनि बेसी क. चेलाई सम्मान गर्ने क्यूबाबासीहरू क. चेलाई क्रान्तिको प्रतिमूर्ति सम्झन्छन् । र, उनको योगदानको बारेमा कुरा गर्न थाल्दा उनीहरूको आँखा रसाएर आउँछ । क्यूबामा क. चेको नाममा सडकहरूको नाम राख्ने, भित्ता-भित्तामा उनकै ठूलठूला पोष्टरहरू टाँस्ने, सिक्का,मग, टि सर्ट, घडी आदिमा उनकै चित्र कुँदेर सजाउने र उनका रचनाहरूबाट सिक्ने-सिकाउने काम त आम काम नै भएको छ । स्कूल स्कूलमा 'कम्युनिष्ट पायोनियर्स, वी विल बी लाइक चे' भनी गाउँदै हुर्कने क्यूबाली केटाकेटीहरू भविष्यमा गएर क. चे जस्तै क्रान्तिकारी कम्युनिष्ट हुने सपना सजाउँछन् ।

उनी मारिएको देश बोलिभियामा त उनी यति धेरै लोकप्रिय छन् कि, त्यहाँ उनलाई ईशु धर्मका प्रवर्तक क्राइस्टको समकक्षमा राखेर साँच्चै नै पूजा गरिन्छ । बोलिभियाली जनताका लागि बीसौं शताब्दीमा प्रकट भएका नयाँ क्राइस्ट, नयाँ भगवान हुन्- क. चे ! क. चेको लाशदेखि अस्थिपञ्जरसम्म हेर्न सफल एकजना भ्यालेग्राण्डेवासी ओसिनागा भन्छन्- 'चे महान् व्यक्ति हुन्, भगवान् हुन् !'

१९६७ अक्टोबरमा क. चेको लाश हेर्ने सौभाग्य पाएका भ्यालेग्राण्डेका जनताहरू भन्छन्- 'त्यसबेला अर्धनग्न, रगताम्य क. चे क्रुशिफाई गरिएका क्राइस्ट जस्तै देखिन्थे ।'

गरीब जनताका लागि लड्दालड्दै मारिएका क. चेको लाश देखेर भावविव्हल भएका, कमजोर चेतना भएका भ्यालेग्राण्डेका जनताले पछि गएर उनलाई क्राइस्टकै नयाँ अवतारको रूपमा पुज्न थाले । 'चे चर्च' समेत स्थापना भएको भ्यालेग्राण्डे अब चेलाई क्राइस्टको प्रतिमूर्ति मान्नेहरूका लागि 'अर्को जेरूसलम' बन्ने सम्भावना पनि बढ्दै गएको छ ।

क. चेलाई 'सान्तो अर्नेष्टो' का रूपमा पूजा गर्ने बोलिभियाली जनतालाई तत्कालीन सैनिक शासकले निकै सताए तापनि, तिनीहरू गोप्य रूपमा भेला हुने, क. चेको स्मरणमा मैनबत्ती बाल्ने काम गर्दै आइरहेका छन् । अझ युवाहरूले उनका रचनाहरू पढ्ने, उनको बोलिभियाली अनुभवबारे विस्तृत रूपमा बुझ्ने र त्यसबाट उर्जा प्राप्त गर्ने काम गर्दै आइरहेका छन् ।



क. चेको तीसौं स्मृति दिवसको उपलक्ष्यमा इटालीको कम्युनिष्ट पार्टीले रोममा आयोजना गरेको समारोहमा क. चेका प्रशंसक उनका पोष्टरहरु प्रदर्शन गर्दै

**अहिले विश्वमा Che Mania अर्थात् 'चेको उन्माद' देखापरिरहेको विश्लेषणसहित 'न्यूजवीक'मा पत्रकार ब्रूक लार्मर लेख्छन्- 'आफ्नो मृत्यु भएको ३० वर्षपछि झन् झन् बढ्दै गइरहेको आफ्नो लोकप्रियता देखेर ग्वेभारा आफैं आश्चर्यचकित् हुनेछन् ।'**

क. चेको हत्यापछि बोलिभियामा फेरि शुरू भएको छापामार आन्दोलन तहसनहस भएर गएपनि क्रान्तिप्रतिको आस्था र विश्वास त्यहाँका जनसमुदाय र कार्यकर्ताहरूमा बृद्धि भएको तथ्य यहाँ स्मरणीय देखिन्छ । बोलिभिया एउटा देशको मात्र यथार्थ यो होइन, अधिकांश ल्याटिन अमेरिकी देशहरूकै वास्तविकता हो ।

## चेसम्बन्धी हिट किताबहरु

क. चेको तीसौं स्मृति दिवसको उपलक्ष्यमा उनीसँग सम्बन्धित नयाँ नयाँ किताबहरू डकुमेन्ट्रीहरू र फिचर फिल्महरूको बाढी नै आइरहेको छ । उनको अस्थिपञ्जरसम्बन्धी रहस्य उद्घाटन गर्न सफल अमेरिकी लेखक तथा पत्रकार जोन लि एण्डरसनले क्यूबामा तीन वर्ष अध्ययन गरी क. चेले काम गरेका अधिकांश ठाउँहरूको भ्रमण गरी लेखेको पुस्तक 'Che Guevara: A Revolutionary Life' अहिले निकै चर्चित भइरहेको छ । यो किताब अमेरिकी पुस्तकालयहरूदेखि लिएर इन्टरनेटमा

समेत उपलब्ध छ। त्यस्तै मेक्सिकोका राजनीतिक विश्लेषक जर्ज जी कास्टानेदाद्वारा लिखित स्पेनीश भाषाको क. चेको जीवनी Companero: The Life and Death of Che Guevara ब्यूनस आयर्सबाट प्रकाशित हुनासाथ हातहातै बिक्री भएको छ। अहिले अंग्रेजी भाषामा न्यूयोर्क र लण्डनबाट पनि प्रकाशित भएको सो किताबप्रतिको जनअभिरूचि उल्लेखनीय देखिन्छ।

यसैबीच, निस्केका चेको जीवनसँग र क्रान्तिकारी कार्यहरूसँग सम्बन्धित चर्चित पुस्तकहरूमा उनको संस्मरणात्मक पुस्तक The Motorcycle Diaries को लोकप्रियता त शिखरमै पुगेको छ। १९९५ मा प्रकाशित उक्त पुस्तक गत महिनासम्ममा अमेरिका र बेलायतमा ३० हजार प्रतिभन्दा बेसी र इटालीमा मात्रै ८० हजार प्रतिभन्दा बेसी बिक्री भएर 'हिट' नै भएको छ।

यसअघि क्यूबा, अस्ट्रेलिया र भारतबाट प्रकाशित क. चेसम्बन्धी फिडेल क्यास्त्रोको संस्मरण, क. चेको संकलित रचना- Che Guevara and The Cuban Revolution, Man and Socialism in Cuba जस्ता रचनाहरूको लोकप्रियता र बिक्री पनि ठूलो मात्रामा भएको पाइन्छ। यी सबै सामग्रीहरू अहिले पूँजीवादी बजारमा समेत लोकप्रिय, पठनीय र संग्रहणीय बनेको तथ्यबाटै प्रष्ट हुन्छ- क. चे कति लोकप्रिय छन् ?

## फिल्म र डकुमेन्ट्रीमा क. चे

क. चेको बारेमा फिल्म र डकुमेन्ट्रीहरू बनाउने काममा क्यूबापछि अर्जेन्टिना अगाडि देखापरेको छ। क्यूबाले विगत ३० वर्षदेखि धेरै फिल्म र डकुमेन्ट्रीहरू बनाएर क. चेको जीवन र कार्यहरूलाई सार्वजनिक गरिरहेको छ। अब अर्जेन्टिनाले पनि धेरै नै फिल्म र डकुमेन्ट्रीहरू बनाउँदै गरिरहेको र केही प्रदर्शन पनि गरिरहेको समाचार छ। ती फिल्महरूको लोकप्रियता देखेर अमेरिकाले पनि केही समय अघिदेखि नै क्यूबाली क्रान्ति र त्यसपछिका संघर्षहरूमा क. चेको सहभागितालाई बंग्याएर फिल्म बनाउँदै आइरहेको छ।

अब आएर अर्जेन्टिनाको क्रान्तिकारी संघर्षसम्बन्धी फिल्म 'Evita' को सफलतापछि वार्नर ब्रदर्सले 'तानिया' नामक फिल्म बनाउँदैछ। उक्त फिल्ममा हलिउडका हिरो अन्तोनियो बाण्डेरासले क. चेको भूमिकामा खेल्दैछन्। क. चे र पूर्व जर्मनीकी क्रान्तिकारी केटी तामारा (तानिया) सँग सम्बन्धित यस फिल्ममा बोलिभियाको छापामार संघर्षको पृष्ठभूमि हेर्न पाइनेछ।

यसबाहेक, क. चेको नाम, फोटो र चित्र प्रयोग गरेर क्यूबादेखि अमेरिकासम्मले घडी, चिया, कम्प्याक्ट डिस्क, बियरहरू समेत उत्पादन गर्ने कार्य भइरहेको छ। फेशन डिजाइनरदेखि रक र पप म्यूजिसियनसम्मलाई क. चेले आकर्षित पारेका छन्। स्मरणीय छ, न्यूयोर्कका फेशन डिजाइनरहरू समेत त्यहाँका जनताको क. चेको क्रान्तिकारी आदर्शप्रतिको मोह देखेर क. चेकै लुगाजस्तो, क. चेकै फोटो र चित्रले सजिएका लुगाका नयाँ नयाँ डिजाइनहरू गर्न व्यस्त हुन थालेको तथ्यबाट स्पष्ट हुन्छ- क. चेको लोकप्रियतामा बृद्धि हुँदैछ!

क. चेको लोकप्रियतामा बृद्धि नभएको भए रक-ऱ्याप ग्रुपहरूले क. चेको गुणगान गर्नेवाला थिएनन्, न त इन्टरनेटमै इटालियन, नर्वेजियनदेखि स्पेनीश, फ्रेन्च, पोर्चुगीज र अंग्रेजी भाषाका सयौं 'चे वेभ पेजहरू' प्रसारित हुने थिए। क. चेको यही लोकप्रियता र प्रभावकारिता देखेर नै पूँजीवादीहरू समेत यो उपभोक्तावादको जमानामा क. चेको प्रतीकलाई, उनको नाम र फोटो एवं चित्रलाई आफ्नो बस्तु बिक्री गर्ने विज्ञापनको माध्यम बनाउन उद्यत रहेका देखिन्छन्।

ल्याटिन अमेरिकादेखि विश्वभरि नै छाएको यो लोकप्रियतालाई 'चे ग्वेभारा लहर' भन्नुमा केही फरक पर्ने देखिन्न। प्रसिद्ध पूँजीवादी पत्रिका 'न्यूजवीक'ले यसलाई Return of the Rebel अर्थात् 'विद्रोहीको पुनरागमन' भनी परिभाषित गरेको छ। 'न्यूजवीक'ले अहिले विश्वमा 'चे मेनिया' (Che Mania) अर्थात् 'चेको उन्माद' देखापरिरहेको विश्लेषणसहित लामो रिपोर्ट नै प्रकाशित गरेको छ। रोमदेखि लस एन्जलस र न्यूयोर्कसम्म भइरहेका पुस्तक, फिल्म, पोष्टर र डकुमेन्ट्री प्रदर्शनी तथा फेशन शोहरूले यही 'चे मेनिया' लाई प्रष्ट पारिरहेको देखिन्छ। क. चेको तीसौं स्मृति दिवस र अस्थिपञ्जरको सफल खोजीपछि देखिएको 'चे मेनिया'को मूल्यांकन गर्दै 'न्यूजवीक'मा पत्रकार ब्रूक लार्मर लेख्छन्- **'आफ्नो मृत्यु भएको ३० वर्षपछि झन् झन् बढ्दै गइरहेको आफ्नो लोकप्रियता देखेर ग्वेभारा आफैं आश्चर्यचकित् हुनेछन्।'**

यी सबै आश्चर्यजनक लहरहरू उनको संघर्षपूर्ण र करिश्मापूर्ण क्रान्तिकारी जीवन र बलिदानमय मृत्यु एवं तीसौं वर्षपछि उद्घाटित भएको उनको लाससम्बन्धी रहस्यकै परिणामहरू हुन्।

त्यसो त क. चेको हत्याहुनासाथ हत्याको विरोधमा विश्वव्यापी रूपमा जनलहर उर्लेको थियो भने क. चेकै प्रभावले ल्याटिन अमेरिकी देशहरूमा छापामार युद्धको लहर अझै तीव्र रूपमा चर्केको थियो। त्यसबेला विश्वभरिका युवाहरू, विद्यार्थी र बुद्धिजीवीहरूले आ-आफ्नै ढंगले साम्राज्यवाद र पूँजीवादका विरूद्ध विद्रोह गरेका थिए। क. चेबाटै प्रभावित भएर पेरिसदेखि मेक्सिको सिटीसम्म, सिकागोदेखि बर्लिन, लण्डन, टोकियो, ब्यूनस आयर्ससम्मका युवाहरू र विद्यार्थीहरूले १९६८ सम्म विद्रोह गरेका थिए। स्वतःस्फूर्त र केही संगठित रूपले भएका ती विद्रोहहरूमाथि त्यहाँका शासकहरूले कठोर दमन गरेका थिए। त्यस्तै, क. चेको प्रत्यक्ष-अप्रत्यक्ष प्रभावमा अधिकांश ल्याटिन अमेरिकी देशहरूमा भएका छापामार संघर्षहरूलाई पनि निर्ममतापूर्वक दबाइएको थियो।

> **'महान् सपनाहरु साकार पार्नका लागि बलिबेदीमा चढेका हाम्रा बुबा र अन्य कमरेडहरुलाई लालसलाम !'**
> **-चे. की छोरी अलैदा ग्वेभारा**

क. चे क. फिडेल क्यास्त्रोको आँखामा 'उच्च नैतिकतावान क्रान्तिकारी नेता, चिन्तक, सिद्धान्तकार' हुन्। क. माओ त्से तुङका लागि उनी 'अन्तर्राष्ट्रियतावादी क्रान्तिकारी' हुन्। क. किम इल सुङका लागि उनी 'विश्वविख्यात कम्युनिष्ट क्रान्तिकारी' हुन्। ज्याँ पाल सार्त्रको विश्लेषणमा उनी 'आफ्नो युगको सबैभन्दा पूर्ण मानव' हुन्।

युवाहरूको ढुकढुकी र क्रान्तिको प्रेरणा स्रोतको रूपमा रहेका क. चेबाट हामी सबैले साम्राज्यवाद-पूँजीवादविरोधी जीवन-मरणको क्रान्तिकारी संघर्षमा अथक रूपले लागिरहने र लोभ, लालच एवं भयबाट मुक्त, स्वअनुशासित नयाँ समाजवादी मानिस बन्ने प्रेरणा लिन सक्छौं!

अन्तमा, क. चेको तीसौं स्मृति दिवसको उपलक्ष्यमा उनका योगदानहरूको स्मरण गर्दै त्यसलाई जीवनमा लागू गर्न सकौं भन्ने कामना गर्नु सान्दर्भिक हुनेछ भन्ने हामीलाई लाग्छ। ☐

**हलिउडमा बोलिभियाको छापामार संघर्षको पृष्ठभूमि क. चे र पूर्व जर्मनीकी क्रान्तिकारी केटी तामारा (तानिया) सँग सम्बन्धित फिल्म 'तानिया' बनाइँदैछ**





सहकर्मी महिला छापामार तानिया (माथि)
बोलिभियाको जंगलमा तानिया र अन्य छापामार हरुका साथमा क. चे ग्वेभारा (बायाँ)

### सन्दर्भ सामग्रीहरु


- Guevara, Andrew Sinclair
- Che: A Memoir of Fidel Castro
- Ernesto Che Guevara: I Lavretsky
- The Guerrilla Wars of Central America
- A World to win
- The complete Bolivian Diaries of Che Guevara
- Richard Helms and CIA
- Che Guevara and The Cuban Revolution
- The History of Latin America
- Latian America and The United States
- Face To Face With Fidel Castro
- Newsweek
- New York Times
- Granma International
- Reuter
- Associated Press
- Harper's Magarine
- नव वामपन्थ
- इन्टरनेटका चेसम्बन्धी विभिन्न होम पेजहरू

# स्थानीय निकायहरुमा विजयी भएका वामपन्थी जनप्रतिनिधिहरुको काम र कार्यशैली अरुको भन्दा भिन्न र उन्नत कसरी हुन सक्छ ?

◆ नेपालकै इतिहासमा प्रथम पटक स्थानीय निकायको बहुसंख्यक स्थानमा वामपन्थीहरू विजयी भएका छन् । जनताले आफ्नो वारिसका रूपमा वामपन्थी शक्तिहरूलाई चुनेपछि निश्चय नै अरूको भन्दा भिन्न कार्यशैली अपनाएर असल वारिस चुनेको आभाष उनीहरूलाई दिनुपर्छ । त्यो भिन्न कार्यशैली यस प्रकारको हुन सक्छ-

स्थानीय निकाय जनताको प्रत्यक्ष जीवनसँग सरोकार राख्ने संस्था हो । यसले आफूले गर्न सक्ने र नसक्ने कार्यको स्पष्ट सीमा छ । जसमा, जनताको सामान्य जीवनस्तरमा सुधार ल्याउन विकास निर्माणसम्बन्धी कार्यको योजना तर्जुमा गरी त्यस योजनालाई जनसहभागिता जुटाई कार्यान्वयन गर्ने, गाउँघरमा उठ्ने सबैजसो मुद्दामामिलामा निष्पक्ष रूपमा न्याय दिलाउने हिसाबले कार्य गर्नुपर्छ । जनताको बीचमा कार्य गर्ने व्यक्तिहरूले आफ्नो व्यक्तिगत तथा पारिवारिक स्थिति, आफ्नो आर्थिक क्रियाकलाप, आफ्नो सम्पर्क र अरू बीचको सम्बन्धको बारेमा जनतासमक्ष पारदर्शी रूपमा राख्नुपर्छ । साथै, 'आफू सधैं जनताबीचमा तथा कडा अनुशासनको घेराभित्र छु' भन्ने सोच्नु पर्छ । आफूलाई नैतिक रूपमा समाजका सामु शुद्ध प्रमाणित गर्नुपर्छ । घुसखोरी, कालोबजारी, तस्करी, भ्रष्टाचारीका विरूद्धमा सदा जनताको बीचमा रहेर संघर्ष चलाउने र त्यस्ता व्यक्तिलाई समाज सामु नंग्याउन सक्नु पर्छ । जनतासँग रूखो, कर्कश व्यवहार नअपनाई विनम्र, शिष्ट व्यवहार गर्नुपर्छ । जनताको पंक्तिबाट अलग्याउने प्रतिक्रियावादी तप्काबाट दिइने खुला वा गुप्त उपहार, विशेष छुट वा त्यस्तै अन्य विलासितापूर्ण कुराहरू बिना हिच्किचाहट अस्वीकार गर्नुपर्छ । आफ्नो दायित्व हरेक अवस्थामा पूरा गर्ने तथा आफ्ना दैनिक क्रियाकलाप (रहनसहन, लवाइखवाइ) को स्तरलाई सर्वसाधारण जनताको स्तर अनुरूप नै राख्नु पर्छ । आफ्नो ज्यादा समय जनताकै निम्ति काम गर्न, उनीहरूको विचार तथा मागका सम्बन्धमा तथ्य संकलन गर्न तथा जनताको चेतनास्तरमा बृद्धि गर्ने रचनात्मक सुधार कार्यमा खर्च गर्नुपर्छ ।

निर्वाचित प्रतिनिधि र संस्थाले वर्तमान स्थानीय निकायले गर्न सक्ने र नसक्ने सबै कामबारे प्रष्टसित जनतामाझ राख्ने गर्नुपर्छ, जसले गर्दा जनता बढी आशावादी नबनी आफ्नो कार्यमा निरन्तर लागिपर्न सकून् । जनताको प्रत्यक्ष जीवनमा असर पारेका हानिकारक मान्यता, अन्धविश्वास, रीतिरिवाज, कुरीति अन्त्य गर्न साँस्कृतिक आन्दोलनको पक्षमा जोड दिने तथा निरक्षरता उन्मूलन गर्ने अभियान चाल्नु पर्छ ।

जनताबीच प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य, खानेपानी र साझा सहकारी पसल, सहकारी खेतीमा स्थानीय निकायका प्रतिनिधिले संयोजनकारी भूमिका खेल्नु पर्छ । जनताको जीवनमा प्रत्यक्ष असर पार्ने कर तथा अन्य नीति तथा कार्यक्रम तय गर्दा जनताकै प्रत्यक्ष सहभागिता गराई गर्नुपर्छ । गरिएका कार्यको आर्थिक हिसाब-किताब स्पष्ट पार्ने र बुझाउने गर्नुपर्छ ।

**–दिवाकर अधिकारी**
भरतपुर नगरपालिका १४,
चितवन

◆ कम्युनिष्ट सिद्धान्तको 'क' नै थाहा नभएका केही मानिसहरू वामपन्थी पार्टीहरूको उम्मेदवार बनेका छन् र चुनाव जितेका छन् । यस्तो स्थितिमा, उनीहरूको काम-कारवाही जनपक्षीयभन्दा पनि मनपरीपक्षीय हुने खतरा बेसी छ । उनीहरूबाट सैद्धान्तिक मान्यताका कुराहरू, वाम धरोहरलाई जोगाइराख्ने तथा जनपक्षीय कामहरू हुन सम्भव छ कि छैन ?

त्यस्ता जनप्रतिनिधिहरू एमाले र अन्य वाम पार्टीहरूबाट टिकट लिएर चुनावमा उठ्न र जित्न जम्मा भएका हुन् । त्यस्ता जनप्रतिनिधिहरूलाई जनताको हितमा काम गर्न गराउन उत्प्रेरित गर्ने हो भने, उनीहरूलाई वाम पार्टीको समाज रूपान्तरणको लक्ष्य र कार्यक्रमबारे तथा जनपक्षीय कार्यशैलीबारे प्रशिक्षण दिनु जरूरी छ ।

स्थानीय निकाय जनतासँगको प्रत्यक्ष सरोकार राख्ने संस्था हो । यो केन्द्रीय सरकारको मातहतमा सामन्ती तथा पूँजीवादी संविधानको दायराभित्र रहेर काम गर्नुपर्ने स्थानीय सरकार हो । यस निकायका निर्वाचित प्रतिनिधिबाट अन्याय, अत्याचार, भ्रष्टाचारको अन्त र गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आमुल परिवर्तनका कुराहरू समग्रमा हल त अवश्य हुँदैन, त्यसको लागि क्रान्ति नै चाहिन्छ ! क्रान्तिकारी बाटो नै चाहिन्छ !

खासगरी, स्थानीय तहका नीति र कार्यक्रम बनाउँदा जनतालाई प्रत्यक्ष सहभागी बनाउने, जनताका उजुरी र गुनासाहरू सुन्ने र आत्मसात गर्ने, जनताका भावनाको कदर गर्दै प्रमुख अगुवाई गर्ने । बाटो, बिजुली, सिंचाई, खानेपानी, संचारजस्ता मुख्य पूर्वाधारहरू सम्पन्न तथा लागू गर्नको निम्ति जनशक्ति तथा स्थानीय स्रोत र शक्तिको परिचालन गर्ने र राज्यसित यस्ता कामको निम्ति दवाब दिन संघर्ष गर्ने । जनतालाई यस्तै कामको निम्ति परिचालन गर्ने र संघर्षमा सरिक गराउने जस्ता जनपक्षीय कामहरू नै अरूको भन्दा भिन्न र उन्नत हुन सक्छ ।

**–नारायण गौतम**
निजगढ, बारा

◆ वामपन्थी जनप्रतिनिधिहरूले वर्गीय स्वार्थ र जनहित कार्यमा सहभागी भई स्थानीय स्तरमा प्राप्त साधनहरूको सही उपयोग गरी उत्पीडित समुदायको उत्थान गराउने आशा लिएर नै जनताले विजय गराएका हुन् । यसैले, समय सापेक्ष रूपमा साझा सहमतिको आधारमा स्थानीय निकायका समस्याहरूलाई समाधान गर्ने प्रयत्न गर्दै जनभावना अनुकूल निरन्तर विकास कार्यका काम गरिनुपर्छ । र, प्रगतिशील ढंगबाट जनहितकारी नयाँ कार्यक्रमहरू ल्याएर जनताका समस्या समाधान गर्ने र उनीहरूको मन जित्ने वातावरण तयार गर्नुपर्छ । यथास्थितिबाट दिक्दार भइसकेको हाम्रो जस्तो अल्पविकसित पहाडी मुलुकमा अन्धविश्वास र रूढीबादी संस्कारले जनजीवनलाई नराम्ररी धराशायी बनाएको छ । यस अवस्थामा सामाजिक विसंगति हटाउने र विस्तारै परिवर्तनतिर उन्मुख गराउने, बैचारिक छलफल, सभा, गोष्ठी जस्ता कार्यक्रमहरूको आयोजना गरी जनताका चेतनास्तर उकास्ने प्रयत्न गर्नुपर्छ ताकि, उनीहरूले सही र गलत कुरो छुट्याउन सकून् र वर्गीय स्वार्थका आधारमा जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकारलाई मूल्यांकन गर्न सकून् ।

स्थानीय निकायका वाम जनप्रतिनिधिहरूले अन्य विपक्षी समूहको आलोचना र विरोधबाट सधैं सजग रहेर, आत्मअनुशासनलाई कायम राखी, माथिल्लो तहको नीति निर्देशनलाई पालना गर्दै जनआकांक्षा अनुरूप कामहरू गर्नुपर्छ । साथै, उपलब्ध भएका सबै स्थानीय साधनहरूलाई जनताको हितमा उपभोग गर्नुपर्छ । आफ्नो जिम्मेवारीलाई सहज तरीकाबाट बहन गर्नुपर्छ ।

**–कुमार सोयोङ्ग**
घोरेटार, भोजपुर

◆ स्थानीय निकायमा निर्वाचित प्रतिनिधिहरूमध्ये पुराना (०४६ अघिका) वाम कार्यकर्ता छोडेर अन्य पदाधिकारीले वैचारिक रूपमै प्रष्टता र चेतनशीलतामा पूर्णता पाएका छैनन् । उन्नत र भिन्न कार्यशैलीका लागि सैद्धान्तिक ज्ञान हुनु र वैचारिक रूपमा परिस्कृत हुनु आवश्यक हुन्छ । मार्क्सवादका आधारभूत मान्यता, वैज्ञानिक समाजवाद, द्वन्दात्मक भौतिकवाद र जनवादी राज्यसत्ताका अघिल्ला र पछिल्ला चरणको प्रष्ट र जीवन्त दृष्टिकोण थाहा नपाई त्यो स्तर प्राप्ति सम्भव हुँदैन ।

अतः सर्वप्रथम वाम जनप्रतिधिहरू स्वयंले प्रगतिशील चरित्र भएको व्यक्तिको रूपमा आफूलाई स्थापित गर्नुपर्छ । आचरण, व्यवहार र चरित्रमा ग्रामीण जनताले 'फलानो जस्तो पो नेता हुनु त' भन्ने खालको उदाहरण बन्नु पर्छ ।

आफू प्रशिक्षित भएपछि जनताहरूलाई पनि समाजवादी धारणा, वैज्ञानिक चेतनाबारे प्रशिक्षित गर्नु पर्छ । जनतालाई नचाहिँदो र असम्भव विकासे सपना देखाउनुसट्टा गाउँको आय, कृयाकलाप, योजनाको जानकारी दिने तथा यस संसदीय व्यवस्थाबाट ग्रामीण निकायले गर्न सक्ने काम र यसका सीमा बारेमा प्रष्ट बुझाउनु पर्छ । समग्र देशको विकाससम्बन्धी धारणा के हुनु पर्छ ? अहिलेको संसदीय प्रजातन्त्रको सीमाभित्र के गर्न सकिन्छ ? के गर्न सकिन्न ? त्यो प्रष्ट बुझाएपछि चुनावताका जनताको बुद्धि भुट्न पैसाको थैलो लिएर हिँड्ने प्रवृत्ति पनि निरूत्साहित हुन्छ । गाउँमा उपलब्ध भएका जनशक्ति, शिक्षक, स्वास्थ्य कार्यकर्ता, बुद्धिजीवी, विद्यार्थी (क्याम्पसका) तथा अन्य प्रबुद्ध व्यक्तिहरूलाई परिचालन गरी अनौपचारिक शिक्षा, साक्षरता कक्षा जस्ता जानकारीमूलक ज्ञान दिने क्रमको थालनी गरेर पनि जनताको चेतनाको विकास गर्न सकिन्छ ।

गाउँकै स्रोत र साधन उपयोग गरी सामान्य घरेलु वस्तुको उत्पादन गर्ने अनेकौं प्राविधिक ज्ञान दिन सकिन्छ । यस्ता कृयाकलाप संचालन गर्दा बजार र आवश्यकता अध्ययन गरेर संचालन गर्नु पर्छ । गाउँको विकास गर्ने हामीले नै हो भन्ने स्वभिमानी चिन्तन विकास गर्नुपर्छ ।

खालि चुनाव कसरी जितिन्छ भन्ने छोटो चिन्तन बोकेर वर्गीय चेतना र स्वार्थ बिर्सी जोसँग पनि घाँटी जोड्ने, वाम तथा प्रगतिगामी शक्तिसँग राम्रो सम्बन्ध नराख्ने जस्ता गलत प्रवृत्ति छोडेर अनुशासित, निश्पक्ष तथा वस्तुनिष्ठ चिन्तनको प्रकृया कार्यगत रूपमा आफूमा उठान गर्दै लग्नु नै स्थानीय निकायका वाम जनप्रतिनिधिको उद्देश्य हुनु पर्छ ।

**–कुसुम ज्ञवाली**, गुल्मी
हालः पुल्चोक इन्जीनियरिंग क्याम्पस

**विचार मञ्च स्तम्भ अन्तर्गत आगामी अंकमा पनि यही विषयमा पाठकका विचार प्रकाशित गरिनेछ । -सं.**

# पाठकको कुरो

◆ मूल्यांकन पूर्णाङ्क ४८ का लखेहरूले ज्यादै प्रभावित पाऱ्यो । आगामी अंकदेखि विश्व कम्युनिष्ट आन्दोलनका क्रान्तिकारी हस्तीहरूको रोचक धारावाहिक जीवनी अझ बढी प्रस्तुत गर्दै लगे ज्यादै राम्रो हुनेथियो ।

**-कुमार 'सोयोङ्', घोरेटार, भोजपुर**

यस मासिकको अंक ४८ मा नेपालमा मात्र तेलको भाउ बढ्ने कारण र यसमा सहभागी सत्ता संचालकहरूको कायरताको चित्रण अति महत्वपूर्ण छ ।

नेकपा माओवादीले नेकपा मसालका कार्यकर्ताहरूमाथि गरेको दुर्व्यवहारले उनीहरूको नियतबारे शंका जगाएको छ ।

नीति र संस्कृतिले वामपन्थीहरूको उद्देश्य प्राप्तिको क्रममा आइपर्ने दुर्घटनाको सम्भावनालाई दर्शाएको छ । अन्त्यमा, नेपालमा साम्यवादी आन्दोलनको विकासका चरणहरूबारे जानकारी पाउने आशा गर्दछु ।

**-होम थापा, बैँगाडाबर- ८, धनुषा**

◆ मूल्यांकनको पूर्णाङ्क ४८ मा 'हाम्रो मूल्यांकन', 'किन नेपाली शासकहरू गुमाउन माहिर छन् ?', 'स्थानीय चुनावको चिरफार', 'महान् शिक्षाविद् चिन्तक पाउलो फ्रेरेको निधन', नेकपाका संस्थापक निरञ्जन गोविन्द वैद्यको अन्तर्वार्ता, थेलमानको जीवनी राम्रो लाग्यो । 'के इरानमा पनि कम्युनिष्ट आन्दोलन विकसित हुँदैछ ?' शीर्षक अन्तर्गत इरानको 'राहे कारगर' का नेता क. अर्मान अर्मानीको अन्तर्वार्ता पढ्दा मलाई उक्त पार्टीको नीति तथा कार्यक्रम नेकपा एमालेको 'जनताको बहुदलीय जनवाद' जस्तै लाग्यो । चन्द्रदेव नेपालीको 'निधारमा छाप मात्र कम्युनिष्ट लागेका उम्मेदवारहरू' लेखले एमालेले विचार पुऱ्याउनै पर्ने वास्तविकता प्रष्ट पारेको छ । त्यस्तै, 'महाकालीको विकल्प के ?' पढ्दा कमिशनको चक्करमा महंगो विद्युत आयोजनाहरू नेपालमा भित्र्याएर दलाल नोकरशाहीहरू, राजनैतिक पार्टीहरू समेत आफ्नो कुर्सीको रक्षार्थ कसरी विदेशीको दवावमा चल्दा रहेछन् भन्ने स्पष्ट भयो ।

**- एम. के. राई, तेह्रथुम, हालः काठमाडौं ।**

गत असार अंकको मूल्यांकनमा चन्द्रदेव नेपालीको 'निधारमा छाप मात्र कम्युनिष्ट लागेका उम्मेदवारहरू' लेख अत्यन्तै सामयकि र छलफलयोग्य छ ।

विशेषतः यस लेखले एमालेभित्र बढ्दै गइरहेको अराजक भीडलाई इंगित गरेजस्तो लाग्छ । यसपटकको चुनावमा एमालेले कम्युनिष्टको छाप हान्दै उम्मेदवार बनाइएका व्यक्तिहरू, कत्तिको सच्चा हुन् ? र, यसले पार्टीलाई कत्तिको बलियो बनाउँछ, त्यो पार्टीको संचालक-संवाहकहरूले सोच्ने कुरा हो । तर यथार्थ सत्य चाहिँ, लेबल फेरिँदैमा गुणस्तर फेरिन्छ भन्नु मूर्खता हो ।

**-रमेश गाउँले, शान्तिनगर, काठमाडौं ।**

◆ मूल्यांकन अंक ४८ बेलैमा हात पऱ्यो । स्थानीय चुनावबारे चिरफार र पारस शाहसँग सम्बन्धित कुरा विशेष सह्राहनीय छन् । साथै, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको सन्दर्भमा दिइएको इरानी कम्युनष्टि आन्दोलनको सामग्रीले पाठक वर्गलाई नयाँ खुराकी दिएको छ । भ्याट सम्बन्धी सामग्री र विकसित पूँजीवादी देशमा बेरोजगारी उल्लेखनीय छन् । जीवनको झाँकीको रूपमा क. थेलमानको जीवनी प्रेरणाप्रद छ ।

**-शिव प्रसाद खनाल, डैढगाउँ- ९, नवलपरासी**

◆ मूल्यांकन अंक ४८ मा शिक्षाविद् तथा वाम बुद्धिजीवी पाउलो फ्रेरेको मृत्यु भएको पढ्दा निकै दुःख लाग्यो । इरानी कम्युनिष्ट आन्दोलनका योद्धा अर्मान अरानीको जीबन्त अन्तर्वार्ता र जर्मन कम्युनिष्ट पार्टीका मार्ग निर्देशक थेलमानको जीवनको झाँकीको दोस्रो भाग रोचक र सनसनीपूर्ण छ । नेपाल कम्युनिष्ट आन्दोलनका योद्धा तथा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक निरञ्जन गोविन्द वैद्य अस्वस्थ हुँदा देशको सशक्त कम्युनिष्ट पार्टीको सरकार हुँदाहुँदै पनि सहयोग नगरेको पढ्दा साह्रै दुःख लाग्यो ।

**-यज्ञ रावल 'याशिर', प्रतापपुर- ६, कैलाली**

◆ मूल्यांकन पूर्णाङ्क ४७ मा संजमो नेपाल (भट्टराई समूह) का केन्द्रीय सदस्यद्वारा मूल्यांकनलाई प्रत्युत्तर ज्यादै सही छ । माओवादीहरूद्वारा भइरहेको जनयुद्धलाई कसरी हुन्छ, सक्दो सहयोग गरी आम जनतालाई मुक्ति दिलाउनुको सट्टा उल्टो भ्रम फैलाई विरोध गर्नु जनयुद्धलाई कमजोर पार्न खोज्नु हो ।

डा. महेश मास्केको 'राजनीति सत्ताको फोहोरी खेल होइन' लेख 'शक्तिका भोका' औसरवादी राजनीतिज्ञहरूका लागि पाठ दिने खालको छ । साथै, श्री खगेन्द्र संग्रौलाको 'कालो भाले...' ज्यादै शिक्षाप्रद छ ।

**-माकुरा र धेरै साथीहरु, जर्मनीबाट**

◆ 'मूल्यांकन'का सम्पूर्ण अंकहरू पठनीय तथा स्तरीय छन् । यसका उल्लेखनीय पक्षहरू धेरै छन् , तापनि वर्तमान माओवादी जनयुद्धलाई हेर्ने 'मूल्यांकन'को दृष्टिकोण व्यक्तिवादी, दक्षिणपन्थी अवसरवादी भएको तथ्य पूर्णाङ्क ४७ मा संयुक्त जनमोर्चाका केन्द्रीय सदस्य रवीन्द्र श्रेष्ठको 'माओवादी जनयुद्धबारे मूल्यांकनलाई प्रत्युत्तर' भन्ने लेखले प्रष्ट पारेको छ ।

**-पदम गुरुङ्, गाईखुर- ३, पैरेपानी, गोरखा**

-मूल्यांकनको पूर्णाङ्क ४५ ढिलै भएपनि प्राप्त भयो । सबै सामग्रीहरू आकर्षक छन् । तर आवरण कथा 'माओवादी जनयुद्धको एक वर्ष' अन्तर्गत श्याम श्रेष्ठद्वारा गरिएको चिरफार अन्यौलपूर्ण छ । कतै श्रेष्ठज्यू लेख्नु हुन्छ- सशस्त्र संघर्षको राजनीतिभन्दा हिंसाको राजनीति भन्नु उपयुक्त होला ।' फेरि अर्को ठाउँमा उहाँ लेख्नु हुन्छ- 'प्रचारात्मक कारवाही अन्तर्गत सिन्धुली, रोल्पा, रूकुमका प्रहरी चौकीहरू कब्जा गरिए पुलिसहरूलाई मार्ने कार्य कतै गरिएन...। यो चरणमा हत्याको कारवाही कतै राखिएको देखिएन ।'

माथिको दुई भनाइबाट प्रष्ट हुन्छ- माओवादीहरूबाट हिंसाको राजनीति होइन, माओवादीको नाममा हिंसात्मक कारवाही सरकारबाटै गरिए । तसर्थ, हत्याको जिम्मा माओवादीहरूलाई लगाउनु उपयुक्त भएन ।

**-हुमबहादुर क्षेत्री, बल्कोट- १, अर्घाखाँची, हालः भारत ।**


## 'रक्तिम' परिवारको नयाँ गीति-क्यासेट

सुक्दैन सालैको बोट




*जन गीति-यात्रा भाग- ७*

*बजारमा उपलब्ध छ !*

## NOTICE OF ROLEX

**In 1998 the Rolex Watch Company of Geneva, Switzerland will be rewarding five people with exceptional enterprise.**

**If you think you could be one of them, read on.**

The Rolex Awards for Enterprise were created in 1976 to support outstanding personal initiative in important areas of human endeavor. Once again, Rolex is calling for entries.

An international panel of distinguished judges from a variety of disciplines will be assessing applicants for the originality, feasibility and potential impact of their work. Areas of recognition include science and medicine, technology and innovation, exploration and discovery, the environment and cultural heritage.

Projects must extend our knowledge of the world, improve the quality of life on the planet or result in the betterment of humankind. Above all, the judges will be looking for exceptional spirit of enterprise.

The five winner will each receive $50,000, a gold Rolex chronometer and international publicity, and will be invited to Geneva for an Awards ceremony in October 1998. As many as 10 other entrants will each receive $10,000 and a steel and gold chronometer and will be honored in their home countries.

*Applicants must reach the Secretariat by:* **December 31,1997 for Asia and Pacific.**

*For more information, please contact:* **Sulux Centre, Khichapokhari Ph: 222539 or,**

*Write to:* **The Secretariat, The Rolex Awards for Enterprise, P.O. Box:1311,1211 Geneva 26, Switzerland.**

**YOUR GATEWAY TO GLOBAL OPPORTUNITIES**
**BE A PART OF NEPAL HOME PAGE**

**... And reach the World over 50,000 hits from more than 25 countries per week**

**For more Information;**

yomari


Yomari Inc .
P.O. Box 4173
Kathmandu,
Ph. No. 480540

102 B Bennett Counter,
Newport, DE 19804
USA
Ph.No. : (302) 6360386

http : //www. info - nepal. com
email : Yomari @ info-nepal. com




अब पाईप जगतमा नयाँ उत्साह !
नयाँ उदय - विश्वासको साथ !



# मुक्तेश्वर P. V. C. पाईप

शहरदेखि गाउँसम्म सर्वत्र उपलब्ध छ !

**मुक्तेश्वर पाईप नै किन ?**

- मुक्तेश्वर रिजिड पि.भि.सी. पाईप जि.आई. पाईपको तुलनामा किफायती तथा सस्तो पर्दछ ।
- हलुङ्गो भएकोले ओसार-पसारमा सुविधाको साथै ढुवानी खर्च कम पर्दछ ।
- यसमा फलामे पाइपमा जस्तो खिया लाग्दैन ।
- जडान खर्च तथा ज्याला कम पर्दछ ।
- भित्र-बाहिर चिप्लो हुने भएकोले बहाव शक्ति बढी हुन्छ ।
- कुनै पनि किसिमको रसायनले यसलाई असर पार्दैन ।
- भवनहरूको निकास प्रणालीमा लगाउँदा सुन्दर देखिन्छ ।
- चुहावट हुने जोखिम प्रतिशत कम छ ।
- यसको टिकाउपन लामो अवधिको हुन्छ ।
- यो पूर्णतया स्वास्थ्यप्रद छ ।

सधैं सम्झनुहोस्

## मुक्तेश्वर पाईप ई.प्रा.लि.

(चिराग उद्योग समूह)

पो.ब.नं. ११४९१, पुतलीसडक
फोन नं.: ४२०७७३
फ्याक्स: ४२१९४५


**उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !**



न्याय, स्वतन्त्रता र समानताको पक्षपाती तथा स्थानीय विकासमा प्रतिबद्ध ने.क.पा. (एमाले)लाई

# धनगढी नगरपालिकामा

अभूतपूर्व विजय प्रदान गर्नु हुने
सम्पूर्ण धनगढी नगरवासीहरुमा
हाम्रो हार्दिक आभार व्यक्त गर्दछौं ।



प्रमुख
**खेमराज पाण्डेय**
धनगढी नगरपालिका

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२


# Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

A different world




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

RADO
Switzerland

*Authorised Sales & Service Centre*

**SULUX CENTRE**

Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*

24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)